# धादिङ जिल्लामा प्रचलित नेपाली लोकगीतहरुको संङ्कलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र

सङ्कायको नेपाली केन्द्रीय विभागअन्तर्गत

स्नातकोत्तर तह दोस्रो वर्षको दसौं

पत्रको प्रयोजनका निमित्त

प्रस्तुत

## शोधपत्र


शोधार्थी

विमला श्रेष्ठ

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०६५

# धादिङ जिल्लामा प्रचलित नेपाली लोकगीतहरुको संङ्कलन, वर्गीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायको नेपाली केन्द्रीय विभागअन्तर्गत
स्नातकोत्तर तह दोस्रो वर्षको दसौं
पत्रको प्रयोजनका निमित्त
प्रस्तुत

## शोधपत्र


शोधनिर्देशक

प्रा. घनश्याम उपाध्याय कडेँल
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर ।

शोधार्थी

विमला श्रेष्ठ
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

२०६५

# विषयसूची

## पहिलो परिच्छेद


१ शोध परिचय १–४

१.१ शोधशीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ विषय परिचय १

१.४ समस्याकथन १

१.५ शोधकार्यको उद्धेश्यहरु २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधकार्यको औचित्य ३

१.८ शोधकार्यको सीमाङ्कन ३

१.९ शोध विधि ३

१.९.१ पुस्तकालयीय विधि ४

१.९.२ क्षेत्रीय विधि ४


## दोस्रो परिच्छेद


२. धादिङ जिल्लाको संक्षिप्त परिचय ५ - १४

२.१ विषय प्रवेश ५

२.२ नामाकरण ५

२.३ धादिङ जिल्लाको ऐतिहारिक महत्त्व ५

२.४ भौगोलिक-प्राकृतिक अवस्था ६

२.५ धादिङको महत्त्वपूर्ण सांस्कृतिक स्थलहरु ७

२.५.१ त्रिपुरासुन्दरी ७

२.५.२ गंगा-जमुना ८

२.५.३ ज्वालामुखी माई ९

२.५.४ भैरवीथान ९
२.५.५ गुप्तेश्वरी गुफा १०
२.५.६ तेह्रतले गुफा १०
२.५.७ मण्डली माई ११
२.५.८ मैदी कोट ११
२.५.९ पशुपतिनाथको मन्दिर १२
२.५.१० गल्छी र महेश दोभान १२
२.६ लोकगीतको क्षेत्रमा धादिङ जिल्लाको योगदान १३

## तेस्रो परिच्छेद

**३. नेपाली लोकगीतको सैद्दान्तिक परिचय १५ - ३३**
३.१ लोकसाहित्य १५
३.२ लोकसाहित्यको विविध विधा १६
३.२.१ लोकगीत १६
३.२.२ लोककथा १७
३.२.३ लोकगाथा १७
३.२.४ लोकनाटक १७
३.२.५ गाउँखाने कथा १७
३.२.६ उखान १७
३.२.७ टुक्का १८
३.३ लोकगीतको परिचय १८
३.४ लोकगीतको विषेशता २०
३.४.१ अपौरुषेय २१
३.४.२ सामुहिक भावभूमि २१
३.४.३ सहज र स्वभाविकता २१
३.४.४ मौखिक श्रुतिपरम्परा २२

३.४.५ मौलिकता र सरलता २२
३.४.६ प्रकृति चित्रण २२
३.४.७ कथन विविधता २२
३.४.८ स्वच्छन्दता २३
३.५ नेपाली लोकगीतको तत्त्व २४
३.५.१ संरचना २४
३.५.२ लय २४
३.५.३ गेयता २४
३.५.४ कथनपद्धति २५
३.५.५ भाषा २५
३.५.६ भाव २५
३.६ नेपाली लोकगीतको वर्गीकरण २६
३.७ नेपाली लोकगीतको अध्ययन परम्परा ३०

## चौथो परिच्छेद

**४. धादिङ जिल्लाका लोकगीतहरुको सङ्कलन र वर्गीकरण ३४ - ९९**
४.१ धादिङ जिल्लाको लोकगीतहरुको सामान्य परिचय ३४
४.२ धादिङ जिल्लाका लोकगीतको सङ्कलन र वर्गीकरण ३५
४.२.१ जातिका आधारमा ३५
४.२.२ कार्यका आधारमा ३६
४.२.३ उमेरका आधारमा ३६
४.२.४ प्रस्तुतिकरणका आधारमा ३६
४.२.५ लय/छन्दका आधरमा ३७
४.२.६ रस भावका आधारमा ३७
४.२.७ विषयवस्तुका आधारमा ३७
४.३ वर्गीकरणका प्रकार ३७

४.३.१ संस्कार गीत ३८
४.३.१.१ भार बाँध्दा र गणेश बाट्दा गाइने माहल ३९
४.३.१.२ व्रतबन्धको माहल ३९
४.३.१.३ विवाहको अवसरमा गाइने माहल ४०
४.३.१.४ खाँडो गीत ४१
४.३.१.५ रत्यौली गीत ४२
४.३.२ ऋतु पर्वगीत ४५
४.३.२.१ तीजको गीत ४७
४.३.२.२ भैली गीत ५१
४.३.२.३ देउसी गीत ५४
४.३.२.४ मालश्री/मालसिरी ५८
४.३.२.५ चाँचरी ६०
४.३.३ व्रत उत्सव तथा नृत्यगीत ६३
४.३.३.१ भजन /कीर्तन ६३
४.३.३.२ घाटु ६९
४.३.३.३ सोरठी ७२
४.३.३.४ मारुनी ७५
४.३.४ श्रमगीत ७६
४.३.४.१ असारे गीत ७७
४.३.४.२ साउने गीत ७८
४.३.४.३ दाइँ गीत ७९
४.३.५ बाह्रमासे गीत ८२
४.३.५.१ दोहरी ८३
४.३.५.२ चुड्का ८५
४.३.५.३ झ्याउरे ८६
४.३.५.४ सेलो ८७

४.३.५.५ घाँसे ८९
४.३.६ विविध गीत ९१
४.३.६.१ बालगीत ९१
४.३.६.२ सिलोक ९४
४.३.६.३ हरियाली भजन ९७

## पाँचौ परिच्छेद

**५. धादिङे लोकगीतका प्रमुख प्रवृति एवम् विशेषता १०० - ११८**
५.१ सामाजिक चित्रण १००
५.२ आर्थिक चित्रण १०३
५.३ राजनैतिक चित्रण १०४
५.४ धार्मिक चित्रण १०६
५.५ प्राकृतिक चित्रण १०८
५.६ रस भाव ११०
५.६.१ श्रृंगार रस ११०
५.६.२ करुण रस १११
५.६.३ हाँस्य रस ११२
५.६.४ शान्त रस ११३
५.७ आलङ्कारिकता ११४
५.७.१ शब्दालङ्कार ११४
५.७.१.१ छेकानुप्रास ११४
५.७.१.२ वृत्यानुप्रास ११५
५.७.१.३ अन्त्यानुप्रास ११५
५.७.२ अर्थालङ्कार ११६
५.७.२.१ उपमा अलङ्कार ११६
५.७.२.२ रुपक अलङ्कार ११६

५.७.२.३ दृष्टान्त अलङ्कार ११७
५.७.२.४ स्वभावोक्ति अलङ्कार ११७
५.७.२.५ अतिशयोक्ति अलङ्कार ११८

## छैटौं परिच्छेद

६. उपसंहार ११९

**सन्दर्भसूची** १२१

## परिशिष्ट

**१. विविध लोकगतिको सङ्कलन** १२३-१३०
**२. तस्वीरसूची** १३१-१३५

# सङ्क्षेपीकृत शब्दसूची

गा.वि.स. – गाउँ विकास समिति

दो. सं.– दोस्रो संस्करण

द्वि.सं – दोस्रो संस्करण

सम्पा –सम्पादक

पृ–पृष्ठ

कि. मि. –किलोमिटर

ने. रा. प्र .प्र .–नेपाल राष्ट्रिय प्रज्ञा-प्रतिष्ठान

त्रि. वि. –त्रिभुवन विश्वविद्यालय

ल. पु.– ललितपुर

इ–इस्वी सम्वत्

वि. सं. –विक्रम सम्वत्

डा.–डाक्टर

प्रा. -प्राध्यापक

सहप्रा–सहप्राध्यापक

# शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरका छात्रा विमला श्रेष्ठले स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि **धादिङ जिल्लामा प्रचलित नेपाली भाषाका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नु भएको हो । स्थलगत भ्रमण र अध्ययनका आधारमा सामाग्री सङ्कलन गरी तयार पारिएको यस शोधपत्रप्रति म पूर्ण रुपमा सन्तुष्ट छु र उचित मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मितिः २०६५।०१।१५

प्रा. घनश्याम उपाध्याय कडेँल
नेपाली केन्द्रीय विभाग
त्रि. वि. कीर्तिपुर

# कृतज्ञता–ज्ञापन

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निमित्त प्रस्तुत शोधपत्र तयारी गर्ने क्रममा शारिरीक अस्वस्थताको बाबजुद पनि आफ्नो अमूल्य समय प्रदान गरी सल्लाह एवम् सुझाब प्रदान गर्नुहुने आदरणीय शोध गुरु प्रा. घनश्याम उपाध्याय कडैँलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधशीर्षक चयन गर्ने तथा शोधप्रस्ताव लेख्ने समयमा समेत आवश्यक सल्लाह एवं सुझाव प्रदान गर्नुहुने गुरु डा. मोतिलाल पराजुलीप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै आफ्नो ज्ञानको पुञ्ज बाँडेर यस तहको शोधपत्र तयार पार्न योग्य बनाउनु हुने नेपाली केन्द्रीय विभागका सम्पूर्ण आदरणीय गुरु गुरुआमाप्रति हार्दिक कृतज्ञता ज्ञापन व्यक्त नगरी रहन सक्दिन ।

तिमीले स्नातकोत्तर तहको अध्ययन पूरा गर्नु पर्दछ भनेर सधैँ अध्ययनका लागि हौसला प्रदान गर्नुहुने माननीय सासंद रामनाथ अधिकारीप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

समय समयमा अध्ययन कार्यको सफलताको लागि आशीर्वचन प्रदान गर्नुहुने मेरा आदरणीय गुरुहरु बद्री दाहाल (भष्मासुर), भुपेन्द्रकुमार श्रेष्ठ, बाबुराम अधिकारी, नवीनवन्धु पहाडीप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा सामाग्री सङ्कलनमा अमूल्य सहयोग प्रदान गर्नुहुने कान्तिपुर पत्रिकाका संवाददाता आदरणीय दाजु राजेन्द्रप्रताप शाह, राजधानी पत्रिकाकी संवाददाता बहिनी सीता अधिकारी, साथी नारायण भण्डारी, चमा सीता श्रेष्ठ, दिदी भगवती अर्याल, देवी ढुङ्गना, सुशीला घिमिरेका साथै लोपोन्मुखमा रहेका नेपाली लोकगीत गाएर यस शोधपत्र तयार पार्न सहयोग गरिदिनुहुने सम्पूर्ण गायक-गायिकाहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयारीका क्रममा अमूल्य आशीर्वाचन प्रदान गर्नुहुने मामा शम्भुकुमार श्रेष्ठ, दाजुहरु गोविन्द श्रेष्ठ, राजेशकुमार श्रेष्ठ, नारायणकुमार श्रेष्ठ, भाउजूहरु कमला श्रेष्ठ, लक्कीश्रेष्ठ, पुनम श्रेष्ठ, दिदी-भिनाजु ईश्वरी श्रेष्ठ, कान्छा श्रेष्ठमा हार्दिक कृतज्ञता ज्ञापन

गर्दछु । साथै अध्ययनका लागि सधैँ हौसला प्रदान गर्दै अनुकूल समय मिलाइ दिनुहुने श्रीमान् भरतबाबु श्रेष्ठप्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी टङ्कणकार्यमा सहयोग गर्नुहुने साथी कोपीला श्रेष्ठप्रति धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधकार्यको समुचित मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौंसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

विमला श्रेष्ठ
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
२०६५

# त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

मितिः २०६५।१।२९

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानवीकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्रा विमला श्रेष्ठले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **धादिङ जिल्लामा प्रचलित नेपाली लोकगीतहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समितिः हस्ताक्षर

१. प्रा. राजेन्द्र सुवेदी (विभागीय प्रमुख) ............................

२. श्री नरेन्द्रराज पौडेल (वाह्य परीक्षक) ............................

३. प्रा. घनश्याम उपाध्याय कँडेल (शोधनिर्देशक) ............................

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक धादिङ जिल्लामा प्रचलित नेपाली लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ विषयपरिचय

लोकगीतको संरचना 'लोक' र 'गीत' दुई शब्दको संयोजनबाट बनेको छ । लोकगीतको संरचनामा निम्न लिखित कुराहरू पाइन्छः कथ्य, भाषा, चरन वा पद, स्थायी र अन्तरा, रहनी, लय र भाका ।[1] अङ्ग्रेजी 'फोक सङ्ग' को पर्यायवाची शब्द लोकगीत हो । नेपाली बृहत् शब्दकोशले लोकगीतलाई समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत भनेर अर्थ्याएको छ ।[2] हिन्दी साहित्यकोशमा लोकगीतका निम्न तीन अर्थ लगाएको पाइन्छ ।

१. लोकप्रचलित गीत

२. लोकनिर्मित गीत

३. लोकविषयक गीत[3]

लोकगीतको व्युत्पत्तिगत अर्थ लोकमा प्रचलित जनताहरूले गरेका लोक जीवनको लयात्मक अभिव्यक्ति भन्ने हुन्छ । यसमा लोकजीवनको दुःख, सुख, हाँसो, खुशीको साथसाथै चालचलन, व्यवहार र मान्यताहरूको चित्रण गरिन्छ ।

## १.४ समस्याकथन

---

[1] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा. लि. थापाथलि, काठमाडौँ, २०५८), पृष्ठ. १३ ।

[2] बालकृष्ण पोखेल र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश,** पूर्ववत्, पृ. ११८८ ।

[3] धीरेन्द्र वर्मा, **हिन्दी साहित्यकोश** - भाग १, दो. सं. (वाराणासी : ज्ञानमण्डल लिमिटेड, २०२०), पृ. ७५० ।

धादिङ जिल्ला लोकगीतका दृष्टिले अत्यन्त वैभवशाली जिल्ला हो । यस जिल्लाले राष्ट्रियस्तरका रेखा शाह, लक्ष्मी शाह जस्ता थुप्रै लोकगायक, गायिकाहरू जन्माएको छ तापनि त्यहाँ प्रचलित लोकगीतहरूको जानकारी नेपाली जनमानसमा नगण्य रूपमा रहेको पाइन्छ । त्यसैले धादिङ जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषणात्मक शोधपत्र निम्नलिखित बुँदाहरूमा समस्या केन्द्रीत रहेको छः

- धादिङ जिल्लामा के कस्ता र कति प्रकारका गीतहरू प्रचलित छन् ?
- धादिङ जिल्लामा प्रचलित लोकगीतहरूमा त्यहाँका जनस्तरको सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक स्थितिको के कस्ता प्रतिबिम्ब भेटिन्छन् ?
- धादिङ जिल्लामा प्रचलित लोकगीतहरूमा त्यहाँका जनस्तरको सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र भौगोलिक स्थितिको के कस्ता प्रतिबिम्ब भेटिन्छन् ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यको उद्देश्यहरू निम्न रहेका छन् :

- धादिङ जिल्लामा प्रचलित लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने ।
- धादिङ जिल्लामा प्रचलित लोकगीतहरूमा प्रतिबिम्बित सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक पक्षका बारेमा अध्ययन गर्ने ।
- धादिङ जिल्लामा प्रचलित लोकगीतहरूले नेपाली लोकगीतका क्षेत्रमा पुऱ्याएको योगदानबारे मूल्याङ्कन गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

लोकगीतको सङ्कलन र अध्ययन राष्ट्रिय तथा क्षेत्रीय स्तरबाट केही मात्रामा भए पनि यस्ता कार्यहरू जिल्ला स्तरबाट पर्याप्त रूपमा भएको पाइँदैन । त्यसैले यस किसिमका कार्यहरू आवश्यक ठानी धादिङ जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने उद्देश्य प्रस्तुत शोधकार्यले राखी लोकगीतसम्बन्धी लेखक, सङ्कलनकर्ता र अध्येताहरूले गरेका पूर्वकार्यहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छः

वि. सं. २०१६ मा धर्मराज थापाबाट **मेरो नेपाल भ्रमण** नामक पुस्तक प्रकाशित भयो । यसमा नेपाली लोकगीतहरू सङ्कलित छन् ।

वि. सं. २०२० मा धर्मराज थापाबाट **हाम्रो लोकगीत** नामक पुस्तक प्रकाशित गरी लोकगीतमा सामाजिक र भौगोलिक पक्षलाई देखाउने काम भयो ।

वि. सं. २०२० मा काजीमान कन्दङ्वाले **नेपाली जनसाहित्य** नामक पुस्तक प्रकाशित गरी पूर्वी नेपालका लोकगीतहरूको विशद् चर्चा गरेका छन् ।

वि. सं. २०३० मा धर्मराज थापाबाट **गण्डकीका सुसेली** नामक पुस्तकमा गण्डकी, लुम्बिनी र धवलागिरी अञ्चलका लोकगीतका भेदहरूका बारेमा विस्तृत विवरण दिने काम भएको छ ।

वि. सं. २०४१ सालमा धर्मराज थापा र हंसपुरे सुवेदीले **नेपाली लोकसाहित्यको विवेचना** नामक पुस्तकको प्रकाशन गरी लोकगीतको वर्गीकरण गर्ने काम गरेका छन् ।

वि. सं. २०५५/५६ मा केशव सुवेदीले **वाङ्मय** पत्रिकामा नेपाली लोकगीत-अध्ययन परम्पराका प्रारम्भिक प्रयासहरू: सर्वेक्षण र विवेचना गरेको छ ।

वि. सं. २०५७ मा कृष्णप्रसाद पराजुलीद्वारा **नेपाली लोकगीतको आलोक** नामक पुस्तक प्रकाशित गरी लोकगीतको सैद्धान्तिक परिचयका साथै लोकगीतको विशद व्याख्या गरेको छ ।

वि. सं. २०५७ मा जीवेन्द्रदेव गिरीद्वारा **लोकसाहित्यको अवलोकन** नामक पुस्तकमा कर्णाली अञ्चलको लोकगीतहरूको विवेचना गरेको छ ।

वि. सं. २०६२ मा सुवी शाहद्वारा **नेपाली लोकगीतको झलक** नामक पुस्तक प्रकाशित गरी देशभर प्रचलित केही लोकगीतहरू सङ्कलन गरी विश्लेषण गर्ने कार्य गरेको छ ।

नेपाली लोकगीतको अध्ययन गर्ने क्रममा चूडामणि वन्धु, तुलसी दिवस, ठाकुरप्रसाद पराजुली, दयाराम श्रेष्ठ, रामदयाल राकेश जस्ता विद्वान्हरूले पनि योगदान दिएका छन् ।

## १.७ शोधकार्यको औचित्य

नेपालको गाउँपाखामा रहेका असङ्ख्य लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण व्यापक रूपमा हुन बाँकी नै छ । यस्ता कार्यलाई आंशिक रूपमा भए पनि परिपूर्ति गर्ने उद्देश्यले धादिङ जिल्लामा प्रचलित लोकगीतहरूलाई लिपिबद्ध गरेर तिनको परिचयलाई राष्ट्रिय स्तर प्रदान गरी नेपाली लोकसाहित्यको ढुकुटी भर्नु नै यस शोधकार्यको औचित्य रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

नेपालको भौगोलिक र क्षेत्रीय विभाजनअनुसार मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने वागमती अञ्चलका आठ जिल्लामध्ये राजधानीको निकट मानिने धादिङ जिल्लामा पचास गा. वि. स. छन् । यस शोधकार्यको सीमाङ्कन भने आँखुदेखि त्रिशुली नदीसम्मको क्षेत्र रहेको छ ।

## १.९ शोधविधि

यस शोधकार्यका लागि निम्नलिखित विधिबाट सामाग्री सङ्कलन गरिएको छः

### १.९.१ पुस्तकालयीय विधि

पुस्तकालयीय विधिअन्तर्गत लोकसाहित्य अन्तर्गत पर्ने लोकगीत सम्बन्धी लेखिएका पुस्तक र पत्रपत्रिका दुवैथरीको अध्ययन गरी सामाग्री सङ्कलन गरिएको छ ।

### १.९.२ क्षेत्रीय विधि

क्षेत्रीय सामाग्री सङ्कलन कार्यअन्तर्गत सम्बन्धित् क्षेत्रमा गएर स्थानीय मेला, पर्व, उत्सव आदिमा उपस्थित भएर र सम्बन्धित गीतका गायकहरूसँग व्यक्तिगत रूपमा सम्पर्क गरेर टेपरेकर्डरका सहायताले गीत सङ्कलन गरिएको छ ।

# दोस्रो परिच्छेद

## धादिङ जिल्लाको संक्षिप्त परिचय

### २.१ विषय प्रवेश

नेपाली लोकगीतको विकास उत्थानको मूल प्रवाहमा अन्य जिल्ला सरह नै धादिङ जिल्लाको पनि योगदान उल्लेखनीय रहेको छ । राष्ट्रिय स्तरका रेखा शाह, लक्ष्मी शाह जस्ता गायिकाहरु जन्माउन सफल यस जिल्लाले सुबि शाह जस्ता लोकगीतको संरक्षण र सम्वर्द्दनमा जुट्नु भएका महान् हस्तीलाई समेत जन्माएको छ । विशेष गरी दोहरी गीत, झ्याउरे गीत, सोरठी, घाटु, तामाङ सेलो जस्ता गीतहरु यस जिल्लामा प्रचलित छन् । यी गीतहरुको चिनारी प्रस्तुत गर्नु अघि धादिङ जिल्लाको संक्षिप्त परिचय दिन सान्दर्भिक ठानी विविध शीर्षक उपशीर्षकमा परिचय दिने जमर्को गरिएको छ । जुन तल प्रस्तुत गरिएको छः

### २.२ नामाकरण

धादिङ जिल्लाको नामाकरणको सन्दर्भमा एउटा जनश्रुति भेटिन्छ । नेपालकै दुर्लभ जाति चेपाङहरुले मान्ने ज्वालादेवीको नामबाट यस जिल्लाको नाम रहन गएको हो । चेपाङहरुको भाषामा 'धा' भनेको 'देवता' र 'दिङ' भनेको आगोको ज्वाला हो । यिनै 'धा' र 'दिङ' को समासबाट यस जिल्लाको नाम रहन गएको हो ।[4]

### २.३ धादिङ जिल्लाको ऐतिहासिक महत्त्व

श्री ५ बडामहाराज पृथ्वीनारायण शाहले नेपाल एकिकरण गर्नु अघि धादिङ जिल्लामा पनि बाइसे चौबिसे राज्य भएको अनुमान यहाँ भएका सल्यानकोट, मैदिकोट, धादिङकोट जस्ता कोटहरुका कारण गर्न सकिन्छ । नेपालको इतिहासमा खासै उल्लेख नपाइने यस जिल्ला पृथ्वीनारायण शाहको एकिकरण अभियानमा गोरखाबाट पूर्व - पश्चिम चढाई गर्दै जाँदा मूलबाटो बन्न पुगेको यस जिल्लाको छुट्टै ऐतिहासिक महत्त्व रहेको देखिन्छ । विशाल नेपाल एकिकरण पश्चात् प. १ नं को नामबाट चिनिने यस जिल्लाले वि.स. २०१८ सालमा राजा

---

[4] जिल्ला विकास समिति धादिङ, **धादिङ जिल्लाको वस्तुगत विवरण** २०५९ श्रावण, पृ .१

महेन्द्रले नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरेपछि मात्र छुट्टै अस्तित्व कायम गरेको हो ।

नेपालको इतिहासमा खासै उल्लेख भएको नपाइने यस जिल्लालाई राष्ट्रनिर्माणका क्रममा भने राष्ट्रनिर्माताहरुले आफ्नो योजना स्थल बनाएका थिए भन्ने कुरा पृथ्वीनारायण शाहको दिव्योपदेशमा भेटिन्छ । त्यस समयमा धादिङ जिल्ला नुवाकोट, काठमाडौं, मकवानपुर र वनारस जाने मूलबाटोको रुपमा प्रयोग भएको पाइन्छ । "थाँ ...... कोटको ठूलो भञ्ज्याङ काटि रातदिन गरि कल्लारिघाट तरि धादिङ उक्लेर चेप्याको षावा लिग्लिग्को आड गरि राषेका मेरा तीन वीर छन तिनलाई बोलाहटको रुका लेखन जैसी भन्दा तिनको नाउँ के के हो भनि सुध्याया र रणजित् वस्न्यात, मानसिं रोकाह, वीरभद्र पाठक मैधिमा रातदिन गरि आइपुक भनी लेषी पठाँया र आइपुगे र तिन छेउ यकान्त ग-यां र भने दिकवन्द सेनसित हाँक दि आँया हानको मनसुवा पनि राषि आँया तिमीहरु क्या भन्छौं भनि मैले भन्दा हान्नुहवस् महाराज भनेर सल्लाह दिया.....[5] " यसबाट के स्पष्ट हुन्छ भने धादिङको मैदीमा बसेर नेपाल एकिकरण गर्ने योजना पृथ्वीनारायण शाहले बनाएका थिए । यसैले गर्दा पनि धादिङ जिल्लाको छुट्टै ऐतिहासिक महत्त्व रहेको पाइन्छ ।

## २.४ भौगोलिक - प्राकृतिक अवस्था

नेपालको पाँच विकास क्षेत्र मध्ये मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने धादिङ जिल्ला एक पहाडी जिल्ला हो । राजधानिको निकट भएर पनि दुर्गम रहेको यस जिल्ला वागमति अञ्चलमा पर्दछ । विभिन्न जात जातिको वासस्थान रहेको यस जिल्लामा आ-आफ्नै किसिमका लोकगीतहरु भेटिन्छन्।

समुद्र सतहबाट करिब ४४८ मिटर अग्लो नदीवेसींदेखी ७४०९ मिटर अग्लो गणेश हिमालसमेत रहेको धादिङ जिल्लाको भौगोलिक अवस्थिति २७°४०" उत्तरदेखि २८°१४"उत्तरी अक्षांस र ८४° ०" पूर्वदेखि ८५° ०" पूर्वी देशान्तर बीच रहेको छ । देशको झण्डै बीच भागमा पर्ने धादिङ जिल्लाको कूल क्षेत्रफल १९२६ वर्ग कि.मि. रहेको छ ।[6] यो क्षेत्रफल नेपालको कूल भू - भागको करिब १.३. प्रतिसत जति देखिन्छ । यस जिल्लाको उत्तरमा चीनको स्वशासित

[5] बालकृष्ण पोखरेलः (सम्पा)"**दिव्योपदेश**" पाँच सय वर्ष ,(द्वि.सं.) साझाप्रकासन २०४३, पृ .१५४

[6] नेपाल डिस्ट्रिक प्रोफाइल : नेशनल रिसर्च एसोसियट्स, सन् १९८२ पृ . ३५२

क्षेत्र तिब्बत जोडिएको छ भने पूर्वमा नुवाकोट, रसुवा, र काठमाडौं, दक्षिणमा मकवानपुर र चितवन, पश्चिममा गोरखा गरी ६ वटा जिल्ला जोडिएका छन् । चीनको सिमाना हुँदै महाभारत श्रृंखलालाई पार गरेर भित्री मदेस छुने नेपालको एक मात्र जिल्ला धादिङ हो । भौगोलिक बनावटको हिसाबले पहाडी जिल्लाको रुपमा चिनिने यस जिल्ला राजधानीसँग जोडिएर पनि अति दुर्गम र विकट मानिन्छ । यस जिल्लामा आँखु, त्रिशुली, बुढीगण्डकी, जस्ता ठूला नदीहरु छन् । यसकासाथै सल्यानटार जस्ता थुप्रै महत्त्वपूर्ण टारहरु पनि छन् । मुख्य गरी तीन किसिमको हावापानी पाइने यस जिल्लाको सबैभन्दा होचो भू-भाग नदी किनारका टार र बेसींहरुमा उष्ण हावापानी पाइन्छ भने त्यहाँबाट उत्तरतर्फ गएपछि क्रमशः समशीतोष्ण र शीतोष्ण हावापानी पाइन्छ । यस जिल्लाको औषत वार्षिक तापक्रम २२° सेल्सियस र औषत वार्षिक वर्षा २११० मिलिमिटर हुने गर्दछ ।

## २.५ धादिङको महत्त्पूर्ण सांस्कृतिक स्थलहरु

धादिङ जिल्लामा थुप्रै महत्त्वपूर्ण सांस्कृतिक स्थलहरु छन् । ती मध्ये त्रिपुरासुन्दरीमाईको मन्दिर, ढोलामण्डलीमाईको मन्दिर, भैरवीनाथको मन्दिर, सिद्देश्वर महादेव, ज्वालामुखी देवीको मन्दिर, गुप्तेश्वर गुफा, तेह्रतले गुफा, गल्छी, महेश दोभान, मैदिकोट, नीलकण्ठ महादेवको मन्दिर गंगाजमुना आदीलाई धार्मिक तथा सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । यस बाहेक पनि यस जिल्लामा प्राप्त भएका पुरातात्त्विक महत्त्वका कागज तथा ताम्रपत्रहरु पुरातत्त्व विभागमा संरक्षित भएको जानकारी पाइन्छ । यस दृष्टिकोणले पनि यस जिल्लालाई अन्य जिल्ला सरह महत्त्वपर्णू मान्न सकिन्छ । यस जिल्लामा रहेका केही सांस्कृतिक स्थलहरुको परिचय क्रमशः तल प्रस्तुत गरिएको छ ।

### २.५.१ त्रिपुरासुन्दरी

यो मन्दिर सल्यानकोट गा.वि.स.को वडा नं ५ मा अवस्थित छ । अन्य देवी देवताको भन्दा भिन्दै विशेषता रहेको यस मन्दिरमा रहेकी देवीलाई ६ महिना माइती (कोट) मा र ६ महिना घर (वेंसी)मा राखिन्छ । यस मन्दिरकी देवीको मूर्तिको स्वरुप कस्तो छ भन्ने कुरा स्वयं त्यस मन्दिरको पुजारीलाई पनि थाहा छैन कारण मूर्ति परापूर्वकालदेखी नै बाकसभित्र भएकोले र मूर्तिलाई हेरेमा अनिष्ट हुने किंवदन्ति रहेकोले हो । देवी त्रिपुरासुन्दरीमाईलाई भेट्ने इच्छा

महाराजधिराज पृथ्वीनारायण शाहले प्रकट गर्दा सपनामा देवीले पुजारीको छोरीको रुपमा दर्शन दिएको कुरा स्वयम् पृथ्वीनारायण शाहले दिव्योपदेशमा उल्लेख गरेका छन् ।

"उप्रान्त रणजित वस्न्यात, मानसिं रोकाह वीरभद्रपाठक यिनलाइ गौन्टाको विराइ लिग्लिग्को आडमा राषि म पनि सल्यान्कोटको देवी साछ्यात छन् भनि भन्दछन् म पनि सायत गरि जान्छु 'भनि विदा गरायां र सायत गरि म पनि गत्रुँ । र वारिमा थर्पु प-यो । र सल्यानकोट थरघर बराहा उमराउहरु सित सुधात्रा, 'माईको दर्सन गर्नु हुन्छ कि ?' भन्दा 'भित्र दर्सण पुजाहारी टहलुवालाई मात्रै दर्सन गर्नु हुन्छ जो हुकुम्' भन्या र 'ढोकामा ता हुन्छ कि' भन्दा 'ढोकामा ता हुन्छ' भन्या र साँझ विहान ढोका सम्म जाइ पुजा जप् दर्शन गर्थ्या । र यक दिनका रातमा सोपना भयो र दुइ हातमा षड्क लियाकि सात आठ वर्षकी कन्या कुसुम्या पछिउराको घुगूटि मारि मछेउ आइन् र मैले सोध्यात्रा 'तिमि कसकी छोरी हौ ? भनि मैले भन्दा 'पुजाहारी रानाकी छोरी हुँ' भनिन् र उ दुवै खड्क मेरो हातमा दिन् र आरसि प्रमानको लाल टलबल गर्थ्यो, षोकिलाबाट झिकी मुष सम्ममा ल्याइ यो पनि निल भनिन् । र 'तमरो मन कान्छ्या पु-याइ दियाको छ, म पनि केही माँग्छु  थपि जाउ' भनि जसै दुइ पाइला गैथिन् उसै बेलामा म पनि बिमज्यौ र भानु जैसि कुलानन्द जैसि पुजाहारि रानालाई डाक्या र सोध्यात्रां । जैसिले पनि पुजाहारिले पनि ति माई हुन् दर्सन पाउनु भएछ भन्या र उसैवेलामा धुपदिप धजा नैवेदे नित्य पुजालाई सात राँगा सातै बोका थपि बोर्ला घाटको आम्दानी र घाटै छेउको टार माईलाई सङ्कल्प गरि दियाँ र उसै घरिको सायत गरि रातदिन गरि सरासरी आयाँ । र सिमल चौर चौतारामा थर्पु हालि वस्याको थीया दावा भन्या नुवाकोट वहना भन्या षिंच्यात्को कुलो काटि षेत बिराउनाको गरी राष्याथ्याँ वेत्रावतिको बेनि इन्द्रायिनिका थानमा डुंगा तरि जपपाठलाई जान्थ्याँ । ध्यान भन्या सल्यान्कोटकी देवीको र इन्द्रायनि भैरवीको गर्थ्या ....[7]'

यसपछि राजा पृथ्वीनारायण शाहले थुप्रै गर गहना चढाएर गएका थिए रे भन्ने किम्बदन्ती अहिले पनि सुनिन्छ । यसका अतिरिक्त यो मन्दिर रहेको ठाउँ प्राकृतिक रुपले पनि अति नै मनोरम छ । यस मन्दिर रहेको ठाउँ उच्च भएकोले गर्दा यहाँबाट दक्षिणपट्टी रहेको

[7] बालकृष्ण पोखरेलः (सम्पा) **"दिव्योपदेश"** पाँच सय वर्ष, पूर्ववत्, पृ .१५६

नागवेली आकारले बगेको आँखु नदी, समतल सुकौराको फाँट र उत्तरतर्फ रहेको उच्च हिमश्रृंखलाहरु प्रष्ट रुपमा नियाल्न सकिन्छ ।

### २.५.२ गंगा जमुना (आबुथुम लेक)

यो लेक धादिङ जिल्लाको फुलखर्क गा.वि.स.को वडा नं ४ मा पर्ने ढाँडखर्कको सिरानमा छ । पहाडको उच्च स्थानमा रहेको दक्षिण मोहडा फर्केको अत्यन्तै भिरालो जमिनको सतहमा रहेको यो लेक समुद्र सतहबाट ३३५४ मि.उचाइमा रहेको छ । यस लेकको उच्चसमस्थलीमा करिब ५०० वर्ग मि. मा फैलिएको एउटा सुन्दर दह छ । त्यो दहबाट निष्काशित भएर दक्षिणतिर दुईवटा झर्ना झरेका छन् । मुहानबाट करिब १५० मिटर तल खसेको यो झर्ना अति मनमोहक देखिन्छ । झर्ना नजिकैको पहरामा सुन्दर दुईवटा मूर्ति छन् ।जसलाई गंगा जमुनाको नामबाट पुकारिन्छ । यस लेकमा नुहाएमा परलोक सुधारहुनुका साथै कुकुरले टोकेको मानिसहरुले एकपटक यहाँ नुहाउनुनै पर्छ भन्ने जनविश्वास पाइन्छ ।[8] यस लेकमा खास गरी एकादशीमा भव्य मेला लाग्दछ ।

### २.५.३ ज्वालामुखी माई (ज्वालादेवी)

धादिङ जिल्लामा बसोवास गर्ने चेपाङ जातिको इष्ट देव मानिने ज्वालादेवीको मन्दिर धादिङ जिल्लाको मुरलीभञ्ज्याङ गा.वि.स.को वडा नं ८ मा पर्दछ । यस मन्दिर समुद्र सतहबाट करिब ४२०० फिट उचाइमा रहेको छ । ज्वालादेवीको मूर्तिको आसपास उनका गणका मूर्तिहरु छन् । यस मन्दिरको बाहिरपट्टि पं. दैवज्ञकेशरी अर्ज्यालले १८५७ मा चढाएको ३२ धार्नी तौल भएको ढलौटको घण्ट अहिले पनि छ । पहिले त्यहाँ विशाल ढलोटको सिंहको मूर्ति भएको र पञ्चायत कालमा त्यस मूर्ति चोरी भएपछि त्यस ठाउँमा ढुङ्गाको मूर्ति प्रतिस्थापन गरिएको छ । यस मन्दिरमा खास गरेर नियमित पूजा बाहेक पञ्चमी, पूर्णिमा, नवरात्री आदीका दिन भक्तजनहरुको भीड लाग्ने गर्दछ । यस मन्दिरमा प्राप्त भएको ताम्रपत्र आज पनि राष्ट्रिय अभिलेखालयमा सुरक्षित छन् । जसको केही नमुना यस प्रकारका छन् ।

'भक्त्या सिंहो न्यवेदि त्रिभुवन नमिते ज्वालिके प्रीतयते
भक्तं दीनं वरेप्सुं चरण शरणगं पाहिमातर्नमस्मते॥१॥"

---

[8] जीवेन्द्र सिंखडा, "धादिङ छोटो चिनारी " चिनारी वर्ष ३ अङ्क २, धादिङ मिलन केन्द्र काठमाडौं २०४६ पृ. ९

चीफ कर्णेल भनी बडा भगत श्री गंगा बहादुरले ।

उण्डैस्सौ छयासी सम्बत् यहाँ अपर्ण गरे प्रीतिले ॥

हे ज्वालामुखी माई यो हजुरका सिहै चरण्म रहोस ्।

वर् इच्छा गरी भक्त छु चरणमा रक्षा सँदा गर्नुहोस् ॥"[9]

यसबाट के प्रष्ट हुन्छ भने चोरीएको उक्त ढलोटको सिंहको मूर्ति चीफ कर्णेलले १९८६ मा चढाएका थिए । यस ताम्रपत्रमा उल्लेखित भाषालाई हेर्दा त्यस समयमा नेपाली भाषा परिष्कृत भैसकेको देखिदैन ।

## २.५.४ भैरवी थान (कोट भैरवी )

धादिङ जिल्लाको पुरानो सदरमुकाम अर्थात हाल सुनौला बजार मानिने पुरानो धादिङमा कोट भैरवीको मन्दिर छ । यस जिल्लाको सदरमुकाम धादिङ वेंसीबाट करिब ३ घण्टा पैदल यात्रा गरेपछि यस मन्दिरमा पुग्न सकिन्छ । यस मन्दिरमा नियमित पूजा गर्ने परम्परा छ । विशेष गरी फुलपातिको दिनमा भने भक्तजनहरुको ठूलो भीड यहाँ लाग्दछ । यस मन्दिरको नियमित पूजाको लागि गुठीको पनि व्यवस्था गरिएको छ । भैरवीनाथ मन्दिरको दक्षिणतर्फ नेवारपानी भन्ने गाउँ छ । त्यस गाउँमा एउटा सुकेको पोखरी छ । जसलाई मल्ल पोखरी भन्ने गरिन्छ । यस पोखरी नजिकै कर्णेश्वर महादेवको मन्दिर पनि छ । जहाँ काजी भीम मल्लले एउटा गढी बनाएका थिए भन्ने किम्बदन्ती पाइन्छ । यस वरपर छरिएका पुराना इँटका टुक्रा र कलात्मक पर्खालका भग्नावशेषले पनि यो कुरा पुष्टि गर्दछ ।

## २.५.५ गुप्तेश्वरी गुफा (महादेवस्थान पाउद्वार)

प्रकृतिद्वारा निर्मित यो गुफा धादिङ जिल्लाको सुनौला बजार गा.वि.स. को वडा नं ९ को मूलावारी गाउँमा अवस्थित छ । यो गुफा चुनेढुङ्गाबाट निर्मित छ । यस गुफाभित्र गुप्तेश्वर महादेवको मूर्तिका साथै थुप्रै जीवहरुसँग मिल्ने आकृतिहरु छन् । हिमयुगका मानिसहरुको वासस्थान हुन सक्ने अनुमान गरिएको उक्त गुफा दुई खण्डमा छ । गुफाको भित्री खण्डको पहरोमा महादेवको मूर्ति छ । यसैको माथिल्लो खण्डमा गाईको थुन आकारको थुनहरु छन् । जसबाट चुने पानी शिवलिङ्गमा खस्दछ । यहाँ नियमित रुपमा पुजा गर्ने प्रचलन नभए पनि

[9] प्राचीन नेपालः पुरातत्वविभागको मुखपत्र, संयुक्ताङ्क ३०-३९ पृ. ३३

शिवरात्री, श्रीपञ्चमी, पूर्णिमा, ठूलो एकादशी आदीमा भने भक्तजनहरुको ठूलो भीड लाग्ने गर्दछ । गाई बन्ध्या भएमा (बैलिएमा) यहाँ दूध, दाम्लो चढाइ दिएमा ब्याउँछ भन्ने जनविश्वास पाइन्छ । यस गुफालालाई धार्मिक र सांस्कृतिक दृष्टिले मात्र महत्त्वपूर्ण नमानी प्राकृतिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ । यहाँबाट त्रिशुली लगायतका विभिन्न स्थानहरुको मनोरम दृश्यहरु नियाल्न सकिन्छ ।

## २.५.६ तेह्रतले गुफा

सर्वप्रथम २०४८ साल कार्तिक ६ गतेका दिनमा धादिङ जिल्लाको खाल्टे गा. वि. स. मा पर्ने बसाह गाउँका मेघ बहादुर गुरुङले उक्त गुफा पत्ता लगाई गुफाभित्रका विविध कुराका बारेमा जानकारी हासिल गरेका थिए ।[10] यो गुफा भएको ठाउँलाई यहाँका वासिन्दाहरु स्याल डाँडाँका नामले पुकार्दछन् । गुफाको बाहिरी भागको टुप्पोमा रहेको विशाल चट्टानलाई नागढुङ्गो भन्ने गर्दछन् । समुद्र सतहबाट करिब ४९६० फिटको उचाइमा रहेको उक्त गुफाभित्र तेह्रवटा तला छन् । गुफाभित्र चमेराहरु प्रसस्त मात्रामा भेटिने हुनाले यस गफुालाई चमेरे गुफा पनि भन्ने गरिन्छ । गुफाभित्र निकै अध्यारो भएकोले गर्दा टर्च वा लाल्टिन बालेर मात्र हिड्न सकिन्छ । यस गुफाभित्र विभिन्न किसिमका आकृतिहरु देखिन्छन् । ती आकृतिहरु विशेष गरी हात्ती, मृग, गाई, गाईका थुन, शिव लिङ्ग, गणेश आदीसँग मिल्दा जुल्दा देखिन्छन् । हिउँका घर जस्तो लाग्ने यो गुफालाई आदिम मानवको निवासस्थल भएको अनुमान गरिएको छ ।

## २.५.७ मण्डली माई

धादिङ जिल्लाको ढोला गा.वि.स.को वडा नं २ मा रहेको यो मन्दिर धार्मिक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ । नियमित पूजा गर्ने व्यवस्था गरिएको यस मन्दिरमा पूजा गर्नका निम्ति मगर जातिका किशोर पुजारीको व्यवस्था गरिएको छ । अन्य मन्दिरमा भन्दा छुट्टै विशेषता रहेको यस मन्दिरमा महिलालाई जान वञ्चित गरिएको छ । बाखाको पाठी भोग लाग्ने यस मन्दिरमा देवीको पूजा गरिन्छ । महिलाहरुले मन्दिर पट्टी फर्केमा पनि अनिष्ट हुन्छ भन्ने जनश्रुति पाइए अनुसार आजसम्म पनि महिलाहरु देवीको दर्शन गर्न गएको थाहाँ पाइदैन । विशेष गरी  मङ्गलवार भीड हुने यस मन्दिरको खास विशेषता के हो भने

[10] साधना (मासिक) अङ्क ६, (काठमाडौं : कामना प्रकासन, २०४९ पृ.६-१२)

भोग चढाए पछिको मासु घर फर्काएर लैजान नहुने हुँदा पूजा गर्न जाने घरको मान्छेले आफ्ना छिमेकीहरुलाई निम्तो गरी मन्दिर नजिकैको खोलामा पकाई खाएर आउँछन् । जसले यस मन्दिरलाई सम्झेर भाकल गर्छन् उसको मनोकामना पुरा हुन्छ भन्ने जनविश्वास आज पनि यस भेगमा विद्यमान रुपमा रहेको पाइन्छ ।

## २.५.८ मैदी कोट

धादिङ जिल्लाको मैदी गा. वि. स. को वडा नं ४ मा रहेको मैदीकोटलाई एउटा ऐतिहासिक स्थलको रुपमा मानिन्छ । समुद्र सतहबाट करिब ४१८३ फिटको उचाइमा रहेको यस कोटमा कोट भैरवीको (खड्गदेवी) को मन्दिर छ । मन्दिरभित्र अष्टभुजा भैरवीको सुन्दर मूर्ति देख्न सकिन्छ । त्यस वरिपरि अन्य देवदेवीको मूर्तिहरु पनि छन् । पहिले यहाँ शिवालय, फूलवारी, दरबार आदी थिए भनिन्छ । यहाँ एउटा भीमसेन स्थान पनि छ । मैदीमा रामशाहका भाइ दलुशाहको दरबार थियो र राजा पृथ्वीनारायण शाहको उपनय पनि यसै ठाउँमा भएको जनश्रुति पाइन्छ । पृथ्वनिारायण शाहको उपनय गर्दा प्रयोग गरिएको सुरो पहिले यहाँ भएको र अहिले त्यो चोरी भएको उल्लेख पाइन्छ । यहाँ रहेको भीमसेन स्थानको शिलालेखमा केही श्लोकहरु कुँदिएका छन् । जसको केही नमुना तल प्रस्तुत गरिएको छ ।

"अठार सय चौवन्न गयौ श्री विक्रम नृप सहकाल ।
चैत्र शुक्ल द्वादशी रह्यो भीमसेन स्थान ॥
रणबहादुर महाराज मनिजहर सिंहको द्वारपाल ।
कौशिक गौत्र मौं उत्पन्न शुकदेव जहेरसिंह अवतार ॥
श्री शाके १७१९ संत् १८
५४ साल गये महाचक्रसिंह बस्न्यात जेठा बुढा थिया शुभम् ॥ [11]

यसबाट के पुष्टि हुन्छ भने श्री ५ रणबहादुर शाहका द्वारपाल मनिजहरसिंहद्वारा उक्त शिलालेख तयार पार्न लगाएको देखिन्छ । ऐतिहासिक दृष्टिकोणबाट महत्वपूर्ण रहेको यो स्थान उचित संरक्षणको अभावमा जीर्ण हुँदै गएको छ ।

[11] प्राचीन नेपालः पुरातत्वविभागको मुखपत्र, संयुक्ताङ्क ३०-३९ पृ. ३२

## २.५.९ पशुपतिनाथको मन्दिर

यो मन्दिर साङकोष गा. वि. स. को वडा नं ३ मा अवस्थित छ । धादिङवेंसी बजार नजिकै पर्ने यो मन्दिर ऐतिहासिक नभए पनि यस क्षेत्रको प्रसिद्द तीर्थ स्थल बनेकोले ऐतिहासिक बन्दै गइरहेको छ । वि. सं. २०३३ सालको बालाचतुर्दशीका दिन शतबीज छरेर उद्घाटन गरिएको यो मन्दिर करिब १३ रोपनि क्षेत्रफलमा फैलिएको छ । नियमित पूजाको व्यवस्था नभैसकेको यस मन्दिरमा विशेष गरेर शिवरात्री, बालाचतुर्दशी, पञ्चिमी, एकादशी, जनैपूर्णीमा आदीका दिन भीड लाग्ने गर्दछ । यसका अतिरिक्त आजभोली विवाह व्रतबन्ध सम्पन्न गर्नका निमित्त पनि भीड लाग्ने गर्दछ । यस मन्दिरको पश्चिममा आँसी खोला र पूर्वमा बिन्दुकेशरी खोला बग्दछ । मन्दिरभन्दा केही तल यी दुई खोलाको संगम स्थल छ भने यो ठाउँ यस क्षेत्रको आर्यघाट बन्न पुगेको छ ।

## २.५.१० गल्छी र महेश दोभान

धादिङ जिल्लाको वैरेनी गा. वि. स. मा रहेको त्रिशुली नदी र महेश खोलाको हालको संगमस्थललाई गल्छी भनिन्छ र पुरानो दोभानलाई महेश दोभान भनिन्छ । डाँडो काटेर गल्छेडो बनाएकोले त्यस ठाउँलाई गल्छी भनेको हो । पुरानो महेश दोभान चाहिँ महादेवस्थानमा छ । बगैंचा र कुटी समेत रहेको यो स्थान वरिपरि भिरालो चौर छ । यहाँ एकादशीका दिन मेला लाग्दछ । ऐतिहासिक तथा धार्मिक – सांस्कृतिक हिसाबले पनि यी ठाउँ उल्लेखनीय मानिन्छन् । हालको गल्छी दोभानदेखी महेश दोभानसम्म फाटँ छ करिब २ कि. मि. क्षेत्रको दूरीमा रहेका यी दुई दोभान नजीकैबाट पृथ्वीराजमार्ग गएको छ । अतः पृथ्वीराजमार्ग हुँदै यात्रा गर्ने जो कोहीलाई यी ठाउँबारे जिज्ञासा उठ्न सक्छ र गल्छीको रहस्य जान्न मन लाग्न सक्छ । महेश खोलालाई करिब दुई कि. मि. माथि नै डाँडो काटेर त्रिशुलीमा खसालिएको यो गल्छी निर्माणको आफ्नै इतिहास छ । वि.सं. १९०३/४ सालतिर राणा प्रधानमन्त्री जंगबहादुरको पालामा फौदसिंह नामका एकजना कर्णेलले यसको निमार्ण गरेका हुन् भन्ने गरेको पाइन्छ । आफ्नो सैनिक जीवनमा सामान्य त्रुटिका कारण जंगबहादुरको कोपभाजन भई जागिर खोसिएका कर्णेल फौदसिंह बिना कसुर ठूलो सजाँए पाएको महसुस गर्दै बरालिदै त्यस ठाउँमा पुगेछन् त्यहाँ पुगेर उक्त ठाँउको अवलोकन गर्दा गल्छी काटेर महेश खोलालाई त्यहींबाट त्रिशुलीमा खसाउन सकिने सम्भावना देखेपछि उनी एक्लैले गल्छी काट्न थालेछन् त्यहाँ वरपरबाट हेर्न आउने सबैलाई

आफ्नो कुरा बताएपछि उनलाई सबैले सहयोग गरेकोले केही महिनामै गल्छी काट्ने काम पुरा भएछ । यसरी अन्ततः महेश खोलालाई त्यही गल्छीबाट त्रिशुलीमा खसालेर उनले सन्तोषको सास फेरेछन् । फौदसिंहको बहादुरीपूर्ण यस कामको चर्चा सर्वत्र हुन थालेपछि राणा प्रधानमन्त्री जंगबहादुरको कानमा पनि यो समाचार परेछ । कर्णेल फौदसिंहले गल्छी निमार्ण गरेको हल्ला सुनेपछि त्यस ठाउँमा हेर्न पुगेका जंगबहादुरले उसको साहसिक कामको प्रसंसा गर्दै पुनः जागिर थमौति गराएका थिए भन्ने किंम्बदन्ति पाइन्छ । यसै कारणले गर्दा गल्छीलाई एउटा साहसिक इतिहास बोकेको ऐतिहासिक स्थल मानिन्छ ।

## २.६ लोकगीतको क्षेत्रमा धादिङ जिल्लाको योगदान

राजधानीसँग निकट रहेर पनि दुर्गम जिल्लाको रुपमा चिनिने धादिङ जिल्लामा जम्मा ५० गा. वि. स. छन् । २०५८\२०५९ को जनगणना अनुसार कूल क्षेत्रफलको करिब ३६ प्रतिशत जनता मात्र शिक्षित रहेको यस जिल्लामा मुख्य गरी तामाङ, गुरुङ, मगर, नेवार, वाहुन, क्षेत्री, दमाई, कामी, सार्की, चेपाङ, कुमाल आदी जातजातीका मानिसहरु बसोबास गर्दछन् । आफ्नो जात अनुसारको भाषा, धर्म, संस्कृति, रीतिरिवाज भएको यस जिल्लामा कूल जनसंख्या ३,३८,६५८ (२०५८ को जनगणना) मध्ये २,४४,४८८ जनाले नेपाली भाषा बोल्ने गर्दछन् भने बढी बोलिने दोस्रो भाषा चाहिँ तामाङ हो । आफ्नो जातीय भाषा अनुरुपको लोकगीत भएपनि नेपाली भाषाको वर्चस्वको कारणले गर्दा होला जातीय लोकगीतहरु पनि बढि मात्रामा नेपाली भाषामा नै भेटिन्छन् ।

धादिङ जिल्ला विकाशको दृष्टिकोणले पिछिडिएको जिल्ला भए पनि लोकगीतको क्षेत्रमा भने सम्पन्न जिल्लाको रुपमा चिनिन्छ । यस जिल्लाले रेखा शाह, लक्ष्मी शाह जस्ता राष्ट्रिय स्तरका लोक गायिकाको साथै लोकगीतको संरक्षण र संम्वर्द्धनमा लाग्नु भएका महान हस्ती सुबि शाहलाई समेत जन्माएको छ । सुबि शाहले लोकगीतको संरक्षण र संवर्द्धनका निम्ति नेपालका विभिन्न जिल्लामा पुगेर लोकगीतको संङ्कलन गरी तयार पार्नु भएको 'नेपाली लोकगतिको झलक' नामक पुस्तकमा धादिङमा प्रचलित घाँसे, झ्याउरे, मालश्री, चाँचरी, तामाङ सेलो आदी गीत समावेश गरी राष्ट्रिय स्तरमा चिनाउने प्रयास गर्नु भएको छ भने २०४९ सालमा भएको राष्ट्रिय लोकगीत प्रतियोगीतामा 'सिमसिमे पानीमा ज्यानले बेमान गर्छकी जिन्दगानीमा' बोलको गीत गाएर प्रथम हुनु भएकी गायिका रेखा शाहले धादिङमा

प्रचलित विभिन्न भाकाहरु संङ्कलन गरेर सिमसिमे पानी, सुनकोचुरा, सालीभेना नामक गीति क्यासेट बजारमा ल्याइ नेपाली लोकगीतको क्षेत्रमा योगदान पु-याउनु भएको छ । यसै गरी २०५० सालको राष्ट्रिय लोकगीतमा प्रथम हुनुभएकी गायिका लक्ष्मी शाहले पनि 'शिरमा रातो रिबन दुःखी जीवन' गीती क्यासेट बजारमा ल्याउनु भएको छ । उहाँले प्रतियोगीतामा गाउँनु भएको 'शिरमा रातो रिबन दुःखी जीवन' बोलको गीत अति नै चर्चित गीत हो । रेडियो नेपालमा करिब १ दर्जन जति गीत गाइसक्नु भएकी शाहले लोकभाकामा आधारित स्वास्थ्य, शिक्षा सम्बन्धित् थुप्रै सन्देशमुलक गीत पनि गाउँनु भएको छ । गाउँघरमा प्रचलित लोकभाकाहरु संङ्कलन गरी गाउँने यी गायिकाहरुको लोकगीतको क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको छ ।

धादिङ जिल्लामा नेपालकै पहिलो लोकभाकामा आधारित हरियाली भजनको स्थापना २०४६ सालको फागुनमा भएको छ । जसको उद्धेश्य परम्परागत संस्कृतिको संरक्षण तथा प्रकृति तथा वातावरण संरक्षण र संवर्द्धन गर्ने रहेको छ । जम्मा ४३ सदस्य रहेको यो भजन समुहले हालसम्म २५ जिल्लामा आफ्नो भजन प्रस्तुत गरिसकेको छ  भने द्वन्द्व कालमा शान्ति भजन लिएर देशका १० जिल्ला घुमेको थियो । जुन कार्य लोकगतिको लागि मात्र नभइ वन संरक्षण र संवर्द्धनको निम्ति पनि महत्त्वपूर्ण मान्न सकिन्छ ।

तसर्थ नेपाली लोकगीतको  संरक्षण र संवर्द्धनको लागी धादिङ जिल्लाले महत्त्वपूर्ण योगदान खेलेको देखिन्छ तर यस जिल्लाका विभिन्न भाषा भाषि र जात जाति बीच  प्रचलनमा रहेका लोकगीतहरुको वृहत संङ्कलन र विश्लेषण भने हुन सकेको देखिदैन ।

# तेस्रो परिच्छेद

## नेपाली लोकगीतको सैद्धान्तिक परिचय

### ३.१ लोकसाहित्य

'लोक' शब्दको प्रयोग प्राचीन कालदेखि विशिष्ट रूपमा प्रयोग हुँदै आएको देखिन्छ । ऋग्वेद, ब्राह्मणग्रन्थ, उपनिषद् एवम् संहिताहरूमा लोक शब्दलाई सर्वव्यापक तत्त्वका रूपमा स्वीकार गरेको छ । ऋग्वेद र अथर्ववेदमा लोकलाई पार्थिव र दिव्य गरी दुई प्रकार मानेको छ ।[12] वैदिक कालमा आएर यिनै संस्कृत शब्द लोकले दिव्य र पार्थिव दुवैलाई लिएको बुझिन्छ । पौराणिक  कालमा आइपुग्दा यो शब्दले  भारतवर्षका समस्त जनसमुदाय (आर्य-अनार्य) लाई बुझाउँन थाल्यो । अहिल आएर यो शब्दको अर्थ विशेष रूपमा बुझिन थालिएको छ । त्यो हो संवेदना र अनुभूतिशील जनसमुदाय ।[13] वर्तमान समयमा 'लोक' शब्द एउटा पारिभाषिक शब्द बनेको छ । प्रायः विद्वान्हरूले यसलाई साधारण जनमानसको अर्थमा लिन्छन् जसभित्र जाति, वर्ग, धर्म, संस्कृति सबैलाई समेट्ने मानव सम्मिलित छन् । सामान्यतया अङ्ग्रेजी 'फोक' को समानार्थी रूपमा प्रयोग हुने लोक शब्दले संसार वा जगत् भन्ने अर्थ वहन गरेता पनि लोकसाहित्यसँगको यसको अर्थ स्पष्ट गर्दा यसले मानव समाजको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा जीवित रहने वर्गलाई बुझाउँदछ

लोकसाहित्य 'लोक' र 'साहित्य' दुई शब्दको समासबाट निर्मित शब्द हो जसको अर्थ लोकको साहित्य हो ।[14] लोकसाहित्यमा लोक शब्दले जनता वा संसारको अर्थ ग्रहण गर्दछ । साहित्य शब्दले जनताको हितको निम्ति प्रयुक्त शिष्ट अभिव्यक्ति भन्ने अर्थ द्योतन गर्दछ । यसरी लोकसाहित्यको समष्टि अर्थ लोकको निम्ति हित गर्ने लोकजीवनको अभिव्यक्ति भन्ने हुन्छ । कसैकसैले यसलाई ग्रामसाहित्य वा जनसाहित्य  जस्ता शब्दले पुकारेको पनि  पाईन्छ । ग्रामसाहित्य भन्दा ग्रामीण भेकमा बसोबास गर्ने मानिसद्वारा रचिएको र गाउँलेहरूका निम्ति सिर्जना भएको भन्ने बुझिन्छ भने जनसाहित्यले जनताको दुःख व्यक्त गर्ने, शोषण तथा शोषितका व्यथा व्यक्त्याउने अर्थ व्यक्त गर्दछ । तसर्थ यी दुई शब्दहरूले एकाङ्की अर्थ मात्र व्यक्त गर्ने हुँदा पूर्ण रूपमा लोकसाहित्यको अर्थ यी शब्दहरूले वहन गर्न सकेको देखिदैन

[12] सरोजनी रोहतमी, **अवधिका लोकसाहित्य**, (दिल्ली नेसनल पब्लिसिङ्ग हाउस, १९७१,) पृ. १२ ।
[13] धर्मराज थापा, **गण्डकीका सुसेली**, (काठमाडौँ, ने. रा. प्र. प्र., २०३०,) पृ. १३ ।
[14] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, पूर्ववत्, पृ. १३ ।

किनकी लोकसाहित्यले सम्पूर्ण जनमानसका भावना व्यक्त गर्दछ । लोकसाहित्य समाजको मस्तिष्क हो । यो मौखिक रूपले जीवित भइरहेको अलिखित वाङ्मय हो । यसलाई समाजले पुर्ख्यौली साझा सम्पत्तिको रूपमा अङ्गीकार गरिरहेको हुन्छ ।[15] यो मौखिक रूपमा लोकबाट आएको, लोक भावनामा सिर्जना भई लोकमा नै मौलाएको अभिव्यक्ति हो ।यसमा लोकमानसका समस्त क्रिया-प्रतिक्रियाहरू गुन्जन्छन्; लोकको आत्मा बोल्छ ।[16] लोकसाहित्य जनमा फुल्ने सुन्दर फूल जस्तै प्राकृतिक आभाद्वारा आभासित भएको हुन्छ । यो लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित हुन्छ भने मानव मुटुको स्पन्दनबाट निस्कने मीठो आकर्षणमय मौखिक साहित्य नै वास्तविक रूपको लोकसाहित्य हो ।[17]

लोकसाहित्य यस्तो साहित्य हो जुन मौखिक परम्पराबाट हुर्किएको भाषागत अभिव्यक्तिमा जन्मन्छ, मौखिक रूपमा बाँचेको हुन्छ । यसमा लोकजीवनको गुनगुनाहट हुन्छ । यसले जनजीवनका भावनालाई विभिन्न माध्यमबाट अभिव्यक्त गर्दछ ।

## ३.२ लोकसाहित्यको विविध विधा

लोकमानसको शाब्दिक अभिव्यक्ति र लोकानुभूतिको सरल वाणीगत अभिव्यक्ति भएको, निरन्तर परिवर्तनशील, शास्त्रीय बन्धनबाट मुक्त रहेर लोक मर्यादामा आधारित मानव जीवनको हर्ष, विस्मात, सुख, दुःख आदिको चित्रण भएको सहानुभूतियुक्त मौलिक अभिव्यक्तिको रूपमा मानिने लोकसाहित्यले मानवजीवनको हरेक पाटाहरूलाई समेट्छ । लोकसाहित्यभित्र विविध विधाहरू छन् जसलाई विभिन्न विद्वानहरूले आ-आफ्नै ढङ्गबाट वर्गीकृत गरेका छन् । ती सबै विद्वानहरूको दृष्टिकोणलाई ध्यानमा राखी मोटामोटी रूपमा लोकसाहित्यका विधाहरूलाई यसरी वर्गीकरण गर्न सकिन्छ –

(क) लोकगीत (ख) लोककथा (ग) लोकगाथा (घ) लोकनाटक (ङ) गाउँखाने कथा (च) उखान (छ) टुक्का ।

[15] ईश्वर बराल र अन्य, 'सम्पा' **नेपाली साहित्यकोश**, ( काठमाडौँ, ने. रा. प्र. प्र., २०५५) पृ. ४३१ ।
[16] कृष्णप्रसाद पराजुली, **लोकसाहित्य परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार**, कुञ्जिनी, (वर्ष ५,अङ्क ३, २०५४) पृ. १०१ ।
[17] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौँ, विकास केन्द्र, त्रि. वि., २०४१) पृ. ३ ।

### ३.२.१ लोकगीत

लोकगीत लोकसाहित्यको सबैभन्दा लोकप्रिय र सम्पन्न विधा हो । मानिस दुःख, सुखको संवेदनाले आन्दोलित हुँदा अन्जानमै ओठका स्वरहरू खोल्न पुग्छन् । जुन लयबद्ध भई गीतका रूपमा निस्कन्छ र मनलाई आनन्दित तुल्याउँछ । लोकगीतभित्र हामीले गाउँघरमा मेलापात गर्दा, घाँसदाउरा गर्दा, पूजाआजा गर्दा गाउने गरेको रसिया, झ्याउरे, सङ्गिनी, सेलो, सिलोक, देउडा, भजन, असारे, देउसी, भैलो, सवाई, भजन आदि समाविष्ट छन् जसले हाम्रो आँसु-हाँसो, शोक-हर्ष र जीवनका आरोह-अवरोहलाई मीठो लयका माध्यमबाट अभिव्यक्त गर्दछ ।

### ३.२.२ लोककथा

लोकसाहित्यमा लोकगीत पछाडिको लोकप्रिय विधाको रूपमा लोककथालाई लिइन्छ । यो विशेष गरी सुन्ने र सुनाउने कथा हो । कामकाजबाट फुर्सद मिलेपछि साँझमा पिँढीमा, अँगेनोको वरिपरी बसेर आफ्ना सन्तानहरूलाई मनोरञ्जनका साथै अर्ति उपदेश दिने हेतुले यस्ता कथा भन्ने प्रचलन अघि पाइन्थ्यो । यस्ता कथाहरू प्रायः अतिरञ्जनात्मक किसिमका हुन्छन् । मौखिक रूपमा लोकप्रिय बन्दै आएको लोककथाहरू एकादेशबाट सुरु भई सुन्नेलाई सुनको माला भन्नेलाई फूलकोमालामा पुगेर टुङ्गिन्छ ।

### ३.२.३ लोकगाथा

लोकगाथा लोकगीतको बृहत् रूप हो । लोकगाथामा कथात्मक वर्णनले भरिएको लोकगीत हुन्छ जसमा नृत्यात्मकता पनि पाइन्छ । लोकगाथामा कुनै ऐतिहासिक, धार्मिक प्रसङ्ग वा वीर महान् चरित्रको क्रियाकलापहरू अलिखित इतिहासको रूपमा रहेको हुन्छ । लोकगीतको तुलनामा प्रबन्धात्मक भन्न मिल्ने लोकगाथाहरू हामीकहाँ देवगाथा र वीरगाथाका रूपमा प्रचलित छन् ।

### ३.२.४ लोकनाटक

गीत, सङ्गीत र नृत्य जस्ता तीन तत्वहरू समाविष्ट भई गेयात्मक, नृत्यात्मक र अभिनयात्मक हुने विधा लोकनाटक हो । यो अवस्था अनुसार गद्य र पद्य दुवै हुन सक्छ । यसमा श्रव्य र दृश्य दुवै रूपको समागम हुने हुँदा यो अत्यन्त आकर्षक हुन्छ । यसको आयोजना विशेष रूपमा हुने हुँदा अन्य विधाको तुलनामा खर्चिलो र झञ्झटिलो हुन्छ ।

### ३.२.५ गाउँखाने कथा

जिज्ञाशा शमन गर्न, मनोरञ्जन प्राप्त गर्न, बौद्धिक कसरत र बौद्धिक क्षमताको परिक्षण गर्ने विधाको रूपमा गाउँखाने कथा चिनिन्छ । यो प्रश्नोत्तर शैलीमा निर्माण गरिएको हुन्छ । यसले मानिसको बौद्धिक क्षमताको परिक्षण गर्दछ । यो मनोरञ्जनात्मक र कौतूहलपूर्ण हुन्छ ।

### ३.२.६ उखान

लोकजीवनको परिष्कृत अनुभव र विवेकले खारिएको चिन्तनपरक उक्ति उखान हो । हाम्रा उखानहरू हाम्रा पूर्वजहरूका अनुभवका महान् वाणी हुन् जसले हामीलाई जीवनका पाइला -पाइला

मा सही मार्ग निर्देश गर्न मद्दत गर्दछ । यो संक्षिप्त र सुत्रबद्ध हुन्छ ।

### ३.२.७ टुक्का

उखान र टुक्कालाई सँगसँगै सम्बोधन गर्ने प्रचलन भए तापनि वास्तवमा यी दुई विधाका रूप भिन्न हुन्छन् । उखान पूर्ण वाक्य हो भने टुक्का वाक्यांश हो । टुक्का वाक्यकै एक अङ्गका रूपमा प्रयोग हुने हुँदा स्वतन्त्र रूपमा टुक्काको अर्थ स्पष्ट हुँदैन ।

## ३.३ लोकगीतको परिचय

लोक र गीतको संयोजनबाट निर्मित लोकगीत मानिसको दुःख र सुखका समवेदनाले दुखित हुँदै निस्कने रागात्मक र लयात्मक अभिव्यक्ति हो । जुन समयबाट मानिसले भाषालाई अभिव्यक्तिको माध्यमको रूपमा प्रयोग गर्न थाल्यो, त्यसै बेलादेखि नै मानवले आफ्ना भावना र अनुभूतिलाई शब्द र लयका कोमल तरङ्गहरूमा तरङ्गित गर्दै लोकगीतका रूपमा अभिव्यक्त गर्न थाल्यो । लोकगीत कहिलेबाट प्रारम्भ भएको हो भन्ने कुराको प्रमाण नपाइए पनि यसको अस्तित्व खोज्दै जाँदा वैदिक युगभन्दा पनि अगाडि पुग्नुपर्ने हुन्छ जहाँबाट मानवीय अस्तित्वले क्षितिजको ढोका उघारेको थियो ।

पूर्वीय जगत्मा लिखित रूपमा गीति परम्पराको सुरुवात ऋग्वेदबाट भए तापनि सामवेदलाई स्तुतिपरक गीति स्रोतको आरम्भ विन्दु मान्नुपर्ने हुन्छ । डा. बासुदेव त्रिपाठीको विचारमा हाम्रो साहित्य टुप्पैमा पलाएको होइन वैदिक साहित्यपछि हामी शून्यमा रहेनौं-

लोकसाहित्य त्यही वैदिक परम्पराको अविच्छिन्नताको प्रतीक हो ।[18] लोकगीत हाम्रा पूर्वजहरूले हाम्रा निम्ति छाडेर गएको अमूल्य नीधि हो जसका माध्यमले हामी हाम्रो मनका भावनाहरूलाई लयात्मकताका साथ प्रकट गर्दछौँ । “बूढा मरे भाषा सरे”[19] भन्ने पृथ्वीनारायण शाहको उद्‌गार जस्तै लोकगीत पनि एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जान्छ  र यसले समयको अन्तरालसँगै आफ्नो रूपलाई पनि परिवर्तन गर्दै लैजान्छ ।

लोकगीतलाई युगौँदेखि मानिसले आफ्नो सुख-दुःख अभिव्यक्त गर्ने माध्यमको रूपमा प्रयोग गर्दै आएका छन् । यो सरल, सहज र स्वस्फूर्त हुने हुनाले नेपालको डाँडाकाँडा, वनपाखा, भीरपाखा सबै ढाकेको  छ । वसन्तका रमाइला दिन र शरद् मात्र होइन जेठको खडेरी, असार-साउनको झरी, भदौको उखरमाउलो गर्मी, शिशिरको उराठिला दिनमा समेत नेपाली लोकगीत नेपाली जनताको सुख-दुःखको साथी बनेको छ । आफ्नो संस्कृति परिवेशअनुरूप लोकजीवनका अन्तस्करणबाट उदीप्त हुने अनुभूतिका लयात्मक अभिव्यक्ति मानिने लोकगीतलाई नेपाली बृहत् शब्दकोशमा यसरी परिभाषित गरिएको छ -“समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत” ।[20] हिन्दी साहित्याकाशमा लोकगीतको तीन अर्थ लगाएको छ- (१) लोकमा प्रचलित गीत (२) लोकनिर्मित गीत र (३) लोकविषयक गीत । यी परिभाषालाई मध्यनजर गर्दा लोकगीतको व्युत्पत्तिगत अर्थ लोकमा प्रचलित जनताद्वारा निर्माण गरिएको लोकजीवनको लयात्मक र रागात्मक अभिव्यक्ति हुन्छ।

नेपाली लोकगीतका अध्येताहरूले लोकगीतलाई विभिन्न तरिकाबाट परिभाषित गर्ने काम गरेका छन् । लक्ष्मण लोहनीका अनुसार डम्फू, मादल, झ्याली, करताल, खैजडी, मुजुरा, मुर्चुङ्गा, बाँसुरीको रन्कोमा रोदीघरबाट एक डाँडालाई पट्ट पारी कलकलाइ रहेका खोलानालाको अविरल धुनमा वहेलिँदै गएका सुरिला, मधुर कण्ठ, चाङ्बा, साहिँला, साहिँलीका हृदय फुटेर आएका चोखा सङ्गीतमय उद्‌गारलाई हामी लोकगीतको नामले पुकार्दछौँ ।[21] कालीभक्त पन्तका विचारमा लोकगीत त्यो हो जुन गीत कसैका दबाब, धन, बक्सिस र लोभमा समेत नपरी स्वयम् दुखित, उत्पीडित, आक्रान्त, उद्विग्न, सम्भ्रान्त, त्रस्त, जागृत, प्रफुल्लित, हर्षित, संयुक्त र वियुक्तसमेत जो कोही जाति व्यक्ति, लिङ्ग, समाज, जिल्ला, गाउँसमेतका नरनारीले

---

[18] बासुदेव त्रिपाठी, **सिंहावलोकन**, (ल. पु. साझा प्रकाशन, २०२७) पृ. ३ ।
[19] पृथ्वीनारायण शाह, **दिव्योपदेश**, काठमाडौँ , श्री ५ को सरकार शिक्षा मन्त्रालय, पुरातत्व विभाग, पृ. २ ।
[20] बालकृष्ण पोखरेल र अन्य (सम्पा), **नेपाली बृहत् शब्दकोश**, पुर्ववत्, पृ. ११८८ ।
[21] लक्ष्मण लोहनी, **रोदीघर**, (काठमाडौँ, रत्न पुस्तक भण्डार, २०२२),पृ. ८ ।

कुनै पुस्तकको बन्धनमा नपरी बनाएको हो ।[22] चूडामणि बन्धुले लोकगीत भनेको लोकजीवनको दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चालचलन, विधि, व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ भनेका छन् ।[23] टङ्क केसीका अनुसार मातृभाषाको नाताको सुख-दुःखको अनुभव दया, माया, प्रेमभाव अभिव्यक्ति गर्ने काव्यशैली लोकगीत हो । रचना हुनुको सट्टा स्वतः जनहृदयबाट स्फूरित भावना तथा आफ्नै ताल लयमा खोला, चौतारी, डाडाँ, पाखामा गुञ्जिने समाजको ऐना लोकगीत हो ।[24] सत्यमोहन जोशीको विचारमा लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन कि मावन समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया र माया, प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयम् उद्गारका रूपमा लयदार तरजमा काव्यमय शैली झैँ निस्कन्छ ।[25] धर्मराज थापाका अनुसार लोकअनुभूति नै लोकगीत हो जसले हृदयका उद्गारहरू स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ । सुख-दुःखमा अलापिएका अभिव्यक्तिहरू लोकमा गाइएका हुँदा यसको संज्ञा लोकगीत भयो । [26] सुबि शाहका अनुसार जुन गीतको रचनाकार हुँदैन साथै गीतको नियम प्रचलित अङ्गमा आधारित र लोकधुनमा अडेको हुनुपर्दछ । लोकगीतको रचना र लय कहाँबाट आउँछ,त्यो मूल जरो भेटिदैन, एक्कासी अधिराज्यभरि फैलिन्छ र लोप हुँदै जान्छ ।[27] महाकवि लक्ष्मीप्रसाद देवकोटाले मुनामदन भित्र सज्जनवर्गप्रति भन्ने उपशीर्षकमा झ्याउरे भनी नगर हेला हे प्यारा सज्जन भन्दै लोकगीतको झ्याउरे लयलाई महत्त्व दिएका छन् भने उनले यसको शाब्दिक अर्थ पनि दिन खोजेका छन्- झाम्रेबाट झ्याउरे भए झुम्रेझाम्रे किसान, गोठाला, घाँसीहरूले गाइने गीत ग्रामीण ढङ्गको गीत वा छन्द हो ।[28]

माथिको परिभाषाले लोकगीतलाई आ-आफ्नो ढङ्गबाट परिचित गराउन खोजे पनि पूर्ण रूपमा लोकगीतमा निहित अर्थलाई भने यिनीहरूले समेट्न सकेको देखिदैन । कसैले सांस्कृतिक पक्षलाई छाडेका छन् भने कसैले लयलाई छाडेका छन् । तसर्थ सम्पूर्ण विद्वान्हरूको परिभाषाको अध्ययन गरी निचोडमा भन्दा आफ्नो परिवेशअनुरूप लोकजीवनका अन्तस्करणबाट उद्दीप्त हुने

---

[22] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास**, (स्याङ्जा, स्वयम्, २०२८), पृ. १७ ।
[23] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, पूर्ववत्, पृ. ११५ ।
[24] टङ्क के. सी. **हाम्रो लोकसङ्गीत र संस्कृति**, (काठमाडौँः स्वयम्, २०४८) ,पृ. ४ ।
[25] सत्यमोहन जोशी, **लोकगीतको झल्का**, प्रगति (वर्ष ३, अङ्क २, पूर्णाङ्क १४) पृ. १४५ ।
[26] धर्मराज थापा, **गण्कीका सुसेली**, पूर्ववत्, पृ. १३ ।
[27] सुवि शाह, **नेपाली लोकगीतको झलक**, (ललितपुरः साझा प्रकाशन, २०६२), पृ. ६ ।
[28] लक्ष्मीप्रसाद देवकोटा, **पहाडी सङ्गीतको भूमिका**, (काठमाडौँः रत्न पुस्तक भण्डार) , पृ. ३ ।

दुःख-सुख, आँसु-हाँसो, रोदन-मुस्कान, हर्ष-विस्मात जस्ता अनुभूतिहरूको लयात्मक कृतिमतारहित सुन्दर र समाजको हुबहु अभिव्यक्ति नै लोकगीत हो । लोकगीतले कुनै पनि स्थानको, देशको, समाजको सांस्कृतिक, प्राकृतिक, आर्थिक, भौगालिक स्वरूपलाई प्रतिबिम्बि गरिराखेको हुन्छ । लोकगीतको सरसर्ती अध्ययन गर्दा हामी यसलाई अलिखित इतिहासको संज्ञा दिन सक्छौँ जसबाट अतितका गौरवगाथाहरू, वर्तमानमका भोगाइहरू र भविष्यमा अपनाउनु पर्ने सावधानीहरू प्राप्त गर्न सकिन्छ । लोकगीतले जुनसुकै समयमा आफ्नो वर्चस्व कायम राख्न सफल भएको छ । मानव जाति समयको परिवर्तनसँगै परिवर्तित हुँदै आए पनि सुख-दुःख, मानवजीवनका भोगाईहरू आज पनि उही रूपमा रहेका छन् । त्यसैले लोकगीतलाई हामी सदाबहार तन्नेरी विधाको रूपमा लिन सक्छौँ ।

यसरी हाम्रो लोकजीवन र लोकसंस्कृतिको अभिन्न अङ्ग बनेर रहेको लोकगीतले लय र लोकभाकाका माध्यमबाट सम्पूर्ण नेपाली जातिलाई एकताको मालामा गाँसेर राखेको छ । नेपाल र नेपाली हुनुको गौरवलाई जोगाएर राखेको छ ।

## ३.४ लोकगीतको विशेषता

लोकगीत लोकहृदयको स्वस्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो । यसलाई लोकसाहित्यमा अति लोकप्रिय विधाको रूपमा मानिन्छ । लोकगीतमा मानव जीवनका कोमल र कठोर दुवै प्रकारका भोगाइबाट निस्कने कल्पना र यथार्थका विविध पक्ष समेटिएको हुन्छ । मिलन-विछोड, सम्झना-विर्सना, युद्धको बेलाको प्रेरणाको स्रोत, काम गर्दा न्यास्रो मेट्ने र उमङ्ग पोख्ने साथी, युवायुवतीको मायाप्रीति बाँध्ने साधन र बुढ्यौलीमा मनलाई शान्त पार्ने वस्तुको रूपमा लोकगीतलाई प्रयोग गरिने हुँदा यो बालकदेखि वृद्धासम्मको लागि अति लोकप्रीय विधा बन्न पुगेको छ । लोकजीवनमा भिज्दै र गाँजिदै आएको नेपाली लोकगीतको विशेषतालाई विभिन्न किसिमले औल्याउन सकिए तापनि विशेष गरी मुख्य मान्न सकिने विशेषतालाई मात्र यहाँ चर्चा गर्ने जमर्को गरिएको छ ।

### ३.४.१ अपौरुषेय

लोकगीतका रचनाकार अज्ञात रहने हुँदा यसको रचना कसले, कहिले, कहाँ भएको हो भन्ने तिथिमिति थाहा हुँदैन । यो समयसीमालाई नाघेर निरन्तर प्रवाहमा बग्दै जान्छ । यसको

श्रष्टा चाहिँ पार्श्वभूमिमा छिपेको हुन्छ । यसैले लोकगीत कुनै व्यक्ति विशेषको रचना नभई लोकको रचना हो । लोकगीत पहिले नै लिपिबद्ध नहुने हुँदा यसमा रचनाकारको महत्त्व गौण रहन्छ । मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्ता, एक ठाउँबाट अर्को ठाउँमा हस्तान्तरित हुँदै जाने हुँदा समय र स्थान अनुसार लोकगीत संशोधन वा परिवर्तन भइरहन्छ । वेदको झैं लोकगीतको पनि रचनाकार अज्ञात रहने, वेद जति श्रद्धा र भक्तिका साथ पढिन्छ त्यसरी नै लोकगीत पनि अत्यन्त प्रेम र श्रद्धाका साथ गाइने भएकाले पनि लोकगीतलाई अपौरुषेय मानिन्छ ।

### ३.४.२ सामूहिक भावभूमि

लोकगीत मानवसमाजको सामूहिक अभिव्यक्तिको माध्यम हो । यसमा देशकालको सीमाबन्ध हुँदैन । यसमा व्यक्तिव्यक्तिको श्रृङ्खला जोडेर त्यसले परस्पर संवेद्य समूहको रूप लिन पुगेको हुन्छ । लोकगीत जसले गाए पनि त्यसमा सम्पूर्ण जनमानसको सुख-दुःख, पीर-मर्का, हाँसो-रोदन आदिको सामूहिक स्वर गुन्जिएको हुन्छ । लोकगीत सामाजिक उपज भएकाले नै यसमा देशकाल, परिस्थिति अनुसारको सामाजिक भावभूमि लुकेको हुन्छ । लोकगीत व्यक्तित्वविहीन भएकाले यसले वैयक्तिकताबाट माथि उठेर सामूहिकताको निर्माण गर्दछ ।

### ३.४.३ सहज र स्वभाविकता

लोकगीत जहिले पनि लोकभावनामा आधारित हुन्छ । यसको अभिव्यक्तिको आधार लोकभावनालाई अँगालिने सरलता र सहजता नै हो । लोककलाकारले आफ्नो मनको भावनालाई गीतका माध्यमबाट तुरुन्तै पोख्ने हुनाले लोकगीतमा कृत्रिमताको गन्ध पाइँदैन । यो सरल र सहज हुन्छ । यसको सृजनामा पनि लोककलाकारलाई कुनै किसिमको कठीनाइ पर्दैन । यो आँशुप्रवाहका रूपमा स्वतः भएर सृजित हुन्छ ।

### ३.४.४ मौखिक श्रुतिपरम्परा

देशकाल र सीमामा बन्धन नहुने लोकगीत श्रुतिपरम्परा मै अडिएको छ । यही परम्पराबाट नै लोकगीत मौखिक रूपमा एउटा समूहबाट अर्को समूहमा, एउटा पुर्खाबाट अर्को पुर्खामा हस्तान्तरित हुँदै जान्छ । यो निरन्तर रूपमा परापूर्वकालदेखि अहिलेसम्म कायम रहेको

छ । मौखिक रूपमा जीवित भएको र श्रवण मधुर भएकोले मौखिक वा श्रुतिपरम्परालाई लोकगीतको विशेषता मानिन्छ ।

### ३.४.५ मौलिकता र सरलता

लोकगीतको अभिव्यक्ति स्वच्छ, सरल र सरस हुन्छ । यसै गुणले युक्त हुनाले यो जनमानसमा लोकप्रिय बनेको छ । लोकगीतमा प्रयोग हुने भाषामा आफ्नैपन र आफ्नै विशेषता रहेको हुन्छ । यसमा प्रयोग हुने भाषा सरल र लयात्मक हुने हुँदा सामान्य अपठित मानिसले पनि सजिलै बुझ्न र ग्रहण गर्न सक्छन् । उदाहरणको रूपमा तल दिइएको गीतको एउटा चरणले पनि यसलाई पुष्टि गर्दछ :

*पारीमा पटी पाखामा हेर घाम लाग्यो घमाइलो*
*घरमा छैन शितलु वचन मन छैन रमाइलो*

### ३.४.६ प्रकृति चित्रण

लोकगीतले प्रकृतिसँग तादात्म्य सम्बन्ध गाँसी हार्दिक अभिव्यक्ति पोख्ने क्रममा आफ्ना आँखाले देखेका, भोगेका, अनुभव गरेका कुरालाई टिपेर लयात्मक ढङ्गबाट प्रस्तुत गर्दछ । यसले जनमानसद्वारा अनुभव गरिएका कुरालाई प्राकृतिक बिम्बका माध्यमबाट प्रस्तुत गरेको हुन्छ । यो कृतिम नभएर प्राकृतिक हुन्छ । लोकगीतमा लिखित साहित्यमा हुने आडम्बरीपना हुँदैन । त्यसैले लोकगीत सजधज गरी तयार पारिएको कागजी फूल नभई वनमा फूल्ने सुन्दर फूल हो । प्रकृति चित्रणको एउटा उदाहरण :

*ठाडीमा खोला बाढीमा आयो जँगार तरौली*
*नक्कल पारी नहिँड धेरै पाटीमा परौली*

### ३.४.७ कथनविविधता

नेपाली लोकगीत विभिन्न किसिमका छन् र ती मध्ये प्रश्नोत्तर प्रकृति पनि एक हो । युगल गीत र जुवारीका रूपमा गाइने धेरैजसो गीतहरू प्रश्नोत्तरप्रधान हुन्छन् । जस्तै-

केटा *: मेरो माया छ भने त्यता पानी खाने निउँ गरी आउ यता*
केटी *: तिर्खा छैन के पानी खाने कति दिन मै मात्र धाउने*

प्रश्नोत्तरप्रधान गीतहरूमा सीधा प्रश्न र उत्तर हुन्छन् । अनि ती सहज तथा रागात्मक भएर सामाजिक भावनासँग सम्बद्ध हुन्छन् र जुहारी खेल्दा गरिने सवाल-जवाफ अति नै रोचक हुन्छ जसले गायक-गायिकालाई मात्र उर्जा नथपी गीत सुन्ने दर्शकहरूमा समेत एउटा भावको तरङ्ग पैदा गराइदिन्छ र दर्शकहरू मौरीले रानो नछोडे झैँ गरी एकै ठाउँमा झुम्मिन्छन् ।

लोकगीतमा मुख्य भावलाई घनत्त्व दिनका निम्ति पुनरावृत्ति गर्ने चलन छ जसलाई 'टेक' पनि भनिन्छ । लोकगीतमा कहीँ शब्द र कहीँ वाक्य नै पुनरावृत्ति गर्ने गरिन्छ । जस्तै :

*मेरो घर त **साहिँली** या हैन सल्यानकोट*
*सल्यानकोटमा **साहिँली** क्या  राम्रो फूलको बोट*
*+ + + + + + +*
***शिरमा रातो रिबन दुःखी जीवन***
*छोरीलाई नि छोरा झैँ पाल*
*जुठो लोटा झैँ गरी नफाल*
***शिरमा रातो रिबन दुःखी जीवन***

नेपाली लोकगीतमा प्रयुक्त साहिँली, सालैज्यू, सान्नानी, रेलीमाई शिरमा रातो रिबन दुःखी जीवन
आदि जस्ता थेगो वा रहनीले लोकगीतलाई श्रुतिमधुर बनाइदिन्छ ।

## ३.४.८ स्वच्छन्दता

लोकगीत लोकजीवनको सहजनाभूतियुक्त हार्दिक अभिव्यक्ति हो । यो कुनै पनि निर्धारित नियम एवम् शास्त्रीय विधानका अनुशासनमा नबाँधिई लोकजीवनले आफै पहिल्याएको गीत र लयमा प्रवाहित भइरहेको हुन्छ । लोकगीतलाई शास्त्रीय नियम, अनुशासनमा बाँध्नु र परम्परागत छन्द, अलङ्कार, रसद्वारा पर्गेल्न पनि सम्भव हुँदैन र पर्गेल्न पनि हुँदैन । यो जनमानसको सुख-दुःखका भावबाट स्वतः सृजना हुन्छ । लोकगीतमा लोकजीवनमा प्रचलित भइसकेका छन्द वा लयको प्रयोग हुने हुँदा नितान्त आफ्नोपन भेटिन्छ । यिनै विविध कारणले गर्दा लोकगीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ ।

यी बाहेक पनि लयात्मकता, प्राचीन अवशेष, स्थानीयताको छाप जस्ता थुप्रै विशेषता लोकगीतमा पाइन्छ ।

## ३.५ नेपाली लोकगीतको तत्त्व

जब मानवले आफ्ना मनका भावनाहरूलाई भाषाका माध्यमबाट अभिव्यक्त गर्न थाल्यो त्यसै समयदेखि लोकगीतको सिर्जना भएको हो भन्ने अनुमान गर्न सकिन्छ । अङ्ग्रजी 'लिरिकल पोइट्री' सँग समानार्थी मानिने लोकगीतलाई गीतिकविता अन्तर्गत राखेर हेर्दा गीतिकवितामा जस्तै यसमा पनि मुख्यतया निम्न तत्त्वहरू रहेका हुन्छन् :

(क) संरचना (ख) लय (ग) गेयता (घ) कथनपद्धति (ङ) भाषा र (च) भाव ।

यी बाहेक सहायक रूपमा नृत्य बाद्यलाई पनि तत्त्व मान्न सकिन्छ ।

### ३.५.१ संरचना

संरचनाको सामान्य अर्थ बनोट हुन्छ । लोकगीतको सन्दर्भमा मौखिक रूपमा गेयात्मकता हुने गरी सहज, स्वस्फूर्त हुने, कथिने, भनिने प्रक्रियालाई नै संरचना भनिन्छ । संरचनाका दृष्टिले लोकगीत आन्तरिक र बाह्य गरी दुई प्रकारका हुन्छन् । बाह्य संरचना गीतको आवरण अर्थात् पहिरन भएकोले यो वर्ण, शब्द तथा सुललित वाक्य र अनुच्छेदसँगै सङ्कलनसम्म पुगेको हुन्छ भने आन्तरिक संरचनामा केन्द्रीय कथ्य वा भावनाको श्रृङ्खलाबद्ध संयोजन हो । लोकगीतको बाह्य संरचना कुनै लयलाई समातेर शब्दशब्दको संयोजनबाट सिङ्गो आकार तयार हुन्छ । आन्तरिक संरचना कथ्य एउटा मियोमा उनिँदै र घुम्दै अन्तमा सारभूत वस्तु वा मर्मतर्फ केन्द्रित हुन्छ । यसैभित्र आरम्भ, विकास र निष्कर्षका सोताहरू आफ्नै गतिमा झुल्किदै जान्छन् । संरचनाविना लोकगीतको निर्माण नै हुँदैन । यसैले संरचना लोकगीतको मुख्य तत्त्व हो ।

### ३.५.२ लय

लय लोकगीतको अति आवश्यक तत्त्व हो । लयले नै गीतलाई सुमधुर बनाइदिन्छ । लोकगीतमा भाव वा विचारलाई अभिव्यक्त गर्ने र सम्प्रेष्य बनाउने काम लयमा आबद्ध पदावलीद्वारा हुन्छ । भावात्मक गहिराइमा पुऱ्याएर रागात्मक साहचर्य पैदा गर्ने काम लयले

गर्दछ । लयमा ठाउँअनुसार भाकाको परिवर्तन हुन सक्छ । लयले गीतलाई निजी रूप प्रदान गरी दर्शकलाई मोहनी लगाउने काम गर्दछ । त्यसैले लोकगीतमा लयको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

### ३.५.३ गेयता

गेयता एउटा सङ्गीत तत्त्व हो । लोकगीतलाई सङ्गीतमयतामा पुऱ्याउने शैली गेयता हो । गीतलाई श्रुतिमनोहर र सुरीलो कथनकौशलमा पुऱ्याई श्रोतालाई प्रभावित पार्ने काम यसले गर्दछ । यसले गीतलाई रसात्मक बनाउँदै तीव्रता पनि प्रदान गर्दछ । गेयतालाई भाका पनि भनिन्छ । एउटै गीतलाई पनि विभिन्न भाकामा गाउन सकिन्छ । भाकाका कारणले एउटै गीत पनि भिन्दाभिन्दै लाग्न सक्छ ।

### ३.५.४ कथनपद्धति

कथनपद्धति भनेको कथ्यलाई राम्ररी प्रस्तुत गरिने रीति वा ढाँचा हो । कथनपद्धति वर्णनात्मक, आख्यानात्मक, नाट्यात्मक र संवादात्मक जुनसुकै हुनसक्छ । यस अवस्थामा कथनको आयाम एक चरण, एक बिसौनी या सिङ्गो आकृतिसम्म पनि लम्बिन सक्छ । लोकगीत एकल र समूह दुवै किसिमले गाउने चलन छ । एकल वा एकोहोरो गाइने गीतमा गायकले कसैको सहायता नलिई एक्लै गाउने गर्दछ भने समूहमा गाइने गीत एउटाले थाल्ने र त्यसमा अन्यले स्वर थप्ने काम गर्दछन् । लोकगीतमा हुने कथनपद्धतिको महत्त्वपूर्व रूप संवादात्मकता हो । यस्ता खाले गीतमा दुई पक्षबीच सवालजवाफ हुन्छ । दोहरी वा जुहारी गीत यसअन्तर्गत पर्दछन् । जुहारी वा दोहोरी गीत प्रायः युवायुवतीको प्रेमसँग सम्बन्धित हुन्छन् । वर्णनात्मक पद्धतिका लोकगीतमा कुनै एउटा शीर्षकको वर्णन पाइन्छ भने आख्यानात्मक कथनमा चाहिँ कुनै घटनाको आदिदेखि अन्त्यसम्मको वर्णन पाइन्छ । नाट्यात्मक कथनपद्धति अन्तर्गतका लोकगीतहरूमा प्रायः वाद्यवाधनको साथै नृत्यको प्रयोग पाइन्छ ।

### ३.५.५ भाषा

लोकगीत लोकजीवनले बोल्दै र सुसेल्दै आएको लोकभाषामा आधारित हुन्छ । लोकगीतमा लोकमा प्रचलित झर्रा नेपाली शब्दहरूको साथै अनुकरणात्मक शब्द, थेगो र

रहनीका रमाइला शब्दहरूको प्रयोग गरिन्छ । यसमा असचेत रूपमा भए पनि लक्षणा, व्यञ्जना, रूपक र अलङ्कारको प्रयोग हुने हुँदा यो घतलाग्दो किसिमको हुन्छ । लोकगीतमा प्रयुक्त भाषा सरल र बोधगम्य हुने भएकाले यसमा प्रसाद गुण हुन्छ भने माधुर्य यसको स्वभाव नै हो । तल प्रस्तुत गरिएको गीताशंले यही कथनलाई पुष्टि गर्दछ -

*पारीपट्टी भकटे पेलेको*
*दाइको बेमा रत्यौली खेलेको*

### ३.५.६ भाव

भाव लोकगीतको केन्द्रीय कथ्य वा भाव हो । कुनै घटना, परिवेश वा अन्तक्रियाद्वारा भावको

सिर्जना हुन्छ । लोकगीत निरस हुन्छ । मानवले दैनिक जीवनमा विभिन्न सुख-दुःखको अनुभव गरेको हुन्छ । सुखको अनुभव गर्दा मुखबाट हर्ष र उल्लासपूर्ण स्वरहरू गुञ्जन्छन् भने दुःख पर्दा विरह र वेदनाका स्वरहरू निस्कन्छन् । यिनै विविध गतिविधिबाट नै केन्द्रीय भावको खास विन्दुमा पुऱ्याउँछ । यही भावले कथ्यलाई सम्प्रेषणीयता दिन्छ र भावलाई संवेद्य तुल्याउँछ । लोकगीतमा च्वाट्ट छुने खालका भावझिल्का पाइन्छन् र एक-दुई पङ्क्तिमै पनि केही भनिएको हुन्छ । यस पक्षलाई हेर्दा लोकप्रतिभाप्रति गर्व नगरी रहन सकिन्न । यसको पुष्टिका निम्ति तलका पङ्क्तिलाई हेर्न सकिन्छ :

*ए आमा ! म रुँदारुँदै*
*हाल्यो सिँदुर उज्यालो नहुँदै*

लोकगीत जनजीब्रोमा झुण्डिनाको मूल कारण यसमा हुने भाव नै हो । यसैले लोकसाहित्यको अन्य  विधाभन्दा लोकगीत अति नै लोकप्रिय छ ।

## ३.६ नेपाली लोकगीतको वर्गीकरण

लोकगीत यस धर्तीको काखमा सुख-दुःख भोग्दै रमाएका असङ्ख्य जनमानसका सहृदयमा कलकलाउने र तिनका सुरिला कण्ठमा सलबलाउने अविच्छिन्न तथा सहज गीतिप्रवाह हो जसको गरिमा लोकजीवनको रागात्मक प्रकृतिका क्रममा मानव सभ्यता र संस्कृतिलाई प्रकाश पार्दै मौखिक परम्परामा जीवन्त रहेर जातीय जीवनलाई चिनाउँदै लोकको

साझा ढुकढुकी बन्नुमा हुन्छ । युगौँदेखि एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा हस्तान्तरण हुँदै आएको लोकगीत आ-आफ्नै प्रकारका छन् जसको सङ्कलन, आकलन र अध्ययन गर्ने परिपाटी भने तीव्र गतिमा हुन सकेको छैन । तर पनि वर्तमान पुस्ताका नवयुवाहरूमा लोकसाहित्यको अध्ययन अवलोकनप्रति आकृष्ट हुने जिज्ञासा जागेको भने देखिन्छ । केही मुलुकभित्रका र केही मुलुकबाहिरका विद्वान्हरूले लोकगीतको वर्गीकरण तथा विश्लेषण गर्ने कार्य यस प्रकारले गरेको देखिन्छ :

भारतीय लोकसाहित्यका अध्येता डा. कृष्णदेव उपाध्यायले लोकगीतलाई छ भागमा बाँडेका छन् - (क) संस्कारसम्बन्धी गीत (ख) ऋतुसम्बन्धी गीत (ग) व्रतसम्बन्धी गीत (घ) जातिसम्बन्धी गीत (ङ) श्रमसम्बन्धी गीत र (च) विविध गीत ।[29] यसैगरी राजस्थानी लोकगीतका विद्वान् पं. सूर्यकरण पारीकले ऋतु, व्रतउपवास, विवाह, प्रेम, पशुपंक्षी इत्यादी गरी लोकगीतको उनान्तीस(२९) प्रकार देखाएका छन् ।[30] अर्का विद्वान् डा. सत्येन्द्रले लोकगीतलाई (क) साधारण (ख) आनुष्ठानिक (ग) याचनासम्बन्धी र (घ) खेलसम्बन्धी गरी चार भागमा वर्गीकरण गरेका छन् ।[31]

नेपाली लोकगीतका कतिपय अंश भारतीय लोकगीतसँग मिल्दाजुल्दा देखिए तापनि यसमा पाइने आफ्ना स्वरूप एवम् मौलिकताका कारण ती वर्गीकरण कुनैकुनै भिन्नै प्रकृतिका देखिन्छन् भने कुनै लम्बेत्तर देखिन्छन् । त्यसै कारण नेपाली लोकगीतको वर्गीकरण हाम्रो आफ्नै पहिचान सुहाउँदो छरितो पाराले गर्नु आवश्यक देखिन्छ । नेपाली लोकगीतको अध्ययनलाई हेर्दा पर्याप्त मात्रामा यसको सङ्कलन, वर्गीकरण र विश्लेषण भएको पाइन्न । तापनि केही विद्वानहरूले नेपाली लोकगीतको संरक्षण र सम्वर्द्धनका लागि गरेका अध्ययनअनुसार नेपाली लोकगीतका वर्गीकरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

लोकसाहित्यका विज्ञ सत्यमोहन जोशीले नेपाली लोकगीतलाई मुख्यतः आठ बुँदामा वर्गीकरण गरेका छन् -

(क) भजन (चुड्का, बालन आदि )

(ख) नृत्यसम्बन्धी गीत (सोरठी, मारुनी, घाटु आदि)

---

[29] डा.कृष्णदेव उपाध्याय, **लोकसाहित्यकी भमिूका**, छैटौं सं.( इलाहावादः साहित्य भवन प्रा. लि. १९८० इ.), पृ. ६२-६३ ।
[30] सूर्यकरण पारीक, **राजस्थानी लोकगीत**, पृ. २२-२५ ।
[31] डा. सत्येन्द्र, **लोकसाहित्य विज्ञान**, दो.सं. (आगरा : शिवलाल अग्रवाल एण्ड कम्पनि,१९७१ इ.) ,पृ. ३३५ ।

(ग) प्रेमसम्बन्धी गीत (सोरठी आदि)

(घ) चाडबाडसम्बन्धी गीत (सङ्गिनी, भैलो, देउसी)

(ङ) सामयिक लोकगीत (मालश्री, दाइँगीत)

(च) युद्ध क्षेत्रमा प्राणसञ्चार गर्ने (कर्खा)

(छ) कथा गाँसिएका लोकगीत (चरित्र) र

(ज) उत्सवमा भिकिने लोकगीत (चरित्र, रत्यौली) ।[32]

लोकसंस्कृतिका अध्येता कालीभक्त पन्तले नेपाली लोकगीतलाई जम्माजम्मी नौ किसिममा उल्लेख गरेका छन् :

(क) राष्ट्रस्तरीय गीत

(ख) जिल्लास्तरीय गीत

(ग) ग्रामस्तरीय गीत

(घ) जातिस्तरीय गीत

(ङ) जातिभाषास्तरीय गीत

(च) पर्वस्तरीय गीत

(छ) लोकनाट्यस्तरीय (बालन, कौरा, घाटु, सोरठी आदि)

(ज) कार्यस्तरीय गीत (असारे, दाइँ, युद्धमा गाइने आदि)

(झ) ऋतुस्तरीय गीत (वसन्त, फगुवा आदि)[33]

यसैगरी काजीमान कन्दङ्वाले नेपाली लोकगीतलाई मुख्य रूपमा सकर्मक र अकर्मक गरी दुई भेद देखाई फेरि ऋतुकालीन र बाह्रमासे भनेर तिनका दुईदुई उपभेद पनि दिएका छन् । त्यसै क्रममा लहरी, लालुमाई, असारे, मारुनी, मादले, डम्फू, बालन, देउसी, भैलो, तीजे, मालसिरी, भजन, सवाई, भ्याउरे आदि गीतको चर्चा पनि गरेका छन् ।[34] अर्का विद्वान् चूडामणि बन्धुले नेपाली लोकगीतलाई (क) संस्कारगीत (ख) पर्वगीत (ग) श्रमगीत (घ) बालगीत (ङ) भजन (च) प्रेमगीत गरी जम्मा छ भागमा वर्गीकरण गरेका छन् ।[35] यसै गरी नेपाली

---

[32] सत्यमोहन जोशी, **हाम्रा लोकसंस्कृति**, (काठमाडौं : रत्नपुस्तक भण्डार, २०१४),पृ. १४५ ।
[33] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास**, दो.सं. ( स्याङ्जा : लेखक स्वयम्, २०४३), पृ. १४८-१५० ।
[34] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य**, (काठमाडौं : रोयल नेपाल एकेडेमी,२०२२) पृ. १४८-१५० ।
[35] चूडामणि बन्धु, **नेपाली लोकगीतमा समाजिक प्रतिबिम्ब**, (श्रीनगर २/११,२०३१ माघ-फागुन-चैत) पृ. १३-२० ।

साहित्यका विद्वान टेक ब. खत्रीका अनुसार लोकगीत समय, पर्व रसका आधारमा सात प्रकारका हुन्छन् जुन यस प्रकारका छन्-

(क) वीररस र करुणरसका लोकगीत - कर्खा

(ख) घटनाप्रधान सिलोक - सवाई

(ग) चाडपर्वका लोकगीत - भैलो, देउसी

(घ) विवाहपर्वमा गाइने लोकगीत - रत्यौली, खाँडो

(ङ) नृत्यगीतहरू - देउडा, घाटु

(च) भजनका रूपमा गाइने लोकगीत - बालन, सँगिनी

(छ) दोहोरी लोकगीतका - घाँसेगीत र असारे ।[36]

नेपाली लोकगीतका संरक्षण र सम्बर्द्धनमा लागेका विद्वान सुवि शाहले लोकगीतलाई लोकलहरी, लोकसङ्गीत र लोकगाथा गरी तीन भागमा वर्गीकरण गर्दै तिनलाई पनि विभिन्न भेद उपभेदमा वर्गीकरण गरेको पाइन्छ । लोकलहरी अन्तर्गत पाखे, जङ्गली, सवाई, मालश्री, चाँचरी, जुहारी, सँगिनी, श्लोक, बरादो, कुर्खा, खाँडो राखेका छन् भने लोकसङ्गीत अन्तर्गत सोरठी, चरित्र, ख्याली, झ्याउरे राखेका छन् । यसैगरी लोकगाथा अन्तर्गत भजन, देउसिरे, भैलो, बालन, श्लोक राखेका छन् ।[37] जनकविकेशरी धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकगीतलाई सात भागमा वर्गीकरण गरेको पाइन्छ । ती यस प्रकारका छन्- (क) सामान्य गीत (ख) संस्कारगीत (ग) ऋतु वा व्रतसम्बन्धी गीत (घ) कर्मगीत (ङ) पर्वगीत (च) लोकनृत्य गीत (छ) विविध गीत ।

माथिका वर्गीकरणमध्ये यो वर्गीकरण सैद्धान्तिक देखिन्छ । डा. दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण चार प्रकारले गरेका छन् - (क) संस्कारसम्बन्धी (ख) ऋतुकालीन (ग) क्रियासम्बन्धी (घ) विविध ।[38] उनको यो वर्गीकरण हंसपुरे सुवेदी र धर्मराज थापासँग मिल्लो जुल्दो छ । धर्मराज थापासँग अलग रहेर हंसपुरे सुवेदीले अर्को एक छुट्टै प्रसङ्गमा विभिन्न जातिका विभिन्न भाषाका लोकगीतहरूलाई निम्न आधारमा वर्गीकरण गरेको पाइन्छ ।

(क) प्रकृतिप्रेम (हिमाल, पहाड, मधेस, तराईको)

---

[36] टेक ब. खत्री, 'लोकसाहित्य संस्कृतिको आधार', **नेपाली लोकसंस्कृति संगोष्ठी**, पृ. १७ ।
[37] सुवि शाह, **नेपाली लोकगीतको झलक**,पूर्ववत्, पृ. १९ ।
[38] डा. दयाराम श्रेष्ठ 'सम्भव', **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा** (काठमाडौं : त्रि. वि. पाठ्यक्रम विकास केन्द्र, २०३८), पृ. १५ ।

(ख) ईश्वरप्रेम (ब्रह्मा, विष्णु, महेश्वर, कुलदेवता, सिमेभूमेदेवी, चौराली आदिको)

(ग) जातीय प्रेम (वीरत्त्वपूर्ण घटना आदिको)

(घ) श्रृङ्गार (वेशभूषा आदिको)

(ङ) करुण (संवेदनशील मानवीय गुण आदिको) ।[39]

यो वर्गीकरण माथिका वर्गीकरणभन्दा भिन्न खालको देखिन्छ ।

नेपाली विद्वानहरूले गरेका नेपाली लोकगीतको वर्गीकरणलाई हेर्दा लोकगीतलाई (क) प्रस्तुतिका आधारमा (ख) स्वरूपका आधारमा (ग) क्षेत्रका आधारमा (घ) जातीय आधारमा (ङ) उमेर वा लिङ्गका आधारमा (च) कार्यावस्थाका आधारमा (छ) रसप्रधानताका आधारमा गर्न सकिन्छ । प्रस्तुतिका आधार अन्तर्गत स्वर मात्र झिकेर गाइने, नृत्यसहित गाइने र बाजासमेत गाभेर गाइने गीतहरू पर्दछन् । स्वरूपका आधारअन्तर्गत मुक्तकगीत (भावप्रधान), प्रबन्धगीत ( कथानकप्रधान) पर्दछन् । सगुन, चुड्का, रोइला, जुहारी आदि मुक्तकगीत हुन् भने गाथाका विभिन्न गीत प्रबन्धगीत हुन् । क्षेत्रका आधारमा लोकगीतलाई पूर्वाञ्चल, मध्यमाञ्चल, पशिचमाञ्चल, पहाडी, तराई, हिमाली, पाल्पाली, धादिङे लोकगीत आदि गरेर छुट्याउन सकिन्छ । यसैगरी जातीय आधारअन्तर्गत लोकगीत नेवारी, सेर्पाली, तामाङसेलो आदि जस्ता विभिन्न जातजातिले गाउने गीतहरू पर्दछन् । उमेर वा लिङ्गका आधारमा बालगीत, वृद्धहरूले गाउने भजन, महिलाले गाउने सङ्गिनी, तीजे गीत आदि पर्दछन् । कार्यावस्थाका दृष्टिले संस्कार गीत, बाह्रमासे गीत, झ्याउरे, रोइला आदि र चाडपर्व तथा मेलापात आदिमा गाइने ऋतुकालीन गीत यसभित्र पर्दछन् । रसका आधारमा लोकगीतलाई हाँस्य रस, शान्त रस, करुण रस आदि गरी नौ रसमा वर्गीकरण  गर्न सकिन्छ । यी बाहेक लोकगीतलाई लय वा भाकाका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ ।

## ३.७ नेपाली लोकगीतको अध्ययन परम्परा

लोकगीत लोकमानसको ढुकढुकी हो जसमा मानवजीवनका तीतामीठा अनुभवहरू झल्किएको हुन्छ । खेतबारीमा काम गर्दा होस् वा वनजङ्गलमा दाउरा-घाँस गर्न जाँदा, घरमा उत्सवका समयमा आफ्ना मनका वेदना, रतिराग, सुख-दुःख आदि भावनाहरूलाई लयात्मक ढङ्गबाट प्रस्तुत गर्ने कार्य परापूर्व कालदेखि नै मौखिक रूपमा भएको पाइन्छ जसले हाम्रो

[39] हंसपुरे सुवेदी, **हाम्रो लोकगीको झ्यालबाट चियाएर हेर्दा**, गोरखापत्र, शनिबार परिशिष्टाङ्क : ग ।

मनलाई शान्त र प्रफुल्ल पारिदिने गर्दछ । लोकगीत आधुनिक गीतको बीज हो । यस्तो लोकगीतको जति विकसित मुलुकमा अध्ययन अनुसन्धान हुने कार्य भएको छ त्यसको एक भाग पनि हाम्रो देशमा भएको देखिदैन । हाल आएर नेपाली लोकगीतको सङ्कलनसँगै यस विषयप्रति अभिरुचि राख्नेको सङ्ख्यामा भने उल्लेखनीय रूपमा वृद्धि भएको पाइन्छ । नेपाली लोकगीतको सम्बन्धमा प्रारम्भदेखि वर्तमानसम्म भएका अध्ययन-अनुसन्धानका कार्यहरूलाई यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

नेपाली लोकगीतको मौखिक परम्परा अत्यन्त पुरानो भए पनि लिखित रूपमा भने रिपु मल्लका पिता नाग मल्लका समयमा रोपाइँमा गाएको ‘भागेश्वरीको ढुस्को’ लाई पहिलो नमूना मान्न सकिन्छ ।[40] यस ढुस्कोमा राजा नाग मल्ल र भागेश्वरी देवताका बीच भएको झगडाको संवाद लोकगीतमा पाइन्छ । नाग मल्लको समयमा गाइएको अन्य मौखिक लोककाव्यका नमुना पनि भेटिन्छन् । तिनै मौखिक लोककाव्यका नमुनाका आधारमा नेपाली लोकगीतको मौखिक परम्परा पन्ध्रौँ शताब्दीदेखि सुरु भएको अनुमान गर्न सकिन्छ । यसैगरी राजा पृथ्वीनारायण शाहको समयमा नेपाली लोकगीतले मौलाउने अवसर पाएको देखिन्छ । राज्य एकिकरणको अभियानको क्रममा आफ्ना वीर योद्धाहरूमा जोश, जाँगर, उमङ्ग थप्नका निम्ति विभिन्न प्रकारको खाँडो गीत गाउन लगाएको पाइन्छ । गोर्खालीहरूले वि.सं. १८४६ मा जुम्लामा आक्रमण गर्दा एक जुम्लीका मुखबाट निस्केको लोकगीतको नमुना यस प्रकारको थियोः

*भातु खाय शुभान शाही ताउली हाल्या कुम्ला*
*जिती आए गोरख्य जनिमार जुम्ला ।*[41]

लोकसंस्कृतिका अध्येता कालीभक्त पन्तका अनुसार भारतमा मुगलको दबदबा बढेपछि आक्रमणको भयले हिन्दूहरू पहाडी भेकतर्फ लागे भने गढवाल भेकबाट पौड्यालहरूले नेपाल प्रवेश गरे । समयको क्रमसँगै ती जाति र नेपालीहरू पूर्वी पहाडी भेक तथा दार्जिलिङ, सिक्किम भूटान, बर्मासम्म फैलँदै गए । पौड्यालहरूले ल्याएका भाषा लिपिका साथै गीतका भाकाहरूलाई स-साना राज्यका राई, गुरुङ, मगर, तामाङ, सेर्पा आदि जनजातिले आफ्नो मुलुकका गीतलाई भन्दा बढी रुचाएर गाउन थाले फलस्वरूप छोटो समयमा नै गीतहरू लोकप्रिय बन्न पुग्यो ।

[40] देवकान्त पन्त, ‘सम्पा’, **डोटेली लोकसाहित्य एक अध्ययन**, (काठमाडौँः नेपाल र एशियाली अध्ययन संस्थान, २०३२),पृ. १०४ ।
[41] घनश्याम उपाध्याय कँडेल, **केही अन्वेषण केही विश्लेषण**, (काठमाडौँः भीमसेन थापा, २०४०), पृ. ५ ।

तिनै गीतका माध्यमबाट पौड्यालहरूले नेपाल एकिकरण कार्यमा समेत मद्दत पुऱ्याएका थिए । त्यसैले तिनीहरूलाई नेपाली लोकगीतका फाँटमा झ्याउरे गीतहरूका भाकाका बीजारोपक मानिन्छ ।[42] नेपाली लोकगीतको विकासक्रममा मौखिक परम्पराका अतिरिक्त लहरी, सवाई, झ्याउरे आदि लोकलयमा लेखिएका रचनाहरूले पनि ठूलो योगदान दिएका छन् । यस्ता लोकलयमा लेखिएका रचनाहरूमा वसन्त शर्माको समुद्रलहरी, दानराज लामिछानेको बाह्रमासा, महानन्द सापकोटाको मदनलहरी, महाकवि लक्ष्मीप्रसाद देवकोटाको मुनामदन आदि पर्दछन् । कतिपय यी लहरीहरू अश्लीलताका झलकका कारण लोकजीवनमा भिज्न नसक्ने देखिन्छन् भने महानन्द सापकोटाको मदनलहरी र लक्ष्मीप्रसाद देवकोटोको मुनामदनमा भएको लोकलयका कारण लोकमानसमा अति नै लोकप्रिय बन्न सफल भएका छन् । नेपाली लोकगीत २००३ सालपूर्व मौखिक रूप मै बाँचेको थियो भन्दै पुराना कवि र कवितामा नेपाली इतिहास, भाषा, साहित्यका अन्वेषणकर्ता बाबुराम आचार्यले कालान्तरमा मात्र लोकगीत लिखित रूपमा आएको प्रसङ्ग कोट्याएक छन् ।[43]

लोकगीतको मौखिक रूपमा सुरुवात कहिलेदेखि भयो भन्ने कुराको ठोस प्रमाण प्राप्त नभए पनि लोकगीतको सङ्कलन गर्ने पहिलो प्रयास भने वि. सं. २००३ को 'शारदा' पत्रिकामा धर्मराज थापा र सत्यमोहन जोशीले देखाए । त्यसपछि वि. सं. २००७ मा रेडियो नेपालको स्थापना भएपछि विभिन्न लोकगीत प्रसारित हुन थाल्यो । यस कार्यले धेरै व्यक्तिहरूमा नेपाली लोकगीतप्रति रुचि बढ्न गयो भने लोकगीतको सङ्कलन र अध्ययन कार्यमा 'रेडियो नेपाल' धर्मराज थापा, काजीमान कन्दङ्वा आदिको सक्रियतामा २००९-१० सालमा 'लोकगीत सङ्ग्रहालय' को पनि स्थापना भयो जसले लोकगीतलाई अझ व्यापक र विस्तृत रूपमा सङ्कलन गर्ने कार्य गऱ्यो । **रोयल नेपाल एकेडेमी** (२०१४) जस्तो संस्थाका साथै **डाँफेचरी** ( द्वैमासिक, २०१०), **हाम्रो संस्कृति** (त्रैमासिक, २०२३), **सङ्गीत सरिता** (त्रैमासिक, २०२७), **वागीना** (त्रैमासिक, २०३०) जस्ता पत्रपत्रिकाको पनि लोकगीत सङ्कलन र अध्ययनमा महत्वपूर्ण भूमिका रहेको छ ।

वि. सं. २०११ मा सत्यमोहन जोशीको **नेपाली लोकगीत एक अध्ययन** शीर्षकमा एउटा ग्रन्थ प्रकाशित भयो भने २०१३ सालमा उनकै अर्को कृति हाम्रो **लोक संस्कृति** ले मदन

[42]कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास**, पूर्ववत्, पृ. १२१-२३ ।
[43] बाबुराम आचार्य, **पुराना कवि र कविता**, (काठमाडौँ : साझा प्रकाशन, २०३४), पृ. १ ।

पुरस्कार प्राप्त गऱ्यो जसमा लोकगीतको अध्ययन, सङ्कलन र सम्बर्द्धनका क्रममा योगदान पुऱ्याउने व्यक्तिहरूमा हाजिरमान राईको **मीठा-मीठा नेपाली गीत** (१९५७), बहादुरसिंह बरालको बरालको **आँशु** (१९७९), लक्ष्मण लोहनीको **रोदीघर** (२०१३), धर्मराज थापाको **मेरो नेपाल भ्रमण** (२०१६), **हाम्रो लोकगीत** (२०२०), **गण्डकीका सुसेली** (२०३०), धर्मराज थापा र हंसपुरे सुवेदीको **नेपाली लोकसाहित्यको विवेचना** (२०४१), काजिमान कन्दङ्वाको **नेपाली जनसाहित्य** (२०२०), आर. डि. र एल. एल. को **नेपालका विभिन्न जाति र लोकगीत एक परिचय** (२०२३), कालीभक्त पन्तको **हाम्रो सांस्कृतिक इतिहास** (२०२८), **गीत सुधारको बाटोमा**, हरिराज जोशीको **सङ्गिनी** (२०२८), **सोरठी** (२०३३), विष्णु तिमल्सिनाको **नेपाली लोकगीत सङग्रह** (२०४८), सुवि शाहको **नेपाली लोकगीतको झलक** (२०६२), नेपाल र एसियाली अध्ययन संस्थानको आयोजनामा देवकान्त पन्तद्वारा सम्पादित **डोटेली लोकसाहित्य** (२०३२), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको आयोजनामा तुलसी दिवसद्वारा सम्पादित नेपाली **लोकसंस्कृति सङ्गोष्ठी** (२०३५) आदि महत्त्वपूर्ण छन् ।

लोकगीतको विकासक्रमलाई हेर्दा हामीले रेडियो नेपाल, रत्न रेकर्डिङ संस्थान, म्युजिक नेपाल जस्ता संस्थानहरूको योगदानलाई पनि बिर्सनु हुँदैन । यी संस्थानहरूले नेपाली लोकगायक गायिकाहरूको गीतहरूलाई रेकर्डिङ् गरेर बजारमा उपलब्ध गराउन मद्दत गरेका छन् भने रेडियो नेपालले वर्षेनी राष्ट्रियस्तरको लोकगीत प्रतियोगिता गराएर नेपाली लोकगायक-गायिकाहरूलाई प्रोत्साहन गर्ने कार्य गर्दै आएको थियो । नेपालका ख्यातिप्राप्त लोकगायक-गायिकाहरू धर्मराज थापा, कुमार बस्नेत, राम थापा, बमबहादुर कार्की, तारा थापा, टङ्क के.सी., लालबहादुर खत्री (खाती), राजाराम महत, भगवान भण्डारी, बद्री पङ्गेनी, कोमल ओली, रेखा शाह, लक्ष्मी शाह, सावित्री शाह, तीर्थकुमारी, झलकमान गन्धर्व, मदनद्वीप बम, कृष्णसुधा ढुङ्गाना, हरिदेवी कोइराला आदिको योगदानलाई पनि भुल्न सकिदैन ।

यद्यपि कतिपय गायक-गायिकाहरूको गीतमा अश्लिलताको मात्रा बढ्नु, ग्रामीण लोकजीवनमा गाइने लोकगीतको सङ्कलन स्थानीय स्तरमा नगरी राजधानीको कोठामा सृजना गर्नु, पुराना लोकगीतहरूलाई पप ढाँचामा प्रस्तुत गर्नु, श्रुतिमधुर भएर पनि छायाङ्कन र प्रस्तुतिमा भने अश्लिलता भेटिनुले पनि नेपाली लोकगीतप्रति मानिसहरूको सोचाइमा

नकारात्मकता पैदा हुने डर त छँदैछ त्यसको साथै नेपाली लोकगीतको असली पहिचान मेटिने सम्भावना भने बढी देखिन्छ ।

नेपाली लोकगीतको अनुसन्धानमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल सरकार संस्कृति विभाग, नेपाल तथा एसियाली अनुसन्धान केन्द्र, रेडियो नेपाल, नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, नेपाल वान, च्यानल नेपाल, इमेज च्यानल, देशभर सञ्चालित एफ. एम. म्युजिक नेपाल, धौलागिरी क्यासेट सेन्टर आदि जस्ता संस्थानहरूबाट भएका अनुसन्धान तथा प्रवर्द्धन कार्यहरू पनि महत्त्वपूर्ण छन् भने त्रिभुवन विश्वविद्यालयले विभिन्न तहका पाठ्यक्रममा लोकसाहित्यलाई समावेश गर्नुका साथै स्नातकोत्तर तहको नेपाली विषयको आठौँ पत्रको प्रयोजनका निमित्त शोधकार्यको लागि लोकसाहित्को विधाहरूलाई स्थान दिनाले केही हदसम्म लोकगीतको संरक्षणमा टेवा पुगेको देखिन्छ । नेपाली लोकगीतको क्षेत्रमा दर्जनौँ कृतिको प्रकाशन र गीतहरूको सङ्कलन गर्दै क्यासेटहरू बजारमा ल्याइए पनि गुणात्मक हिसाबले जति उपलब्धी हासिल गर्नु पर्ने हो त्यति भने हुन सकेको देखिदैन ।

# चौथो परिच्छेद

# धादिङ जिल्लामा प्रचलित नेपाली लोकगीतहरूको सङ्कलन र वर्गीकरण

## ४.१ धादिङ जिल्लामा प्रचलित नेपाली लोकगीतहरूको सामान्य परिचय

वागमति अञ्चलमा पर्ने धादिङ जिल्ला राजधानी निकट रहेर पनि दुर्गम क्षेत्रको रूपमा चिनिन्छ । विकासका पूर्वाधाराहरूको कमी रहेको यस जिल्ला लोकसंस्कृतिका क्षेत्रमा भने धनी मानिन्छ । विशेष गरी नेवार, गुरुङ, मगर, तामाङ, कुमाल, क्षेत्री, ब्राह्मण, दमाई, कामी, चेपाङ आदि जातिहरूको बसोबास रहेको यस जिल्ला लोकगीत क्षेत्रमा भने वैभवशाली मानिन्छ । यहाँका बासिन्दाहरुले दिनभर मेलापात गरी साँझपख घर फर्कने क्रममा आफ्नो मनलाई बहलाउने साधनका रूपमा लोकगीतलाई प्रयोग गर्ने कार्य गर्नुका साथै आफ्ना पीर, मर्का, विरह र वेदनाका सुस्केराहरूलाई लोकगीतका माध्यमबाट प्रस्तुत गर्ने गर्दछन् । पूजाआजा गर्दा यहाँका बूढापाकाहरू रातभर भजनकिर्तन गर्ने गर्दछन् भने मेला, पर्व आदिमा युवायुवतीहरू दोहरी गीत गाएर आफ्नो प्रेमभाव व्यक्त गर्ने गर्दछन् । गृहिणी महिलाहरू आफ्ना बालबालिकाहरूलाई बालगीत गाएर खेलाउने, खाना खुवाउने र सुताउने काम गर्दछन् । यसका अतिरिक्त घाँसदाउरा गर्न जाँदा रसिया गीत गाउने, असारमा धान रोप्दा असारे गीत गाउने, मङ्सिरमा धान झाट्दा दाइँगीत गाउने, क्षेत्रीको विवाहमा खाँडोगीत गाएर खाँडो जगाउने, दशैँमा मालश्री र चाँचरी गाउने, हरितालिकाका दिन दिदीबहिनीहरूले तीजे गीत गाउने, विवाहमा माहल गाउने, सिलोक हाल्ने, लक्ष्मीपूजाको दिन भैलो गाउने, तिहारमा देउसी गाउने, वनपाखामा बाह्रमासे, झ्याउरे गीत गाउने चलन आज पनि उत्तिकै रूपमा यहाँ पाइन्छ । साथै यहाँका गुरुङ, मगर र कुमाल जातिले घाटु, सोरठी गाउँने गर्दछन् भने तामाङहरूले सेलो, म्हेन्दोमाया गीत गाएर आफ्ना मायाप्रितिका भावना व्यक्त गर्ने गर्दछन् ।

यहाँका वनजङ्गल, हिमाल, पहाड तथा प्राकृतिक सुरम्य वातावरणले यहाँका बासिन्दाहरूलाई लोकभाकामा लोकगीत गाउन प्रेरित गरिरहेको हुन्छ भने यहाँ बग्ने त्रिशुली, आँखु, बुढी गण्डकी नदीको गुन्गुनाहटमा पनि लोकभाकाका सुस्केराहरू गुञ्जिरहेका हुन्छन् । त्यसैले होला यस जिल्लाले राष्ट्रियस्तरका ख्याति प्राप्त सुवि शाह, रेखा शाह, लक्ष्मी शाह,

नवराज लम्साल जस्ता थुप्रै कलाकार जन्माउन सफल भएको छ । यी बाहेक थुप्रै जिल्लास्तरीय लोकगायक-गायिकाहरूले आफ्नो स्वर रेकर्डिङ गराएर लोकगीतका एल्बम पनि निकालेका छन् ।

## ४.२ धादिङ जिल्लामा प्रचलित नेपाली लोकगीतको सङ्कलन र वर्गीकरण

लोकगीत लोकजीवनको भावमय उद्‌गार हो । लोकसुस्केरामा उकाली-ओराली, भञ्याङ, चौतारी, वनपाखा, मेलापर्व आदिमा प्रेमभाव, व्यथा-पीडा, वेदना र करुणाका भावहरू स्वस्फूर्त भएको हुन्छ । पौराणिक कालदेखि लोकगीतले मनोरञ्जन प्रदान गर्नुका साथै सम्पूर्ण नेपालीहरूलाई एकताका सुत्रमा बाँध्ने काम गर्दै आएको छ । लोक भन्नाले त्यो समुदायलाई बुझिन्छ जहाँ भिन्न रुचि र प्रवृत्तिका मान्छेहरू हुन्छन् । तिनकै सरल र प्रकृतिगत भिन्नता मानिस पिच्छे अलगअलग हुन्छ । त्यसकारणले पनि लोकगीतमा विभिन्न प्रवृत्तिगत भिन्नताहरू देखा परेका हुन्छन् । प्राकृतिक सुन्दरताले मोहित भएर मानवको अन्तर्हृदयबाट प्रस्फुटित स्वर र शब्दको मेल नै लोकगीत हो । तसर्थ अभिव्यक्तिगत भिन्नताका हिसाबले, स्वरूपगत भिन्नताका हिसाबले, कालक्रमगत भिन्नताका हिसाबले लोकगीतमा प्रशस्त विविधता पाइन्छ । यही विविधतालाई ध्यानमा राखेर विभिन्न विद्वानहरूले लोकगीतको वर्गीकरण गर्ने कार्य गरेका छन् । ती वर्गीकरणहरू सबै क्षेत्र र सबै खाले लोकगीतका लागि उपयुक्त हुन्छ भन्न सकिदैन । न त कुनै समीक्षकले आफ्नो समय र क्षेत्रीयतालाई उपेक्षा नै गर्न सक्छ । यति हुँदाहुँदै पनि विद्वान्हरूले गरेका वर्गीकरण र पत्ता लगाएका तत्त्वहरूसँग सर्वथा सहमत हुन भने सकिन्छ ।

लोकगीतको वर्गीकरणका क्रममा भारतीय विद्वान्हरू पं. रामनरेश त्रिपाठी, पं. सूर्यकिरण पारिक, डा. कृष्णदेव उपाध्याय, मोहनलाल बाबुलकर आदिले देखाएको बाटोबाट आधारभूत प्रेरणा प्राप्त गर्न सकिन्छ । साथै लोकगीतका अनुसन्धानका लागि नेपाली विद्वान्हरू सत्यमोहन जोशी, धर्मराज थापा र हंसपुरे सुवेदी, काजीमान कन्दङ्वा, डा. ईश्वर बराल, कालीभक्त पन्त, चूडामणि बन्धु, कृष्णप्रसाद पराजुली आदिका वर्गीकरण पनि कम प्रभावशाली छैनन् । यी आदरणीय अग्रज विद्वान्हरूले गरेका वर्गीकरणहरूबाट पर्याप्त प्रभाव ग्रहण गर्दै स्थानीय लोकगीतका प्रकृति र विशेषताहरूलाई पनि ध्यानमा राख्दै यस क्षेत्रमा (धादिङ जिल्लाको आँखुदेखि त्रिशुलीसम्म) पाइने लोकगीतलाई निम्न लिखित आधार सङ्ख्यामा विभाजन गर्न सकिन्छ ।

### ४.२.१ जातिका आधारमा

विशेष गरी क्षेत्री, ब्राह्मण, मगर, तामाङ, नेवार, गुरुङ, दमाई, कामी, सार्की, कुमाल, चेपाङ आदि जातिहरूको बासस्थान रहेको धादिङ जिल्ला विविध संस्कृतिको धनी मानिन्छ । यस जिल्लामा जातजाति अनुसारको आफ्नै धर्म, संस्कृति, रीतिरिवाज, चालचलन, भेषभूषा पाइन्छ । उदाहरणको लागि माँगल गीत बाहुन (ब्राह्मण) समाजमा मात्र गाइन्छ भने सोरठी, घाटु प्रायः गुरुङ, मगर जातिले गाउँछन् । त्यस्तै गरी सेलो, म्हेन्दोमाया तामाङ जातिले मात्र गाउने गर्दछन् भने तीजको गीत स्वास्नी मानिसले मात्र गाउने र दाइँगीत लोग्नेमान्छेले मात्र गाउने गर्दछन् । यसरी हेर्दा यस क्षेत्रका गीतहरू जातिका आधारमा पनि छुट्टिन्छन् ।

### ४.२.२ कार्यका आधारमा

धादिङ जिल्ला दुर्गम क्षेत्र, ग्रामीण समाज र कृषकहरूको समाज हो । यहाँका मानिसहरू आफ्नो काम गर्दा केही न केही गुन्गुनाइरहेका हुन्छन् । उनीहरूले गुन्गुनाहटमा लोकभाकाका सुमधुर ध्वनि मिश्रित लोकगीत पाइन्छ । ती गीतहरू उनीहरू आफ्नो थकाइ, पीर, मर्का, वेदना भुल्नका लागि गाउने गर्दछन् । त्यस्तै गरी दाइँ गर्न जाँदा दाइँगीत गाउने गर्दछन् भने मेला पर्व आदिमा दोहोरी गाउने गर्दछन् । दशैंमा मालश्री, चाँचरी, तिहारमा देउसी, भैलो, विवाहमा रत्यौली, तीजमा तीजे गीत गाउने गर्दछन् । यी गीतहरूका आ-आफ्नै विशेषता छन् । असारे गीत न त मङ्सिर मै गाउन मिल्छ न त रोपाईमा माँगल गाउन मिल्छ । अतः कर्मका आधारमा पनि यस क्षेत्रका लोकगीतलाई वर्गीकरण गर्न सकिन्छ ।

### ४.२.३ उमेरका आधारमा

मानिसको जीवनलाई तीन खण्डमा वर्गीकरण गर्न सकिन्छ । (क) बालक (ख) युवा र ( ग) वृद्ध । यिनै आधारलाई मानेर लोकगीतलाई पनि तीन भागमा वर्गीकरण गर्न सकिन्छ । बालगीत (लोरी र खेलगीत), युवागीत (प्रेमप्रसङ्गका ,रोइला, झ्याउरे, दोहरी आदि), वृद्धगीत ( भजन), । यस क्षेत्रका मानिसहरूले आफ्ना बालबालिका खुवाउँदा, खेलाउँदा र सुताउँदा बालभाषाका रमाइला गीतहरू गाउने गर्दछन् जसलाई बालगीतअन्तर्गत राख्न सकिन्छ । यसैगरी मेलापर्व गर्न जाँदा, घाँसदाउरा गर्न जाँदा, जात्रामात्रामा यहाँका युवायुवतीहरू दोहोरी गाउने गर्दछन् जुन गीत प्रेमप्रसङ्गसँग सम्बन्धित् हुन्छन् । ती गीतलाई युवागीतअन्तर्गत राख्न

सकिन्छ भने यहाँका वृद्धा अवस्थाका मानिसहरू आफ्नो बूढ्यौलीको उराठलाग्दो जिन्दगी काट्न एक ठाउँमा भेला भएर भगवानको भजनकीर्तन गर्ने गर्दछन् जसलाई वृद्धागीतअन्तर्गत राख्न सकिन्छ ।

### ४.२.४ प्रस्तुतिकरणका आधारमा

लोकगीतलाई प्रस्तुत गर्ने विभिन्न शैली छन् । कुनै लोकगीत वाद्यवाधनविना नै प्रस्तुत गर्न सकिन्छ भने कुनै लोकगीत मादल, खैजडी, मुजुरा, सारङ्गी, तबला जस्ता वाद्यवाधनको प्रयोग गरेर गाइन्छ । त्यसैगरी कुनै लोकगीत एक्लै गाइन्छ भने कुनै गीत समूहमा गाइन्छ । कुनै चाहिँ प्रश्नोत्तर शैलीमा गाइन्छ । धादिङ जिल्लामा प्रचलित लोकगीतहरू रसिया, सिलोक, तीजे गीत, दाइँगीत आदि वाद्यवाधनविना गाइन्छ भने घाटु, सोरठी, सेलो, भजन आदि वाद्यवाधनको प्रयोग गरेर गाइन्छ ।

### ४.२.५ लय/छन्दका आधारमा

धादिङ जिल्लाका लोकगीतलाई लय वा छन्दका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । यहाँ प्रचलित लोकगीतहरू कुनै ठाडा भाकामा, कुनै घुमाउरो भाकामा, कुनै छोटो भाकामा त कुनै लामो भाका आदिमा गाइन्छ । माँगललाई झ्याउरेको भाकामा गाउन सकिन्न न त तीजे गीतलाई खाँडोको भाकामा गाइन्छ । गीतको प्रकृति अनुरूप त्यसलाई गाउने शैलीमा अन्तर हुन्छ । एउटा मर्मज्ञ लोकगायकले लयको आधारमा गीतको प्रकृति र प्रवृत्ति पहिल्याउन सक्दछ ।

### ४.२.६ रसभावको आधारमा

लोकगीत जनमानसको सुख र दुःखको क्षणमा मनमा उब्जने भावहरूको लयात्मक अभिव्यक्ति हो । दुःखको क्षणमा निस्कने भावहरू विरह र वेदनाले भरिएका हुन्छन् । यस्ता खाले गीतमा करुण र शान्त रसको अभिव्यक्ति पाइन्छ भने सुखको क्षणमा निस्केका भावहरूमा श्रृङ्गार र हाँस्य रसको अभिव्यक्ति पाइन्छ । विभिन्न परिवेश तथा परिस्थितिले विभिन्न रस, भाव उत्पन्न गराइदिन्छ । चुड्का, झ्याउरे, दोहोरी गीतहरूमा प्रायः श्रृङ्गार रस, खाँडो जगाउने

गीतमा वीर रस, वीरह गीतहरूमा करुण रस, भजनमा शान्त रस, सिलोकहरूमा हाँस्य रस आदि पाइन्छ । यिनै आधारमा धादिङ जिल्लाको लोकगीतलाई पनि वर्गीकरण गर्न सकिन्छ ।

### ४.२.७ विषयवस्तुको आधारमा


विषयवस्तुका आधारमा यस जिल्लाका गीतलाई मोटामोटी रूपमा ५ प्रकारले विभाजन गर्न सकिन्छ - (१) धार्मिक (२) पौराणिक (३) ऐतिहासिक (४) संस्कारमूलक र (५) सामाजिक ।

भजनकीर्तनलाई धार्मिकमा ,भैलो, देउसी, घाटु, सोरठीलाई पौराणिकमा, खाँडोलाई ऐतिहासिकमा, माँगल आदिलाई संस्कारमा र अन्य झ्याउरे, बाह्रमासा, तीज, दोहोरी आदिलाई सामाजिक गीतअन्तर्गत राख्न सकिन्छ ।

## ४.३ वर्गीकरणका प्रकार

माथिका विभिन्न आधारहरूले धादिङ जिल्लाका लोकगीतमा पाइने विविधता र व्यापकताको परिचय अवश्य दिन्छन् तर कुनै एउटै मात्र आधारमा केन्द्रित भएर यहाँका सम्पूर्ण लोकगीतहरूको विशेषता र विभिन्नतालाई समेट्न गाह्रो पर्ने हुनाले तथा वर्गीकरणलाई अलि बढी वैज्ञानिक एवम् सरल बनाउनका लागि समग्रतामा माथि दिइएका आधारहरूलाई नै आधार बनाइ यस भेगका लोकगीतलाई निम्न भागमा वर्गीकरण गर्न सकिन्छ - (क) संस्कारगीत (ख) ऋतु पर्वगीत (ग) व्रत, उत्सव तथा नृत्य गीत (घ) श्रमगीत (ङ) बाह्रमासेगीत (च)विविध गीत ।

धादिङ जिल्लामा प्रचलित लोकगीतको प्रकारगत वर्गीकरण :




### ४.३.१ संस्कारगीत

मानव जातिले गर्भाधानदेखि मृत्युपर्यन्तसम्म गर्ने जुन संस्कर छन् ती संस्कारमा गाइने गीत नै संस्कार गीत हुन् । संस्कार भन्नासाथ अवगुण र दोषलाई हटाएर परिष्कार परिवर्तन

गर्नु भन्ने हुन्छ ।[44] वेदमा ब्राह्मण जातिको गर्भाधानदेखि अन्त्येष्टिसम्म १६ संस्कार हुन्छन् भन्नेकुराको उल्लेख पाइन्छ ।[45] यस्ता संस्कारहरूमा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्रासन, चूडाकरण, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि प्रमुख छन् । नेपाली समाजमा यी सबै कर्म विधिविधानपूर्वक गर्ने गरेको नपाइए पनि सामान्यतया नामकर्म, अन्नप्रासन, उपनयन, विवाह र अन्त्येष्टि गर्ने परम्परा भने आज पनि चलिरहेको छ । यस्ता कर्म गर्दा कतिपय ठाउँहरूमा माँगल (माहल) गाउने परम्परा नेपाली समाजमा आज पनि भेटिन्छन् । विशेष गरी नेपालको पश्चिमी भेगको कर्णाली प्रदेश र सुदूरपश्चिमाञ्चलतिर अझै पनि जन्म, नामाकरण, अन्नप्राशन, चूडाकर्म, व्रतबन्ध, विवाह आदि संस्कारहरूमा र ती भित्रका स-साना क्रियाहरूमा माहल गाउने प्रचलन छ । त्यस अलावा अन्य ठाउँहरूमा शहरी वातावरण शिक्षादीक्षा र आधुनिक सभ्यताको विकासले गर्दा यस्ता चलनहरू बिस्तारैबिस्तारै हराउँदै जान थालेका छन् ।

धादिङ जिल्लामा भने विवाह र व्रतबन्धमा मात्र माहल गाउने चलन छ । यी बाहेकका संस्कारहरूमा माहल गाउने प्रचलन पाइँदैन । माहल गाउने प्रचलन ब्राह्मण, क्षेत्री र ठकुरी समाजमा मात्र पाइन्छ । 'माहल' शब्द संस्कृतको मङ्गल शब्दबाट बनेको हो । यसको अर्थ मङ्गल वा शुभकामना हुन्छ । यस्ता गीतहरू प्रायः प्रौढ महिलाहरूले गाउने गर्दछन् । यस्ता गीतहरूमा बाजाको प्रयोग गरिदैन । यसको भाका लामो र घुमाउने किसिमको हुन्छ । विवाह र व्रतबन्धका प्रासङ्गिक कार्य नै यसका विषयवस्तु हुन् । यसमा सामान्यतया शान्त र करुण रसको प्रधानता पाइन्छ । धादिङ जिल्लामा प्राप्त माहल गीत यसप्रकार छन् :

### ४.३.१.१ भार बाँध्दा र गणेश बाट्दा गाइने माहल

व्रतबन्ध र विवाहको शुभ कार्यमा अघिल्लो दिन मै जगिया बनाउने र कसार बाट्ने काम गरिन्छ । कसार बाट्दा सबैभन्दा पहिले भुटेको पीठोलाई खुदोमा मुछी गणेशको आकारको डल्लो बनाइन्छ । यसैगरी सोही समयमा उखुको ढाँकमा दहीको ठेकी वा भूँडको अड्याई त्यसैमा केरा, साग, घिउ, माछा आदि बाँधेर भान्सामा राखिन्छ । यसैलाई नै भार बाँध्ने भनिन्छ

[44]धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, पूर्ववत्, पृ. १०८ ।
[45] पूर्ववत्, पृ. १०८–१०९ ।

। यसरी भार बाँधेर गणेश बाटीसकेपछि तेह्र दिनभित्रका आफन्तहरूमा जुठो, सुतक परेमा पनि उक्त शुभकार्य रोकिँदैन । यस अवसरमा गाइने माहल गीत यसप्रकार छः

*सगुनै दिउँला किओइ किओइ*
*हे सगुनै घरीपुर पाटनका भलो है*
*पालुङ्गोको साग, घिउ, गुण, दही, माछा*
*दाइँ बाजा शङ्खै घण्ट धौलै गृहमा*
*गणेश देव जीवो जनमे*
*हे सगुनै धरीपुर पाटनका भलो है*
*दुलाह देव जीवो जनमे ।*[46]

## ४.३.१.२ व्रतवन्धको माहल

हिन्दू धर्मअनुसारका सोह्र संस्कारहरूमध्ये व्रतबन्ध एउटा महत्वपूर्ण संस्कार हो । व्रतबन्ध नगरेको बालक कर्म नचलेको भनी हरेक देवकार्य र पितृकार्यमा अयोग्य ठहरिन्छ । यदि बालकको व्रतबन्ध गरेको छैन भने उसले आफ्नो आमाबुबाको पनि काजक्रिया गर्न पाउँदैन । त्यस्तैगरी यदि व्रतबन्ध नगरी बच्चा जन्मायो भने त्यो बच्चा आफ्नो बाबुको जातभन्दा एक तह तल झर्दछ । यसैले व्रतबन्ध हिन्दू धर्ममा अनिवार्य मानिन्छ । व्रतबन्धका मुख्य क्रिया चेलीबेटी आमन्त्रण गर्नु, जगिया बनाउनु, कसार बटार्नु, आभ्युदयिक श्राद्ध गर्नु, बटुकको कपाल काट्नु, भिक्षादान गर्नु, गायत्री मन्त्र सुन्नु, विद्या अध्ययनका निम्ति परदेश जानु आदि हुन् । यी कार्य प्रायः ब्राह्मण, क्षत्री र ठकुरी जातिमा व्यापक रूपमा पाइन्छ । यस्ता संस्कार कर्म गर्दा माहल गाइन्छ परन्तु परम्परागत संस्कारमा आएको शिथिलताका कारण प्रत्येक कार्यमा गाइने माहल गीत हराउँदै गएको छ । व्रतबन्धमा गाइने माहल गीत यसप्रकारको छ :

**व्रतबन्धको माहल**

*सानो-सानो बालो मेरो खेल्न भनी पठाएँ*
*कसले र पहिराइदियो वैरागीको भेष*
*कसले र पहिराइदियो वैरागीको भेष*

[46] सङ्कलन स्रोत : देवी ढुङ्गाना, मुरलीभञ्ज्याङ्ग, धादिङ ।

*पिपलुको रूखमुनि गुरु बाबा बसेका*
*उनैले र पहिराइदिए वैरागीको भेष*
*हिजोसम्म मेरो बाला आँगनीमा खेल्दथ्यौ*
*आज तिम्रो चुडाकरीम*
*हिजोसम्म मेरा बाला शिउर कपाल बाट्थ्यौ*
*आज तिम्रो चुडाकरीम*
*वारि भइन् जामुना पारि भइन् गङ्गा*
*किन गङ्गा यति धमिली*
*जैले हाम्रो बालाको वर्तमान कर्म होला*
*उहिले हुँला निरमल जल* [47]

### ४.३.१.३ विवाहको अवसरमा गाइने माहल

विवाह हिन्दू धर्मावलम्बीहरूको सबैभन्दा ठूलो संस्कार हो । यसलाई षोडशसंस्कारमध्ये पनि प्रमुख र महत्वपूर्ण संस्कारको रूपमा मानिन्छ किनभने समाज र पारिवारिक (गृहस्थ) जीवनको मूल आधार विवाह हो । वैवाहिक संस्कारमा पण्डितद्वारा वैदिक मन्त्र वाचन गराइन्छ भने प्रौढ महिलाहरू पनि त्यही कार्य अनुरूपको गीत गाउने गर्दछन्  जसको नमूना तल प्रस्तुत गरिएको छः

**विवाहको माहल**

*लगन भयो.........लगन भयो....*
*शुभै लगन.........भैगयो आज देवता.....शुभ जग्गेमा*
*आऊ देवता.......शुभ जग्गेमा ......*
*यसै गृहमा वेदै पाठ......गरेको.......*
*कसै आऊ शुभै गृहमा .....*
*नर यसै गृहमा......बाछा, पाठा नाचेको*
*कसै आऊ यसैगृहमा कसै आऊ यसै गृहमा ।*[48]

[47] सङ्कलन स्रोत : गंगा अधिकारी, सुनौला बजार, धादिङ ।

### ४.३.१.४ खाँडो गीत

खाँडो शब्द संस्कृतको खड्ग शब्दबाट आएको हो । नेपाली बृहत् शब्दकोशमा खाँडो शब्दको अर्थ क्षेत्री जातिहरूको विवाहको समयमा मण्डपमा हातमा तरबार लिएर गाइने राजस्तुति, वीरगाथा आदि हुन् भनेर उल्लेख गरेको पाइन्छ ।[49] नेपालका शाहवंशीय राजाहरूका पुर्खा चित्तौडका राजपुतहरू हुन् र उनीहरू जुनबेला पश्चिमतिरबाट नेपाल पसे त्यति नै बेला तिनले आफ्ना कुल देवता, कूलपरम्परा र कूलका हरेक शासकको मुख्य हतियार खाँडो (खड्ग) पनि ल्याएका थिए । 'खाँडो जगाउनु' भनेको खड्गमा धार लगाउनु हो । शाहवंशका पुर्खा जैन खानले खिलुङ (स्याङ्जा, गण्डकी अञ्चल) आई रणकाली (देवी) को स्थापना गरी खाँडो जगाउने परम्पराको सुरुवात गरेका हुन् ।[50] युद्धमा लड्न जाने सैनिकहरूमा वीरताको भाव उमार्न र विजयोत्सवमा खड्ग वा खुकुरी नचाएर गाइने खाँडो गीत विवाह जस्तो संस्कारमूलक कार्यमा किन गाउन थालियो भन्ने खास प्रामाणिक कारण नपाइए तापनि विवाहमा गाउनुको मूल कारण चाहिँ क्षेत्रीहरूमा कन्यापक्षलाई जिती कन्या अपहरण गर्ने तथा अपहृत कन्यालाई शत्रुबाट जोगाएर लानुपर्ने र त्यसका निमित्त लडाइँको पनि सम्भावना रहने हुनाले लडाइँका लागि वीर जन्तीहरूलाई तम्तयार रहन वीरतापूर्ण खाँडो जगाउने परम्परा बसेको हो भन्ने मत पाइन्छ ।

विवाहको मण्डपमा विवाहसँग सम्बन्धित् सम्पूर्ण कार्य सकिएपछि जन्तीपक्षको एकजना खाँडो भन्न सक्ने व्यक्तिले वरवधुका अगाडि हातमा खड्ग लिएर काम्दै खाँडो भट्याउँदै जान्छ । अन्त्यमा सकिएपछि 'बैरीका थाप्लोमा ठ्याक, ठ्याक, ठ्याक' भन्दै जग्गेमा गाडिएको केराको खम्बालाई खड्गले हानेर खाँडो गीतको अन्त्य गरिन्छ । एक-दुई जना पुराना पुस्ताका वृद्धहरूबाहेक अहिलेको नयाँ पुस्तामा यस्तो गीतको जानकारीसमेत पाइँदैन । धादिङ जिल्लामा प्रचलित खाँडो गीतको एउटा नमूना तल प्रस्तुत गरिएको छः

*प्रथम गणेश पुन्य पुकार है*
*सावित साबुत मया कोखीसाला है*
*विजय सपना भए वनारसी बासा है*

---

[48] सङ्कलन स्रोत : भगवती भण्डारी, नीलकण्ठ ३, धादिङ ।
[49] बालकृष्ण पोखेल र अन्य'सम्पा',**नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ. २९४ ।
[50] कालीभक्त पन्त, **हाम्रो सांस्कृतिक इतिहास**, पूर्ववत्, पृ. १४८

*कोटी लिङ्ग, कोटी टेकु नारीको ढोका छेकु,*
*नजर पाटन, नियाँ नीति चौदण्डीको लापसाँ*
*हेटौँडाको जगर खाई फर्को राजा आफै घर*
*नेपालको पाए बर*
*अब जाम्ला काशी है ।*[51]

## ४.३.१.५ रत्यौली गीत

हिन्दू धर्मको षोडश संस्कारमध्ये सबैभन्दा महत्त्वपूर्ण संस्कारको रूपम विवाहलाई लिइन्छ । विवाहको अवसरमा घरपरिवार, छरछिमेक र नाता कुटुम्ब सबै हर्षोल्लासित हुन्छन् । त्यही उल्लासको अभिव्यक्तिको रूपमा रत्यौली खेल्ने प्रचलन विशेषतः बाहुन, क्षेत्री, नेवार, दमाई, सार्की आदि जातिहरूमा पाइन्छ । रत्यौलीको आरम्भ विवाहको उत्सवमा जन्ती बेहुलीघरतिर गइसकेपछि दुलाहापट्टिका आफन्त र छरछिमेकका आइमाईहरूद्वारा दुलाहा कै घरको आँगनमा हुन्छ । दुलाहालाई अन्माउँदा ग्रहशान्तिका निम्ति विधिवत् रूपले दियो बालेर दुलही नभित्र्याइन्जेल ननिभाई कुर्नुपर्ने हुन्छ । यसबेला रातभरि रमाइलो गर्दै नाचगान गरिनुलाई रत्यौली खेल्नु भनिन्छ ।[52] रत्यौली शब्द 'रात' मूल शब्दमा 'एली', 'एउली' र 'याली' प्रत्यय लागेर बन्दछ ।[53] बुढापाकाका अनुसार पनि नाच्दै, गाउँदै रात काट्नुपर्ने भएकोले यसको नाम 'रत्यौली' हुन गएको हो ।

शहरतिर हिजोआज पुरुष-महिला सबै जन्त जाने र विवाह पनि एकै दिनमा सकाइने प्रचलन बढ्न थालेकोले ग्रामीण भेगको तुलनामा शहरतिर यसको प्रचलन हराउँदै गएको छ । गाउँघरमा चाहिँ रत्यौली खेलेको ठाउँमा पुरुषलाई आउन वञ्चित गरिन्छ र स्वतन्त्र भई आइमाईहरू प्रेमपरक, हाँस्यव्यङ्गपरक, अश्लील खालका गीत गाउँदै, नाच्दै मनोरञ्जन गर्ने गर्दछन् । रत्यौली खेल्दा विशेषगरी दुलाहाकी आमा, दिदी, भाउजू आदि सरिक हुन्छन् । गाउँका महिलाहरू भेला गराइ खानपिन गराई रातभरि गीत गाउँदै, नाच्दै बेहुलीको प्रतीक्षा गर्ने गरिन्छ । रत्यौली खेल्दा महिलाहरूले पुरुषले लाउने पोशाक लगाएर जुङ्गा राखी पुरुष बनेर नाच्छन् । यसरी नाच्ने पात्रलाई जोगी भनिन्छ । यस्ता जोगीहरूले आफ्ना हाउभाउद्वारा विभिन्न अश्लील

---

[51] सङ्कलन स्रोत : नारायण भण्डारी, साङ्कोष, धादिङ ।
[52] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, पृ. २६२ ।
[53] **पूर्ववत्**, पृ.२६२ ।

क्रियाकलाप गरी मनोरञ्जन प्रदान गर्ने गर्दछन् । साथै लुकिछिपी रत्यौली हेर्न आउने पुरुषहरूलाई लखेट्ने काम पनि गर्दछन् । (फोटो नं १)

धादिङ जिल्लामा गाइने रत्यौली गीतको नमुना यसप्रकार छन् :

**नमुना नं. १**

*ओल्लो कुनो खोज्दैछ, पल्लो कुनो खोज्दैछ*
*जोगीले दुलाहाकी आमा रोज्दैछ*
*खोजी खोजीले जोगी खोजी खोजीले*
*दुलाहाकी आमालाई खोजी खोजीले*

*ओल्लो कुनो खोज्दैछ, पल्लो कुनो खोज्दैछ*
*जोगीले दुलाहाकी भाउजू रोज्दैछ*
*खोजी खोजीले जोगी खोजी खोजीले*
*दुलाहाकी भाउजूलाई खोजी खोजीले*

*ओल्लो कुनो खोज्दैछ, पल्लो कुनो खोज्दैछ*
*जोगीले दुलाहाकी माइजूलाई रोज्दैछ*
*खोजी खोजीले जोगी खोजी खोजीले*
*दुलाहाकी माइजूलाई खोजी खोजीले*

*ओल्लो कुनो खोज्दैछ, पल्लो कुनो खोज्दैछ*
*जोगीले दुलाहाकी दिदीलाई रोज्दैछ*
*खोजी खोजीले जोगी खोजी खोजीले*
*दुलाहाकी दिदीलाइ खोजी खोजीले*

*ओल्लो कुनो खोज्दैछ, पल्लो कुनो खोज्दैछ*
*जोगीले दुलाहाकी बहिनीलाई रोज्दैछ*
*खोजी खोजीले जोगी खोजी खोजीले*
*दुलाहाकी बहिनीलाई खोजी खोजीले*

*बारीका डल्ला सय पाथी*

*दुलाहाकी दिदीले पोइ साटी*

*नुने डाको पानी डोको खप्प खेपाइदे*

*दुलाहाकी दिदीलाई भुँडी बोकाइदे*

*भुँडी बोकाइदे जोगी भुँडी बोकाइदे*

*मुङ्ग्रो केरा ढल्न लाग्यो चोके लगाइदे*

*दुलाहाकी भाउजूलाई बोके लगाइदे ।*[54]

**नमुना नं. २**

*वजी वजीले वजी वजीले*

*(दुलाहाकी आमैलाई खोजी खोजीले)*[२]

*सर्पको काँचुली मौरीको घार*

*(दुल्हाकी आमालाई आँगनीमा झार)*[२]

*भोली दैलो पोताउँछन् यही घरका*

*(व्यर्थै टाउको दुखाउँछन् वरपरका)*[२]

*भोली पानी बोकाउँछन् यही घरका*

*(व्यर्थै टाउको दुखाउँछन् वरपरका)*[२]

*भोली लुगा धुलाउँछन् यही घरका*

*(व्यर्थै टाउको दुखाउँछन् वरपरका)*[२]

*भोली घाँस कटाउँछन् यही घरका*

*(व्यर्थै टाउको दुखाउँछन् वरपरका)*[२][55]

**नमुना नं. ३**

*सीता लिन भनेर गाथे मेरा भाइ*

*आए आए रामले सीता अघिलाई* [२]

*कसो गरी ल्यायौ बाला गौदाने गाई*

[54] सङ्कलन स्रोत : शुसिला घिमिरे, नीलकण्ठ ५, धादिङ ।

[55] ऐजन ।

*कसो गरी ल्यायौ बाला सीतामाई* २

*दाम्लो लगाई ल्याएँ आमा गौदने गाई*
*डोलीमा राखेर ल्याएँ सीतालाई* २

*आजको दुलहीलाई शिराइलको महिमा*
*रातो डोली लचक्कै राख भूइँमा* २

*आजको दुलहीलाई शिरबन्दीको महिमा*
*रातो डोली लचक्कै राख भूइँमा* २

*आजको दुलहीलाई तिलहरीको महिमा*
*रातो डोली लचक्कै राख भूइँमा* २[56]

वरियातहरू दुलही लिएर घरमा आइपुग्न लागेको सङ्केत पाएपछि रत्यौली खेलिरहेका महिलाहरूले यस्ता खालका गीत गाउने गर्दछन् । धादिङ जिल्लामा यस्ता खाले रत्यौली गीतका अतिरिक्त ठाडो भाकामा पनि रत्यौली गीत गाउने गरेको पाइन्छ ।

**नमूना नं. ४**

*आरुघाटे बजारैमा डालीभरि सिमी स्यामुना*
*हाहाई डालीभरि सिमी स्यामुना*
*म चाहिँ भने माया गर्ने निष्ठुरी चाहिँ तिमी स्यामुना*
*हाहाई निष्ठुरी चाहिँ तिमी स्यामुना*

*पाँच भाइमा मेरो सबैभन्दा सानो भाई गाछ बुहारी लिनलाई*
*रानी झ्यालैमा हो गाछ बुहारी लिनलाई रानी झ्यालैमा*
*हे हरेराम बुढी भाछिन् आमा कार्यभारा दिनलाई रानी झ्यालैमा*
*हो कार्यभारा दिनलाई रानी झ्यालैमा*

*सबभन्दा सानो कान्छो भाइको बिहे खेलौँ हामी रत्यौली*
*रानी झ्यालैमा हो खेलौँ हामी रत्यौली रानी झ्यालैमा*
*तामाको दियो भाइ त राम्रो थियो कस्ती होलिन्*

[56] ऐजन ।

*बुहारी हो कस्ती होलिन् ति बुहारी रानी झ्यालैमा*[57]

## ४.३.२ ऋतु पर्वगीत

वर्षभरिका प्राकृतिक तथा मौसमसम्बन्धी विविधताका आधारमा १२ महिनालाई ६ ओटा ऋतुमा विभाजन गरिएको छ । प्रकृतिको प्रभाव मानव जीवनमा प्रत्येक्ष वा अप्रत्यक्ष रूपमा परिरहेको हुन्छ यस प्रभावले उसको भावना र विचारमा पनि परिवर्तन ल्याउन सक्छ जसले गर्दा प्रत्येक कालखण्डका गीतहरूमा भिन्नता भेटिन्छन् । यस्ता गीतहरूलाई ऋतुगीत पनि भन्न सकिन्छ । तापनि ऋतुगीत भनेर कुनै पनि गीतको नामाकरण भएको भने भेटिदैन । बरु महिनाको आधारमा भने असारे, भदौरे, मङ्सिरे, फागुन आदि गीतहरूको नामकरण भएका छन् । अतः ऋतुगीतको छुट्टै अस्तित्व नमानी त्यसलाई पर्वसँग जोडेर ऋतुपर्वगीत भन्न सकिन्छ ।

हाम्रो देश नेपाल बहुजाति बहुभाषी र बहुधर्म भएको मुलुक हो । यहाँ विभिन्न जनजाति अनुसारका चाडपर्व मनाइने गरिन्छ । ती पर्वहरू कुनै राष्ट्रियस्तरका छन् भने कुनै स्थानीयस्तरका छन् । मानिसहरूले आफ्नो जीवनका बोझ हलुक्याएर आनन्द लिनका निम्ति समयक्रमका खासखास घुम्ती र मोडमा केही विश्रान्ति, केही उल्लास र नवीनताको व्यवस्था मिलाएका छन् । तिनै खासखास दिन वा समयमा हुने विशेष क्रियाकलाप नै पर्व हुन् ।[58] पर्वको सामाजिक सांस्कृतिक पक्षसँग गहिरो सम्बन्ध रहेको हुन्छ । मानिसहरू समाजमा उत्सव मनाएर, पूजाआजा गरेर जाग्राम बसेर, परिवार, आफन्त वा इष्टमित्रहरूसँग मीठो मसिनो खाँदै रमाइलो गरेर सुख-दुःख साटासाट गर्दै चाडपर्व मनाउने गर्दछन् । दशै, तिहार, तीज, ल्होसार, इद, क्रिष्मस आदि जस्ता राष्ट्रियस्तरका पर्वहरूमा मीठोमसिनो खाएर, नाचगान गर्दै नेपालीहरू रमाइलो गर्ने गर्दछन् । यस्ता चाडपर्वमा गाइने गीतहरू धार्मिक दृष्टिले तथा कथापुराणका श्रवणस्मरणका आधारमा पनि बनेका हुन्छन् भने कुनै देशकै घटनात्मक ऐतिहासिक कथामा आधारित हुन्छन् । यसैगरी कुनै प्रेमप्रसङ्गका हुन्छन् । नेपाली लोकगीतमा प्रचलित प्रमुख पर्वगीतलाई ६ ओटा ऋतुसँग आकलन गर्न सकिन्छ । त्यसैले यस्ता खाले गीतलाई ऋतुपर्व

---

[57] ऐजन ।

[58] कृष्णप्रसाद पराजुली, **नेपाली लाकगीतको आलोक**, पूर्ववत्, पृ. १७४ ।

गीतले नामकरण गर्न  सकिन्छ । धादिङ जिल्लमा प्रमुख रूपमा गाइने पर्वगीतहरू यस प्रकारका छन् :

(क) तीजगीत

(ख) भैलोगीत

(ग) देउसीगीत

(घ) मालश्री र

(ङ) चाँचरीगीत

जसको चर्चा छुट्टाछुट्टै रूमा तल प्रस्तुत गरिएको छ ।

## ४.३.२.१ तीजको गीत

तीज हिन्दू नारीहरूको महान् पर्व हो । यो पर्व भाद्रशुक्ल तृतीयाको दिनमा पर्दछ जसलाई हरितालिका पनि भन्ने गरिन्छ । तीजपर्व भाद्रशुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइन्छ । भाद्रशुक्ल द्वितीयाको राति महिलाहरू मिलेर दूध, दही, घिउ, मिठाई, फलफूल खाने र खुवाउने गर्दछन् । जसलाई दर भनिन्छ । दर खाएको भोलिपल्ट अर्थात् भाद्रशुक्ल तृतीयाको दिनमा विवाहित, अविवाहित सौभाग्यवती बन्न र राम्रो पति पाउनका निम्ति महिलाहरू, व्रत बस्ने गर्दछन् ।

तीजको परम्परा पौराणिक कथासँग गासिएको छ । पौराणिक कथाअनुसार हिमालय र मेनकाले पार्वतीको विहे भगवान विष्णुसँग गरिदने निधो गरेपछि सखीहरूको सहयोगले वनमा गएर लुकिन् र महादेवलाई पाउन रातभरि जाग्राम रहेपछि बेलुकी रूखमुनि बसेर दुई कोसा केरा खाई व्रत बसिन् । त्यही व्रतको प्रभावले पार्वतीको मनोकाङ्क्षा पूरा भयो । अर्को कथाअनुसार महादेव र पार्वती कैलाशबाट मर्त्यलोकमा यात्रा गर्दा पार्वतीले दुःख पाएका नारीहरूको कसरी उद्वार गर्न सकिन्छ भनी उपाय सोध्दा महादेवले भाद्रशुक्ल तृतीयाका दिन निराहार रही शिव-पार्वतीको पूजा गरेर रातभरि जाग्राम बसेमा पाप नाश हुने, सौभाग्य बढ्ने र सन्तानको समेत कल्याण हुने कुरा बताए । यसरी नारीले इच्छित वर पाउने सौभाग्यवती हुने

कामनासँग तीजको व्रत गाँसिएको छ ।[59] तीजको दिनमा व्रत बसेमा पतिको आयु बढ्ने र आफू सौभाग्यवती हुने, राम्रो, असल पति पाउने जनविश्वास आज पनि विद्यमान रूपमा पाइन्छ । फलस्वरूप आज पनि विवाहित महिलाहरू र अविवाहित महिलाहरू तीजको व्रत बस्ने गर्दछन् । तीजको व्रत पूरा भएपछि ऋषिपञ्चमीको दिनमा महिलाहरू विहान सबेरै उठेर तीर्थादिमा गई ३६५ टुक्रा दतिवन टोकेर शरीरका अङ्गप्रत्यङ्गमा माटोले चोख्याई नुहाएपछि सप्तर्षिको पूजा गर्छन् र मध्यान्हमा एक छाक चोखो खाने गर्दछन् । पञ्चमीको पूजा गर्नाले रजस्वला हुँदा हुने छुवाछुतको पापबाट छुट्कारा पाइन्छ भन्ने जनश्रुति पाइन्छ । पञ्चमीको दिनबाट तीजपर्व पनि सकिन्छ । तीजको चाडमा चेलिबेटीहरूलाई माइतमा लिन जानुपर्दछ । यदि माइतबाट कोही लिन गएनन् अथवा घरका कारणले माइत जाने अवसर पाइएन भने अति दुःखी हुन्छन् । त्यस दिन चेलिबेटीहरू माइतमा जम्मा भएर सुख-दुःखका कुराहरूलाई गीतका माध्यमबाट प्रस्तुत गर्ने गर्दछन् । जसलाई तीजगीतको नामले पुकारिन्छ । तीजको दिनमा महिलाहरू ठाउँ-ठाउँमा भेला भएर निर्धक्कसँग आफ्नो पीडा, वेदनालाई गीतका माध्यमबाट प्रस्तुत गर्ने गर्दछन् । यसका अतिरिक्त देशका समसामयिक घटनालाई पनि गीतद्वारा व्यक्त गर्ने गर्दछन् । (फोटो नं २ र ३)

धादिङ जिल्लामा गाइने तीज गीतको नमुना यसप्रकार छन् :

नमुना नं. १, (लैङ्गिक असमानता)

*पारिपट्टी तिल छरेर गइन म त जिलाउन*
*नपढेकी छोरीको सुन बिलौना*

*वर्खा भरी घाम पानी सुख-दुःख सयर*
*कति दुःख भोग्नु पर्ने चेली भएर*

*छोरा र छोरीको रगत मासु एउटै हो*
*किन होला बाबालाई छोरी बेग्लै भो*

*आफूभन्दा सानो भाइलाई कापी कलम किन्दिए*
*मलाई भने बाबाले डोको बुन्दिए*

[59] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, पृ. १७५ ।

*कापी-कलम लिएर पढ्न जाने बेलामा*
*रुँदै रुँदै जानु पऱ्यो म त मेलामा*

*किताब कापी लिने धोको थियो नि मनमा*
*गाई फोएर जानु पऱ्यो पाले वनैमा*

*टाढा त थिएन घर नजिकैको स्कूल*
*तै पनि पढ्नलाई पऱ्यो मुस्किल*[60]

यस गीतले छोरा र छोरी बीच गरिने भेदभावलाई छर्लङ्ग पारेको छ । हाम्रो देशमा छोरालाई विद्यालय पठाउने र छोरीलाई घाँसदाउरा कटाउने चलन आज पनि विद्यमान रूपमा पाइन्छ । छोरीले आफ्नो पढ्ने इच्छा, आकाङ्क्षाबाट वञ्चित हुनु परेको कुरा यस गीतमा पाइन्छ । आफू चाहिँ पढ्ने समयमा मेलामा जानुपरेको, घरनजिकको विद्यालय पनि जान नपाएको कुरालाई यस गीतबाट व्यक्त गरिएको छ । यस गीतमा एउटा मात्र नारीको वेदना नपाइ समस्त विद्यालय जानबाट वञ्चित गरिएका नारीहरूको वेदनाको चित्रण पाइन्छ ।

**नमुना नं. २ (पारिवारीक असमानता)**

*वर्ष दिनको तीजमा आउँछन् चेली लिनलाई*
*पाउँदिन आँफू त माइत जानलाई ।*

*रुँदै रुँदै घाँस दाउरा साउनको पानीमा*
*घरमा बसुँ सौता छ माइत सानीमा ।*

*ससुरा र सासुको पर्ने वचन मान्नु नै*
*यस्तै रैछ अभागीको चाड भन्नु नै ।*

*साथी सङ्गी माइत जान्छन् हाँस्तै गाउँदै रमाउँदै*
*म अभागी बस्नु पर्ने छाती कमाउँदै ।*

*आफ्ना भाका दाजुभाइ गर्छन् कुरा पुरानो*
*जन्मिएको माइतिघर भयो विरानो ।*

60 सङ्कलन स्रोत : शान्ता ढुङ्गाना, मुरलीभञ्ज्याङ्ग, धादिङ ।

*घरमा बसुँ अनेक थरी वचन लाउँछिन् सासुले*
*माइत जाऊँ घरै जाऊ भन्छिन् भाउजुले ।*

*ढुङ्गा बरु पग्लेला मन कसैको पग्लेन*
*मलाई हेर्ने दृष्टिकोण कहिले बद्लेन ।*[61]

यस गीतमा सासु-बुहारीका बीचमा हुने असमानता, छोरीले जन्मघर छाडेपछि माइत विरानो बन्दै जाने कुराको चित्रण पाइनुको साथै बुहारीले सासु-सुसुराबाट खप्नुपर्ने वचन, तीजमा माइत जान नपाएर छट्पटिएको चेलीको वेदना भेटिन्छ । हाम्रो देशको अधिकांश क्षेत्रमा अझै पनि बुहारीहरूले बुहार्तन खप्नु परिरहेका छन् । सासु-ससुराका दमन, अत्याचार सहन गर्न नसकी माइतमा आश्रय लिन पुगेको चेलीहरू माइतमा पनि सानीमा, भाउजू, बुहारीको अपहेलनाले छट्पटाइ रहेका छन् । यही कुरालाई यस गीत मार्फत् प्रस्तुत गरिएको छ ।

**नमुना नं. ३ (राष्ट्रिय परिवेश)**

*२०५८ साल जेष्ठको महिना*
*नारायणहिटी राजदरबारको सुन्नुस बयान*

*जेठ १९ गते शुक्रबारको रातिमा*
*राजपरिवार सबैको गोली छातीमा*
*राजाको दरबारमा के उल्का भयो नि*
*त्यही गोलीले सबैको प्राण गयो*

*जेठको २० गते पऱ्यो नि शनिबार*
*रेडियोमा धुन मात्रै छैन समाचार*
*यस्तो खबर सुन्दाखेरी के भो होला भन त*
*रूखबाट खसे जस्तै भए जनता*

*शोक गरी रुन थाले देशबासी साराले*
*कामको मेसो पाएनन् आँशु धाराले*
*जुन बेलानी आँशु र पसिना छ खलखली*

[61] ऐजन ।

*विष्णु अवतार राजा संभी रुन्छन् धरधरी*

*कति थिए गाड सैनिक कति थिए प्रहरी*

*राजदरबारमा यस्तो घटना घट्यो कसरी*

*परिवार भोज नौ बजे रातिमा*

*कताबाट आयो होला गोली छातमिा*

*राजा जस्ता मर्दा त भुसुना जत्तिकै*

*जनताले निशाफ पाउनु अब यत्तिकै*

*सासै नभा दिपेन्द्रलाई राजा घोषित गरियो*

*यस्तो खबर सुन्दाखेरी दङ्गै परियो ।*[62]

यस गीतमा राजदरबार हत्याकाण्ड हुँदा जनतामा छाएको अन्योलको स्थिति र वेदनालाई प्रस्तुत गरिएको छ । साथै सँधै सयौँ गाडहरूको माभmमा रहने राजपरिवारको हत्याका कारण आफूहरू पनि अब सुरक्षित नरहने, आफूहरूले पनि न्याय नपाइने कुरालाई यस गीतका माध्यमबाट प्रस्तुत गरिएको छ । यसरी तीजको दिनमा नेपाली नारीहरूले आफ्नो वेदनालाई मात्र प्रस्तुत नगरी देशको समसामयिक घटना र परिवेशलाई पनि प्रस्तुत गर्ने गर्दछन् ।

**नमुना नं. ४ (पञ्चमीका दिनमा गाइने)**

*शिरै लाउने सिरफूल भिक्देउ आमै लाउँछु*

*लहरे बेनिघाट न्वाइ आउँछु*

*कुन बेला आउली कुन बेला जाउली*

*कुन बेला गरौली शिवजीको ध्यान*

*उदायमा जाउँला अस्ताएमा आउँला*

*मध्येनीमा गरौँला शिवजीको ध्यान*

*पशुपती नाथको चारैपट्टी ढोका*

*घुमिमा घुमि दर्शन है*

*थालीभरि अक्षेता खोरीभरि चन्दन*

---

[62]सङ्कलन स्रोत : शुसिला घिमिरे नीलकण्ठ ५ , धादिङ ।

*पशुपति नाथलाई दर्शन हैं*[63]

यो गीत ऋषिपञ्चमीका दिनमा नुहाउन जाँदा महिलाहरूले गाउने गर्दछन् । यस गीतमा बुहारीले सासूलाई थन्काएर राखेको गहना (सिरफूल) झिकिदिन आग्रह गरेकी छिन् भने सासूले बेनीघाट नुहाउन जान लागेकी आफ्नी बुहारीलाई कहिले गएरे आएर शिवजीको ध्यान गर्छेस् भनेर प्रश्न गरेकी छिन् भने बुहारीले सूर्य उदाएपछि जान्छु, अस्ताएपछि आउँछु र शिवजीको ध्यान चाहिँ मध्येनीमा गर्छु भनेर जवाफ दिएकी छिन् । यस गीतमा सासू र बुहारी बीचको सवाल-जवाफ पाइन्छ ।

## ४.३.२.२ भैलो गीत

तिहार नेपालीहरूको महान पर्व हो । यो कागतिहारदेखि भाइटिकासम्मको पाँच दिन मनाइन्छ । तिहारको सुरुको दिन कागतिहार हो । यस दिन सन्देशवाहकको रूपमा कागको पूजा गर्ने चलन छ भने भोलिपल्ट घरको रक्षा गर्ने इमान्दार पशुको रूपमा चिनिने कुकुरको पूजा गरी कुकुरतिहार मनाइन्छ । यसैगरी कुकुरतिहारको भोलिपल्ट लक्ष्मीको रूपमा गाईको पूजा गरिन्छ । यस दिन आइमाई र केटाकेटीहरू मिलेर भैलो खेल्ने गर्दछन् । भैलो समूहमा खेलिन्छ ।

भैलो खेल्ने परम्पराको सुरुवात कहिले, कहाँबाट भएको हो भन्ने कुराको यथार्थ किटान गर्न नसकिए पनि किम्बदन्तीअनुसार प्राचीन कालमा देवता र असुरहरूबीच सङ्ग्राम हुँदा पराजित हुन पुगेका देवताका चेलीहरूले दानवराज वलीसँग आज्ञा मागी भैली गाउन सुरु गरेको भन्ने भनाइ पाइन्छ । यिनै चेलीहरूले भैलो गाएर दिएका आशिष्ले गर्दा देवताहरूले गुमिसकेको आफ्नो देवलोक पुनः प्राप्त गर्न सफल भएका थिए भन्ने लोकविश्वास कै आधारमा हालसम्म पनि गाउँघरमा भैली खेल्न लगाएर आशिष् लिने प्रचलन पाइन्छ भने भैलो खेल्नेले दिएको आशिष् लाग्छ भन्ने मान्यताका कारण भैलेनीलाई सम्मानका साथ यथाशक्य दान-दक्षिणा दिने प्रचलन अद्यावधी रूपमा रहेको छ । जुम्लाका खस राजा वलिराजाले पन्ध्रौं शताब्दीतिर (वि. सं. १४५०-६०) भैलो तथा देउसी खेल्ने परम्परा चलाएका हुन् भन्ने उल्लेख बालकृष्ण पोखेलको पाँचसय वर्षमा पाइन्छ ।[64] वंशावलीअनुसार कर्णाली प्रदेशका सामन्त

63 सङ्कलन स्रोत : पार्वती भण्डारी, नलाङ, धादिङ ।
64 बालकृष्ण पोखरेल, <u>**पाचँसय वर्ष**</u>, (ल. पु. जगदम्बा प्रकाशन, २०२०), पृ. ७९ ।

कर्णराज थापाका छोरा बलिराज थापा उर्फ काशीराम थापाले नै नेपाली समाजमा भैलो प्रथा सुरु गरेको उल्लेख शमशेरबहादुर थापाले 'भैली' मा उल्लेख गरेका छन् ।[65]

नेपालमा भैलो खेल्ने प्रचलन जहिलेबाट सुरु भए पनि यो पर्व नेपाली समाजमा अति हर्षोल्लासका साथ मनाइन्छ । त्यस दिन औँसीको रातलाई दीप र मैनवत्तीको उज्यालोले प्रज्ज्वलीत पारिन्छ । घरहरू फूलका मालाले सिँगारेर सफा राखिन्छ भने राति देवी लक्ष्मीको पूजा-अर्चना गरी कुँवेर बन्ने वर माग्ने चलन छ । लक्ष्मीपूजाको दिन अर्थात् यस दिनको राति आइमाई, केटाकेटीहरू हातमा लालटिन, मैनटोल बोकेर घरघरमा गएर भैलो खेल्ने गर्दछन् भने आफ्नो घरमा भैलो खेल्न आउने भैलेनीहरूलाई आफ्नो गक्षअनुसार दान-दक्षिण दिएर विदा गर्ने चलन छ ।

धादिङ जिल्लामा पनि भैलो खेल्ने चलन आज पनि यथावत रूपमा पाइन्छ । यहाँको शहरी क्षेत्र र ग्रामीण क्षेत्रमा खेलिने भैलोमा भने अन्तर पाइन्छ । यहाँको शहरी क्षेत्रमा केटा-केटी दुवै थरी मिसिएर पाश्चात्य पप सङ्गीतको शैलीमा गिटार र ड्रमको साथमा भैलो खेल्ने गर्दछन् भने ग्रामीण भेगमा भने पुरानै परम्पराअनुसार मादलका साथमा आइमाई र केटीहरूले मात्र खेल्ने गर्दछन् । पश्चिम नेपालमा भैलो पाँच दिनसम्म खेल्ने चलन भएता पनि धादिङ जिल्लामा भने एक दिन मात्र खेल्ने चलन छ । यहाँका महिलाहरूले भैलोगीतमा लक्ष्मीपूजाको सांस्कृति-ऐतिहासिक महत्त्वलाई दर्शाउने गर्दछन् । यसका अतिरिक्त घरबेटी आमैलाई खुशी पार्ने काम गर्नुका साथै दान चित्त बुझ्दो आएन भने गीत कै माध्यमबाट असन्तुष्टि व्यक्तसमेत गर्ने गर्दछन् । अन्त्यमा आशिष् दिँदै विदा हुन्छन् । धादिङ जिल्लामा गाइने भैलो गीतको नमुना यसप्रकार छ :

*भैलिनी आइन् आँगन*
*गुन्यू चोली मागन*
*हे औँसी बारो*
*गाई तिहार भैलो ।*

*भैलिनी आइन आँगन*
*बढारी कुढारी राख न*

[65] शमशेरबहादुर थापा, **भैली**, नेपाली (पू. अं -९, मदन पुरस्कार गुठी ललितपुर २०१८ ), पृ. ५९ ।

*हे औँसी बारो*

*गाई तिहार भैलो ।*

*हरियो गोबरले लिपेको*

*लक्ष्मी पूजा गरेको*

*हे औँसी बारो*

*गाई तिहार भैलो ।*

*जसले दिन्छ मुठी*

*उसकै सुनको गुठी*

*हे औँसी बारो*

*गाई तिहार भैलो ।*

*जसले दिन्छ मानो*

*उसकै सुनको छानो*

*हे औँसी बारो*

*गाई तिहार भैलो ।*

*हामी त्यसै आएनौँ*

*वलिराजाले पठाको*

*हे औँसी बारो*

*गाई तिहार भैलो ।*

*यो घरकी आमै कस्ती छिन्*

*चन्द्रमुखी जस्ती छिन्*

*हे औँसी बारो*

*गाई तिहार भैलो ।*

*छाना माथि घेरौंला*

*के के दिन्छन् हेरौँला*

*हे औँसी बारो गाई तिहार भैलो*

*दिने भए सिदा देऊ*

*नदिने भए बिदा देऊ*

*हे औँसी बारो*

*गाई तिहार भैलो ।*

*घोडा बान्ने तबेला*

*हामीलाई भैसक्यो अबेला*

*हे औँसी बारो*

*गाई तिहार भैलो ।*[66]

दान प्राप्त गरेपछि यसरी आशिष् दिने गर्दछन् :

*ए यो घरमा – भैलेनी*

*ए लक्ष्मीले – भैलेनी*

*ए बासै गरुन् – भैलेनी*

*ए अैले आउँदा – भैलेनी*

*ए ढुङ्गाको छानो – भैलेनी*

*ए आघौँ आउँदा – भैलेनी*

*ए सुनको छानो – भैलेनी*

*ए भइजाओस् – भैलेनी*[67]

भैलेनी गीत गाउँदा सबैजना मिलेर एकै स्वरमा गाउँने गर्दछन् भने आशिष् दिदा चाहिँ एक जनाले भट्याउने र अरूले एकै स्वरमा भैलेनी भन्ने गर्दछन् ।

### ४.३.२.३ देउसीगीत

देउसी तिहारमा हलतिहार तथा भाइटीकाका दिन बेलुकी घर-आँगनमा गएर सुख-संवृद्धिको कामना गर्दै गाइने सामूहिक गीत हो । यो गीत भैलो गीतकै हाराहारी अभिन्न भएर युगौँदेखि नेपाली जीवनमा प्रसिद्ध पर्वगीतका रूपमा चलिरहेको छ । भैलोको नै अभिन्न प्रकार मानिने देउसीको व्युत्पत्ति शब्दकोशमा 'देव+श्री' भनी देखाइएको छ । देउसीको निर्वचन गर्दा

[66] सङ्कलनस्रोत- अमृता श्रेष्ठ, नीलकण्ठ – ५, धादिङ् ।
[67] ऐजन ।

यसको माउ शब्द 'देववर्ती' मा पुगेको पनि अनुमान गरिन्छ । सोहीअनुसार देववर्ती = देउशि (सी) र देउसीरेको चाहिँ देउसी+गरे = देउसी+अरे भएको हो ।[68] त्यसको अर्थ देवताको बत्ती वा देवताको नाममा बालिने बत्ती हो । अर्कातिर तिहारमा सेलरोटी पकाइने भएकाले 'देऊ सेल रे' भनेर माग्दा हुन्, त्यसैबाट अपभ्रंस भएर 'देउसीरे' भएको होला भन्ने पनि उल्लेख गरिएको पाइन्छ ।[69] यसैगरी सुवि शाहले देउसोरी गाथा हाम्रो संस्कृतिमा भैलो र देउसीको व्युत्पत्ति हेर्दै जाँदा 'भैलो' 'भलो' को अपभ्रंश बुझिन्छ भने 'देवसी' देववर्तिबाट बनेको देखिन्छ भनेर उल्लेख गरेका छन् ।

यसरी हेर्दा 'देव+आशिष्' शब्दले देउसीरेको आशय व्यक्त गरे पनि त्यो टाढा रहेको देखिन्छ । यसभन्दा 'देववर्ती' मा देउसीरेको निकट र तादत्म्य रहेको देखिन्छ भने अझै 'देऊ सेल रे' भएको अड्कल त तर्कसम्मत देखिदैन । देवेन्द्र सत्यार्थीले पनि 'गरीब घरका केटाकेटीहरू दीपमालिकामा घरघर पुगेर मिठाईका निम्ति याचना गर्दै गाउँछन् भनेर लेखेको प्रसङ्ग पाइन्छ ।[70]

नेपाली विद्वानहरूले देउसीरेको व्युत्पत्तिको बारेमा जे जस्तो तर्क प्रस्तुत गरे तापनि माग्ने कुरासँग सम्वद्ध गराउन खोज्नु भनेको देउसीको गरिमा माथि प्रश्नचिन्ह खडा गर्न खोज्नु हो । यो चलन युगौँदेखि सांस्कृतिक महत्त्वका रूपमा प्रचलित छ । तिहारमा देउसीरे गाउनु रमाइलो गरी मङ्गलकामना प्रकट गर्नु हो भने दिइएको दान संस्कार स्वरूप प्रदान गरिएपछि ग्रहण गरिने श्रद्धा भेटी हो । त्यसैले यसलाई माग्ने कुरासित सम्वद्ध गराउन खोज्नु देउसीरेको महिमा नबुझ्नु हो । त्यसैले देउसीको स्रोत कल्याण कामनासित नै सम्बद्ध देखिन्छ । नेपाली शब्द प्रक्रियामा 'श्री' लाई 'सिरी' बनाउने प्रक्रिया अत्याधिक रूपमा रहेकोले देउसीको उत्पत्ति 'देव+श्री वा 'देउश्रियम्' हुनु धेरै सम्भव देखिन्छ । यसरी नै देउसी खेल्नेलाई देउसे (देउसी+ए) वा देउसोरी/देउसोरी (देउसी+एरी/आरी/ओरी) भनिने गरेको हो कि भन्ने भान हुन्छ ।[71]

देउसी कात्तिक कृष्ण परेवा र द्वितीया अर्थात् हलतिहार र भाइटीकाका दिन राति खेल्ने चलन छ । त्यसबेला गाइने गाथा वा विशेष किसिमका लयमा भन्दै खेलिने रमाइलो खेलको

---

[68] महानन्द सापकोटा, **नेपाली निर्वचनको रूपरेखा**,दो.सं (विराटनगरः हिमाली प्रकाशन प्रा. लि. २०२८) , पृ. १०५ ।
[69] आर. डी. र एल्, एल्., **नेपालका विभिन्न जाति र लोकगीत एक परिचय,** (ललितपुर : जगदम्बा प्रकाशन, २०२३), पृ. ७९ ।
[70] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य**,पूर्ववत्, पृ. ६८ ।
[71]कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, पूर्ववत्, पृ. १९७ ।

रूपमा यसलाई लिइन्छ । देउसीको परम्परा वीर परम्परासँग जोडिएको छ भने यसको कथाको आरम्भ देवासूर सङ्ग्राममा देवताको विजय भएको घटनासँग सम्बद्ध छ । विजयादशमीका दिन दुर्गाको सेवा गरी बाबुआमाको आशिर्वाद लिएर गएका वीरपुत्र विजयदुन्दुभि बजाउँदै रणमा बाँचेर घर फिर्दा चेलीहरूले फूलपाती, दीयोकलश, अक्षताटीका र विजयहारको रूपमा मालासहित उनीहरूको स्वागत्सत्कार, आदरसम्मान गर्ने र वीर पुत्रहरूले पनि निर्धक्क आशीर्वाद दिने पृष्ठभूमिमा देउसीगीत चल्दै आएको देखिन्छ ।[72] यसरी नेपाली जीवनमा देउसी एकातिर आफ्नैपन र विश्वासको परिचायक भएको छ भने अर्कोतिर चेलिहरूको माइतिप्रतिको चोखो माया र श्रद्धाको रुपायक हुन पुगेको छ । देउसी विशेषतः युवकहरूद्वारा खेलिने भए तापनि धादिङ जिल्लामा भने युवायुवती, केटाकेटी र वृद्धाहरूसमेत खेल्ने गर्दछन् । यहाँ देउसी भाइटीकाको दिनदेखि एकादशीको दिनसम्म खेल्ने चलन छ । केटाकेटीहरूले रमाइलो गर्नका निम्ति होस् या कुनै सामाजिक कार्यका निम्ति चन्दा उठाउन होस् । यहाँका मानिसहरू देउसीलाई माध्यम बनाउने गर्दछन् । धादिङ जिल्लामा प्रचलित देउसी गीतको नमुना यसप्रकार छ :

*आ है भन भन भाइ हो — देउसीरे*
*हे राम्ररी भन — देउसीरे*
*हे सोर मिलाइकन — देउसीरे*
*हे वर्ष दिनको — देउसीरे*
*हे चाड मनाउन — देउसीरे*
*हे आयौँ हामी — देउसीरे*
*हे हजुरको घरमा — देउसीरे*
*हे घरबेटी बाबा — देउसीरे*
*हे घरबेटी आमा — देउसीरे*
*हे वर्ष दिनको — देउसीरे*
*हे चाड मनाउँदै — देउसीरे*
*हे सधैँमा आउने — देउसीरे*

[72] काजीमान कन्दङ्वा नेपाली जनसाहित्य पूर्ववत् पृ. ७६–७८ ।

*हे माग्ने होइन हामी — देउसीरे*
*हे वर्ष दिनमा — देउसीरे*
*हे एकचोटी आउँछौँ — देउसीरे*
*हे देउसीरे भन — देउसीरे*
*हे झिलिमिली झिल्का — देउसीरे*
*हे तातो रोटी मिल्का — देउसीरे*
*हे याँ मात्र हैन — देउसीरे*
*हे अन्त पनि — देउसीरे*
*हे जानुपर्छ — देउसीरे*
*हे भन भन भाइ हो — देउसीरे*
*हे देउसीरे भन — देउसीरे*[73]

यसरी देउसीरे गीत गाउँदा एउटा नेताले मादलको तालमा लयात्मक तरिकाबाट भट्याउने गर्दछ भने अरूले एकै स्वरमा देउसीरे भन्ने गर्दछन् । देउसीरेलाई घरधनीले मानसम्मानका साथ नाङ्लोमा चामल, रोटी, फलफूल, अक्षताटीका, फूल र भेटी आदि राखेर दीयो बालेर दिन्छन् । यदि त्यो भेटी देउसीरेलाई चित्त बुझ्यो भने लिन्छन् र आशिष् दिदै विदा हुन्छन् नत्र झ्याउरे भाकामा यस्ता खालका गीत गाउने गर्दछन् :

*देउसी खेल्न आएको दिन*
*दान देख्दा मन थाम्नै सकिन*

*दान देख्दा मन साह्रै रोको छ*
*एउटा हात्ति लैजाने धोको छ*

*त्यो नाङ्लोको रोटी नी चाख्नुहोस्*
*आफ्नो इज्जत आफैँले राख्नुहास्*

*घरभित्र सुनको मानो छ*
*घर त ठूलो मनभने सानो छ*

[73] सङ्कलनस्रोत–काजी श्रेष्ठ, मुरलीभञ्ज्याङ्ग, धादिङ ।

*भोक लागे सेलरोटी खानु*

*यति दान दिएर काँ जानु*

*हात्ति गैडा हराई जान्छ*

*हाम्लाई दिए सम्झना आइरन्छ ।*

*थालमाथि फलफूल नि हालेको*

*यति दानले के इज्जत फालेको*

*देउसी खेल्न आएको आजै हो*

*यति दान लिन नि लाजै भो*

*घरभित्र ग्याँसको चुलो*

*यो ठाउँमा हजुरकै नाम ठूलो*[74]

यस्ता खालका गीत गाएपछि घरधनीले केही दक्षिणा थपिदिने गर्दछन् । त्यसपछि यस्तो खालको आशिष् दिदै विदा हुने गर्दछन् :

*हे यो घरमा – देउसीरे*

*हे लक्ष्मीले – देउसीरे*

*हे बासै गरुन् – देउसीरे*

*हे माटो छुँदा – देउसीरे*

*हे अन्नै हवोस् – देउसीरे*

*हे ढुङ्गा छुँदा – देउसीरे*

*हे सुनै हवस् – देउसीरे*[75]

### ४.३.२.४ मालश्री/मालसिरी

सङ्गीतशास्त्रमा वर्णन गरिएको मालश्री रागको नेपाली रूप नै मालसिरी हो । नेपालमा दशैँ लागेपछि मालश्रीको गायन सुरु हुन्छ । यो गीत वास्तवमा दुर्गादेवीको स्तुतिगान हो । खासगरी बडादसैँको नवरथा/नौरथा सुरु भएदेखि महानवमीको दिनसम्म साँझ-बिहान

[74] ऐजन ।
[75] ऐजन ।

दुर्गाभवानीको आरधनामा मालसिरी गाइन्छ । पिङ खेल्ने, नाच्ने-गाउने, टीका थाप्ने आदि गरिने यस याममा जीवनलाई शक्ति प्रदान गर्ने रूपमा साँझ-बिहान मालसिरी गाउने गरेको पाइन्छ । त्यसैले पनि यस गीतमा देवीको रूपलावण्य, उनको साहस र विजय यात्राको वर्णन गरिएको हुन्छ भने शक्तिको आरधना पनि गरिएको पाइन्छ । मालसिरी गाउँदा प्रायः कालीका शिरमा फूल, नैवेद्य चढाइन्छ र धूपवत्ती बाली वाद्यरहित एउटै भाकामा सामूहिक रूपमा राग अलापेर गाउने गरेको पाइन्छ भने कतैकतै दमाईहरूले सनईमा साजबाजसहित बजाउने चलन पनि छ । साथै यसको लय पनि ठाउँ अनुसार बेग्लाबेग्लै भएको पाइन्छ । यो रागयुक्त हुने भएकाले अलाप्न अलि अप्ठ्यारो हुन्छ । यो भारततर्फबाट नेपालमा भित्रिएको हुनाले यसको भाषामा ब्रज, हिन्दी र फारसी शब्दहरूसमेत मिसिएको हुन्छ तर विषयवस्तुमा भने नेपालीपन नै भेटिन्छ ।

नेपालको अन्य भेगमा झैँ धादिङ जिल्लामा पनि मालश्री गाउने गरेको पाइन्छ । यहाँ नौरथा लागेपछि दशैँघर, कोटघर, पूजाकोठाहरूमा पूजापाठका बेलामा गाउने गरेको भेटिन्छ । विशेष गरी यहाँ त्रिपुरासुन्दरीको मन्दिरमा र भैरवीनाथको मन्दिरमा नौरथा लागेपछि मालसिरी गाउने गरिन्छ भने फाटफूट रूपमा केही नेवारहरूको घरमा पनि नौरथा लागेपछि गाउने गर्दछन् । धादिङ जिल्लामा गाउने गरेको मालसिरीको नमुना यसप्रकार छन् :

**नमुना नं. १**

*जयदेवी भैरवी गोरखनाथ दर्शन देऊ भवानी ये ॥*
*प्रथमदेवी उत्पन्न भई है जन्म लिये हो कैलाश ये*
*ज्योति जगमग चहुँदिशि देवी चौषष्ठि योगिनी साथ ये*
*जयदेवी १*

*सप्नादिये है गोरखनाथको भैरवी मनाइये*
*विश्वास भये भोग प्रसन्नादेवी बर्दान दिये सवदेश ये*
*जयदेवी २*

*देवी वचन वरदान पाय है भारत सकल नेपाल ये*
*खाट सिंहासन सव जीति लिये हैं और लिये सब देशये*
*जयदेजी ३*

*देववरण माथ मुकुटवर्दन सूर्योदये*

*तपस्या जीति प्रकट भए है तखत भए हो नेपालये*

*जयदेवी ४*

*शिरमा सिन्दूर मुकुट झलकत कुण्डल झलकत कानमा*

*देववरया श्रीरण बहादूर तपस्या जीति अखण्डये ॥* [76]

**नमुना नं. २**

*हा ! हाँ ! ज्वाला-नयनी माता तीन त्रिलोककी माइये*

*वारि बानगङ्गा पारीक्षीर नदी बीच जालन्धर पीठये ।*

*तेतिसकोटि देवता भये हो ठाढे धन्य ईश्वरि माइये*

*हाँ ! हाँ ! १*

*अम्बिका माइ अम्बर भरीपूर साथ भैरवी ठाढिये*

*चण्ड मुण्ड धूम्रलोचनी रक्तवीजएनिपातिनी*

*हाँ ! हाँ ! २*

*बज्रश्वरी त्रिपुरसुन्दरी तीन भुवनकी माइये*

*ज्वाला माता ज्योति जगमग कोटि नगरकी माइये*

*हाँ ! हाँ ! ३*

*जयन्ती माता जगनदेखबनी युद्ध भैरवी साथ ए*

*कालिका माइ खड्गलिये दैत्य दल सब मारिये*

*हाँ ! हाँ ! ४*

*धन्य किल्ला कपूरसागर मनको महल बनाइए*

*कोटि तीरथ जाय नहाइये जनमनको पाप छुटाइए*

*हाँ ! हाँ ! ५*

*धन्य योद्या धन्य भैरवी साथ गोरखनाथ ए*

[76] सङ्कलनस्रोत : दिलबहादुर अमात्या, नीलकण्ठ - ५ , धादिङ् ।

*उदय अस्तोबरहि दीन्छी धन्य इश्वरी माइ ए*

*हाँ ! हाँ ! ६*

*श्रीगिरिवानजुद्ध प्रताप तुम्हारी किल्ला काँगडा मारिए*

*सेवक अम्बर सिंह स्वामी भक्ति चहुँ दिशि डंका फिराइए भाइये*

*हाँ ! हाँ ! ७*

*इश्वरि चरनसिंह सरन गावत सन्तजन मन माइये*

*जो कोहि गावत अष्टचरनहि सोहि बैकुण्ठ सिधाइये*

*हाँ ! हाँ ! ८*[77]

### ४.३.२.५ चाँचरी

चाँचरी एक प्रकारको चराको नाम हो तर गीतगाथाका सन्दर्भमा भने खास किसिमको बाजासँग सम्बद्ध प्रसिद्ध लय भन्ने बुझिन्छ । विशेष गरी नेपालको सूदुरपश्चिम तथा मध्यपश्चिम नेपालका डोटी, कर्णाली भेगमा यो लोकप्रिय छ । विषयवस्तुका दृष्टिले यो वीरगाथाअन्तर्गत पर्न आउँछ । विशेषतः यसमा ऐतिहासिक तथा स्थानीय वीरहरूको शौर्यवर्णन पाइए तापनि केही मात्रामा पौराणिक तथा सामाजिक पक्षलाई पनि यसले समेटेको हुन्छ । नेपालमा चाँचरी विभिन्न चाडपर्वमा गाउने गरेको पाइए तापनि खास गायन भने रोपाई गर्दा खेतका गराहरूमा र पुस पहिनामा पर्ने 'भो' पर्वमा बढी मात्रामा हुन्छ ।

धादिङ जिल्लामा पनि चाँचरी गाउने परम्परा पाइन्छ । यहाँ रोपाईमा नभइ दसैँको फूलपातीका दिनमा फूलपाती सेलाएर फर्कदा दसैँघर नआइपुगुन्जेलसम्म चाँचरी गाउने परम्परा छ । विशेषगरी सल्यानकोट गा.वि.स. मा रहेको त्रिपुरासुन्दरी माईको मन्दिरमा र सुनौला बजार गा. वि. स. मा पर्ने भैरवीनाथको मन्दिरमा फूलपाती सेलाएर फर्कँदा दमाईहरूले बाजागाजासहित सनाईमा चाँचरी बजाउने गर्दछन् । यहाँ पाइने चाँचरीको नमुना यसप्रकार छन् :

*दिनै जो हेरिदेऊ कुलानन्द जैसी*

*सुरै सङ्ग्राममा जानलाई*

---

[77] ऐजन ।

*हेर जैसी हो सङ्ग्राममा जानलाई*
*धुलोटै कोरीकोरी शुभैघडी लगन*
*हेऱ्या राजै जुऱ्यो बुधबार*
*मेरा राजै हो दिनै जुऱ्यो बुधबार ।*

*दिनै जो हेरी आए श्रीनन्द दाजै*
*दिनै जुराइदियो बुधबार*
*मेरो दाजै हो जुराइदियो बुधबार*
*ढालै र खुँडाको साइतै सारौँला*
*शुभैघडी हेरी जाउँला*
*मेरा दाजै हो शुभैघडी हेरी जाउँला ।*
*श्रीनन्द दाजैको घोडा ही फुतुवा*
*सुनैकाठी कसिदिउँला*
*मेरा दाजै हो सुनैकाठी कसिदिउँला ।*[78]

यो चाँचरी सल्यानकोटको त्रिपुरासुन्दरी माईको मन्दिरमा गाइने चाँचरी हो । यसमा राजाको दाजु श्रीनन्दले लडाइँ गर्न जानका लागि दिन हेरेर आउन आदेश दिएपछि राजा कुलानन्द जैसीलाई दिन हेर्न आग्रह गर्दछन् र कुलानन्द जैसीले बुधबार राम्रो साइत रहेको कुरा राजालाई बताएपछि सोही कुरा आफ्नो दाजुलाई सुनाएको कुरा यस चाँचरीमा पाइन्छ । यो वीरहरूको सौर्यवर्णनसँग सम्बद्ध छ ।

**नमुना नं. २**

*झल राजा तीरपासा चल रानी गोटी* २
*हे हो गोटी चाल्दा त्यति गाह्रो भयो*२

*गोटी चाल्दा खेरी त त्यति गाह्रो भयो*२
*हे हो हामी मरे कति गाह्रो होला* २

*वर्लाङ घाट मर्लाङ घाट के को धुँवा आयो*२

[78]सूवि शाह, **नेपाली लोकगीतको झलक**, पूर्ववत्, पृ. १४ ।

*हे हो पापै राजैज्यूले छल गर्न आयो* [२]

*हातैमा त्रिशुल त काँदैमा झोली* [२]
*हे हो देशै देशै फिरनलाई जाऔँ* [२]

*देशै देशै फिरने त जातै मेरो होइन* [२]
*हे हो भावी कर्मले पारी ल्यायो* [२]

*सातै तले दियारै त घरै छोडी आएँ* [२]
*हे हो वृक्षमुनि बासै बस्न पऱ्यो* [२]

*वृक्षमुनि बासै बस्ने जातै मेरो होइन* [२]
*हे हो भावी कर्मले पारी ल्याायो* [२]

*सप्तरङ्गी गुदरी त घरै छोडी आएँ* [२]
*हे हो उनीयोको सोतरैमा पऱ्या* [२]

*सुनैयाको झरिया त घरै छोडी आएँ* [२]
*हे हो तुनियोको जलै पिउनु पऱ्यो* [२]

*सुनैयाको सङ्घारैमा चिठी लेखी जाउँला* [२]
*हे हो सोही चिठी हेरी हेरी रुनु* [२]

*सुनैयाको थलियामा मुगामति लैजाऊ* [२]
*हे हो राजैज्यूलाई छाडी छाडी जाऊ* [२] [79]

यो चाँचरी धादिङ जिल्लाको सुनौला बजार गा. वि. स. मा पर्ने भैरवीनाथको मन्दिरमा फूलपाती सेलाएर फर्कँदा गाइने गरेको पाइन्छ । यस चाँचरीमा जुवा खेलेर जोगी बन्न पुगेको राजाको जीवनीको वर्णन पाइन्छ । दरबारको सुखसयलमा बस्ने राजाले तीरपासामा आफ्नो सम्पूर्ण धनसम्पत्ति हारेपछि जोगी बन्नु परेको, उन्योको सोतरमा सुत्न परेको, वृक्षमुनि बास परेको आदि कुराको वर्णन यसमा पाइन्छ । यस चाँचरीमा सामाजिक घटनाको वर्णन पाइन्छ । ( फोटो नं ४)

[79]सङ्कलनस्रोत : दिलबहादुर अमात्या, नीलकण्ठ - ५ , धादिङ् ।

## ४.३.३ व्रत, उत्सव तथा नृत्यगीत

नेपाल धार्मिक सहिष्णुताको मुलुक हो । यहाँका अधिकांश जनता हिन्दू धर्मका अनुयायी छन् । हिन्दूइतर धर्मावलम्बीहरू पनि हिन्दू संस्कृतिलाई सम्मान गर्दछन हिन्दू धर्मका विधि पक्षमध्ये साधना पनि एक हो । व्रत, उत्सव साधनाकै अङ्ग हुन् । हिन्दू धर्मावलम्बीहरूमा व्रत बसेर भगवानको साधना गरेमा सुख, शान्ति र सम्वृद्धि प्राप्त हुन्छ भन्ने विश्वास पाइन्छ । फलस्वरूप उनीहरू व्रत बसी भगवानको पूजा-अर्चना गर्ने गर्दछन् र भोको पेटमा धार्मिक गीत गाउने, नृत्य गर्ने गर्दछन् । जसलाई व्रतगीतको रूपमा लिइन्छ । विशेष गरी व्रत उत्सवमा महिलाहरूको भीड बढी देखिन्छ । नेपालमा वर्षभरिमा पचासौं व्रत र उत्सवहरू हुने गर्दछन् । तीमध्ये एकादशी, पूर्णिमा, श्रीकृष्णाष्टमी, रामनवमी, शिवरात्री, ऋषिपञ्चमी, तीज, स्वस्थानी, कालरात्री, सप्ताह-पुराण, सत्यनारायणको पूजा आदि मुख्य हुन् । यी व्रत उत्सवहरूमा पूजाआजाका साथै विभिन्न धार्मिक भजनहरू तथा सांस्कृतिक महत्त्वका लोकगीत गाउने गरिन्छ ।

व्रत उत्सवसम्बन्धी गीतहरूमा भजन/कीर्तन, कौरा, नचरी, चुड्का आदि प्रमुख छन् तर व्रत उत्सवका दिन राति जाग्राम बस्ने युवायुवतीहरू यस्ता खालका गीतमा मात्र सीमित रहँदैनन् । उनीहरू त्यहाँ दोहोरी, झ्याउरे, चुड्का, रोइला आदि गाउँदै नाच्ने पनि गर्दछन् ।

### ४.३.३.१ भजन/कीर्तन

भजन, कीर्तन धार्मिक गीत हुन् । यिनीहरूको अभिप्राय पूजाआजा वा आराधनाका क्रममा ईश्वरको गुणगान गाउँदै भक्तिभाव देखाउनु हो । नेपाली समाजमा मानसिक शान्ति तथा सान्त्वना दिने क्रममा देवदेवीको पुजा-अर्चना गर्ने तथा व्रत-उत्सवका अवसरमा भजन, कीर्तन गर्ने परम्परा अघिदेखि नै चल्दै आएको पाइन्छ । भजनमा भगवानको सगुण लीलाको र निर्गुण रूपको पनि वर्णन हुने गर्छ भने कीर्तनमा कुनै खास ईश्वरीय रूपको नाउँ बारम्बार दोहोऱ्याउने काम मात्र हुन्छ । यी दुईबीच भाका र तालबाहेक विषयवस्तु र थेगोलगायतका अरू कुनै विषयवस्तुमा नवीनता पाइदैन । देवदेवीका मन्दिरमा भजनमण्डलीद्वारा भजन गाउने तथा कीर्तन गर्ने चलन खासगरी काठमाडौं, ललितपुर, भक्तपुर, पाल्पा आदिमा रहेको पाइए तापनि नेपालका अन्य ठाउँहरूमा पनि यसको चलन रहेको पाइन्छ । विभिन्न अवसरमा गाइने भजनहरू खासगरी चुड्का, लम्बरी, प्रभाती तथा आरती भजनका रूपमा प्रचलित छन् ।

धादिङ जिल्ला पनि धार्मिक महत्त्वका दृष्टिले एक महत्त्वपूर्ण स्थलका रूपमा चिनिन्छ । यहाँ थुप्रै देव-देवीका मठमन्दिरहरू छन् । यहाँका मठमन्दिरहरूमा बेलाबेलामा जात्रा लाग्ने गर्दछ । त्यस बेला यहाँका भजनमण्डलीहरूले चुड्का भजन गाउने गर्दछन् । त्यसका अतिरिक्त सत्यनारायणको पूजा लगाएको बेलामा पनि रातभर जाग्राम बसेर चुड्का भजन गाउने गरेको पाइन्छ । रामनवमी, कृष्णाष्टमीमा भने कृष्णको मन्दिरमा भेला भई बूढापाकाहरूले देवदेवीको कीर्तन गर्ने गर्दछन् । यसैगरी केही नेवारहरूको घरमा नित्य पूजा गर्दा पनि आरतीभजन गाउने गरेको पाइन्छ । धादिङ जिल्लामा गाउने गरेको भजन/कीर्तनको नमुना यसप्रकार छन् :

**नमुना नं. १** (**आरती भजन**)

*जय गणेश सुरणरेस शरणगत तेरी*
*लम्बोधर गजवदान एक दन्त विघनहरण*

*चतुरभूज त्रिनेत्र बाहन मुसक तेरी*
*जय गणेश सुरणरेस शरणगत तेरी*

*सिद्धी सिद्धी चमर डोलन सुर मुनी ध्यान*
*धरत, सिद्धीदय तुमारी नाम भक्त हितकारी*

*जय गणेश सुरणरेस शरणगत तेरी*
*लम्बोधर गजवदान एक दन्त विघनहरण*

*ध्यान तुमारो प्रथम धरत तिसके काम पुराण हितय*
*नारायण तुमारो नाम शरण पूर्ण मेरी*

*जय गणेश सुरणरेस शरणगत तेरी*
*लम्बोधर गजवदान एक दन्त विघनहरण*[80]

यस्ता खाले भजन यस जिल्लामा वाद्यवादनविना पनि गाउने गरेको पाइन्छ भने कतैकतै तबला र हारमोनियमको प्रयोग गरी साँझमा एक ठाउँमा भेला भएर गाउने गरेको पनि पाइन्छ ।

[80]सङ्लनस्रोत :माणिकलाल श्रेष्ठ, नीलकण्ठ ५, धादिङ् ।

नमुना नं. २ (कीर्तन)

*श्री कृष्ण गोविन्द हरे मुरारे*

*हे नाथ नारायण वासुदेव*

*+ + + + +*

*हरे राम हरे राम राम राम हरे हरे*

*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे*

*+ + + + +*

*राधेश्याम, राधेश्याम, श्याम-श्याम, राधे-राधे*

*राधेकृष्ण, राधेकृष्ण कृष्ण-कृष्ण राधे -राधे ।*

*+ + + + +*

*नारायण नारायण नारायण*

*श्रीमन् नारायण नारायण नारायण*

*नारायण नारायण नारायण*

*सत्य नारायण नारायण नारायण नारायण*

*बद्री नारायण नारायण नारायण ।*[81]

यी माथि प्रस्तुत गरिएको भजन कीर्तन प्रायजसो यस जिल्लामा मनाइने पूजाआजा र नित्यपूजामा गाइने गरिन्छ ।

**नमुना नं. ३ (सत्यनारायणको पूजामा गाइने)**

*श्री हे राम राम धादिङकोटकी देवी भैरवीमाई पनि तही छन् बसेका*

*हे राम राम*

*धादिङ मैदानकी सरस्वतीमाई पनि तही छन् बसेका*

*हे राम राम*

*धादिङ नेवार पानीका कर्णेश्वर महादेव पनि तही छन् बसेका*

*धादिङ मूलपानीका गुप्तेश्वर महादेव पनि तही छन् बसेका*

[81] सङ्कलनस्रोत :विष्णुकुमार श्रेष्ठ, नीलकण्ठ ५, धादिङ् ।

*हे राम राम*

*श्री सत्यनारायणलाई पैलो नमस्कार आहै पैलो नमस्कार*

*हे राम राम*

*सल्यानकोटकी त्रिपुरासुन्दीमाई पनि तही छन् बसेका*

*हे राम राम*

*धादिङ आगिञ्चोककी सुन्दरीमाई पनि तही छन् बसेका*

*हे राम राम*

*धादिङ फूलखर्ककी गंगा-जमुना पनि तही छन् बसेका*

*हे राम राम*

*धादिङ मैदीकोटकी भैरवीमाई पनि तही छन् बसेका*

*हे राम राम*

*श्री सत्यनारायणलाई दोस्रो नमस्कार आहै दोस्रो नमस्कार*

*हे राम राम*

*धादिङ मुरलीभञ्ज्याङ्की ज्वालादेवी पनि तही छन् बसेका*

*हे राम राम*

*धादिङ ढोलाकी मण्डलीमाई पनि तही छन् बसेका*

*हे राम राम*

*धादिङ नलाङ्का सिद्धेश्वर महादेव पनि तही छन् बसेका*

*हे राम राम*

*नारायण हरि हरि*

*श्री सत्यनारायणलाई तेस्रो नमस्कार आहै तेस्रो नमस्कार*[82]

यसरी यस जिल्लामा रहेका सबै देवदेवीहरूको आराधना गरेपछि मात्र रामायण, कृष्णचरित्र आदिका कथानकमा आधारित भजन यहाँका भजनमण्डलीले गाउने गरेको पाइन्छ । जुन तल प्रस्तुत गरिएको छ :

(**रामायणमा आधारित**)

[82]सङ्कलन स्रोत : गिताराज अधिकारी, सुनौलाबजार ।

*राम राम रामकै भन्छु कहानी*

*हा.......हा.......भन्छु कहानी......*

*राम लछुमन सीता गाकी वन भन्छु कहानी*

*सुन लौ भन्छु कहानी*

*कैकेईको कामले वन गाको रामले भन्छु कहानी*

*सुन लौ भन्छु कहानी*

*भन्छु कहानी*

*अयोध्यापति महाराज दशरथ कान्छी रानी कैकेयीको वशमा परी पुरानो बाचा हार्न नसकेर राजा हुने रामचन्द्रलाई बूढो दिल कठोर गराएर*

*नारायण .......हरि हरि.......*

*हुकुम सुनाए*

*हा..........हा....... हुकुम सुनाए*

*आजैको यो दिनमा गई बस्नू बनमा हुकुम सुनाए*

*हरे लौ हुकुम सुनाए*

*चौध वर्ष गनेर बनमा बस्नू भनेर हुकुम सुनाए*

*कठैबरा हुकुम सुनाए*

*हुकुम सुनाए ।*

*पिताजीको आज्ञालाई शिरोपर गरी त्यसै बेला औसरमा दरबारबाट वन जाने निश्चय गरी मुमा कौशल्याको महलमा रामजी दाखिल भएर मुमा कौशल्याको चरणकमलमा शिर राखी सुस्तसुस्त भन्न लागे -*

*(हे मुमा) .......(भन बाबू)*

*पिताजीको आज्ञालाई पालन गर्न...*

*नारायण ...हरि हरि....*

*बनमै बस्नेछु*

*हा...हा बनमै बस्नेछु*

*हाँसीखुसी मनले बिदा देऊ हजुरले बनमै बस्नेछु*

*हे मुमा बनमै बस्नेछु*

*पिताजीको मनलाई खुसी राखिदिनलाई बनमै बस्नेछु*

*हेर लौ बनमै बस्नेछु.....*

*बनमै बस्नेछु.....*

*कठैबरा ! रामले वनबास जान निश्चय गरेको देख्दा कौशल्या महारानी*

*पतिव्रताधर्मको बन्धनमा परी नाइँनास्ति गर्न नसकेर त्यसै औसरमा*

*विधिपूर्वक स्वस्तिवाचन गरी रामज्यूलाई आशीर्वाद दिँदै.....*

*नारायण.....हरि हरि....*

*हालिन् अँगालो*

*हालिन् अँगालो*

*हा.... हा....हालिन् अँगालो*

*आँशुभरि आँखामा हेरीकन मुखमा हालिन् अँगालो ।*

*हेर लौ हालिन् अँगालो ...*

*अति दुःखी बन्दै जाऊ बाबा भन्दै हालिन् अँगालो ...*

*कठैबरा हालिन् अँगालो ...*

*हालिन् अँगालो* [83]

यस्तो भजन गाउँदा एक जना टोली नेताले भजनको टुक्का झिक्दै खैँजडी बजाएर नाच्न थालेपछि उनकै भाका र तालमा अरू सदस्यहरूले पनि भजनको गेडा छोपेर खुट्टा उचाली-उचाली खैँजडी ठोक्दै फनफनी घुमेर नाच्ने गर्दछन् । विशेष गरी यो भजन सत्यनारायणको पूजामा गाइएको पाइए तापनि सप्ताह लगाउँदा, मेलापर्वमा, बालाचतुर्दशीका दिन मन्दिर वरपर पनि गाउने गरेको पाइन्छ ।

**नमुना नं. ४**

*सधैँ हाम्लाई हतारो सधैँ हाम्लाई काम*

*मर्ने बेला भइसक्यो जपौँ रामको नाम*

[83] ऐजन ।

*ढोका खोल राम ढोका खोल राम*

*मन्दिरमा भक्त आए ढोका खोल राम*

*भगवानको दर्शन पायौँ मध्यरातमा*

*अक्षेता र फूलमा सबको दानमा*

*कृष्णजीको जन्म भयो मध्य रातमा*

*गद्या, पद्म, शंख, चक्र चारै हातमा*

*विन्दा वनमा गाई चराउने कृष्ण काले चोर*

*कति राम्रो कति मीठो मुरलीको स्वर*

*कृष्णजीको मुरली डडी गयो आधा*

*सोह्र सय गोपिनीमा मन परेको राधा*

*गोकुल छाडी मथुरा जानु हुँदैन*

*जान्छु भन्छिन् राधिका लानु हुँदैन*

*दही चोर्ने ठेकी फोर्ने कृष्णकाले हुन्*

*सुनु सुनु लाग्दो रैछ मुरलीको धुन*[84]

धादिङ जिल्लामा यस्ता खालका भजन, सप्ताह लगाउँदा पुराण भन्दा सत्यनारायणको पूजा लगाउँदा महिलाहरू भेला भएर थपडी मार्दै गाउँदै  नाच्ने गर्दछन् ।

## ४.३.३.२ घाटु

घाटुगीत नृत्यसहितको गीत हो । यो गीत प्रायः गुरुङ, मगर र कुमाल जातिले गाउने र नाच्ने गर्दछन् । घाटु शब्द घाणोको अपभ्रंशका रूपमा चलेको र यसको अभिप्राय चाहिँ घाँटीमा बस्ने देवता भएको बुझिन्छ । सिकारी देउताले गुरुङ राजाहरूलाई सिकार गर्न घाणो कुकुरका घाँटीमा झुन्ड्याइएको र पछि घाणो पाउने राजाका गुरुहरू नाच्दा उनीहरूलाई देवता भनेको किंवदन्ती पाइन्छ । यस्तै प्रकारले घाटु नाचमा पनि नर्तकी कुमारीहरूमाथि देवता  चढेकाले

[84] सङ्कलनस्रोत-सङ्गीता लम्साल, मुरलीभञ्ज्याङ्ग ।

यस नाट्यलाई घाटु नाच भनिएको हो भन्ने भनाई छ ।[85] घाटु नाट्यगीतका रूपमा चिनिने घाटुगीत, बाह्रमासे र ऋतुकालीन गरी दुई रूपमा प्रचलित भएको पाइन्छ । बाह्रमासे घाटु चाहिँ प्रायः बडादसैँदेखि अन्य चाडपर्व तथा खासखास खुशीयालीका आवसरमा नचाइने गरेको पान्इछ भने पर्वकालीन घाटु चाहिँ वसन्तपञ्चमीदेखि बैशाख पूर्णिमाका दिनसम्म नचाइने परम्परा छ ।

धादिङ जिल्लाका विभिन्न भेगमा घाटु गाउने र नाच्ने परम्परा पाइन्छ । यस जिल्लामा प्रायः मगर जातिमा यो परम्परा रहेको पाइन्छ । यहाँ धान्यपूर्णिमाका दिनबाट घाटु नृत्यको सुरुवात गरी पञ्चमीमा टुङ्ग्याउने परम्परा छ । यसमा एकजना गुरुबाउ हुन्छन् । तिनै गुरुबाउले झिकेको गीतमा छोप्दै नाच्ने काम घाटुसारेले गर्दछ । घाटुसारे चाहिँ कन्या हुनुपर्दछ भन्ने मान्यता पाइन्छ । घाटुमा नाच्ने मुख्य महिलाको पहिरन सेतो हुन्छ । मादल बजाएर नाच्ने बिजबारेको पोशाक सेतो धोती र भोटो हुन्छ भने अन्य महिलाहरूको भने एउटै रङ्को फरिया, मखमली चोली हुन्छ । उनीहरूले कपाल फुकाएर, फूल सिउरेर, गहनाहरू लगाएर, पटुकीको फूर्का अघि छोडेर, फरियालाई जामा जस्तो गरी मूजा पारेर लगाएका हुन्छन् । यस जिल्लामा पाइएका घाटुसारेहरुको पोशाक भने भिन्न भिन्न रहेको पाइयो । सुरुमा सबै देव-देवीलाई फुकाएर यो गीतको सरुवात गरिन्छ । घाटु गाउने र नाच्नेको आङमा सरस्वती चढ्छिन् भनिन्छ । यदि सत्यखण्ड बिराएमा घाटु आउने केटीहरूको त्यसै ठाउँमा मृत्यु हुन्छ या बौलाउँछ भन्ने जनविश्वास यहाँ पाइन्छ । यहाँ गाइने घाटुगीत मगर जातिमा प्रचलित भए तापनि गीतको भाषा भने कुमाल जातिको रहेको छ । गुरुङ
जातिमा गाइन घाटुगीतमा पश्रामु राजा र अम्बावती रानीको कथानक पाइन्छ । तर यस भेगका घाटुगीतमा भने राजाको शिकार वर्णन पाइन्छ । यसका अतिरिक्त यहाँ घाटुगीतसँगै बीचबीचमा चुट्का गाउने चलन पनि पाइन्छ । यस जिल्लामा पाइएका घाटुगीत र चुट्का गीतको अंश तल प्रस्तुत गरिएको छ (फोटो नं ५) :

*हा.... चाल राजा तिरपासा*
*हा....चाल राजा*
*हा..है गोटी चाल राजा*

*हा.... चाल रानी तिरपासा*

[85] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, पूर्ववत्,पृ. ३४८ ।

हा.... चाल रानी

हा... हो गोटी चाल रानी

हा.... चाल राजा तिरपासा

हा....चाल राजा

हा..है गोटी चाल राजा

हा.... चाल रानी तिरपासा

हा.... चाल रानी

हा... हो गोटी चाल रानी

तुमरै भयो हे राजा ज्यू

हात्तिमा घोडा तुमरै भयो[२]

खेल राजा ज्यू

हामरो राजा फिऱ्यो रे भने हर्क बढाइभो[२]

हा हा हामरो राजा फिऱ्यो रे भने हर्क बढाइभो[२]

हा....(हिमालैचूली आँठोकाठो)[२] हरिनेको बगाललाई जावैल

(हरिनेका बगाललाई जावैल)[२] छेकेको नि मारैल

हा है (हरिनेका वगाललाई)[२] जावैल

(हरिनेको बगललाई)[२] छेकेको नि मारैल....

हा है (हिमालैचूली आँठोकाठो)[२] चित्तलको बगाललाई जावैल

(चित्तलको बगाललाई)[२] छेकेको नि मारैल

हा है (चित्तलको बगाललाई)[२] जावैल

(चित्तलको बगाललाई छेकेको नि मारैल

हा है (हिमालैचूली आँठोकाठो)[२] मजरैको बगाललाइई जावैल

(मजरैको बगाललाई)[२] छेकेको नि मारैल

हा है (मजरैको बगाललाई)[२] जावैल

(मजरैको बगाललाई)[२] छेकेको नि मारैल

*हा है (हिमालैचूली आँठोकाठो)[२] कस्तुरीको बगाललाई जावैल*

*(कस्तुरीको बगाललाई)[२] छेकेको नि मारैल*

*हा है (कस्तुरीको बगाललाई)[२] जावैल*

*(कस्तुरीको बगाललाई)[२] छेकेको नि मारैल*[86]

राजा र रानीको तिरपासाको खेलसँगै राजाको शिकारको वर्णन यस गीतमा पाइन्छ । यो गीत सकिएपछि चुट्का गाइन्छ । जसको नमुना तल प्रस्तुत गरिएको छ :

*(१) ए कण्ठै सरे गलै लाउने फुवाल[२]*
*नदिया भैगोले नचाएर पात भैगोले नाच*

*(२) ए कण्ठै सरे आङै लाउने चोलिया[२]*
*नदिया भैगोले नचाएर पात भैगोले नाच*

*(३) ए कण्ठै सरे कमर लाउने पटुकी[२]*
*नदिया भैगोले नचाएर पात भैगोले नाच*

*(४) ए कण्ठै सरे गढै लाउने सारिया[२]*
*नदिया भैगोले नचाएर पात भैगोले नाच*

*(५) ए कण्ठै सरे पावै लाउने पैजारु*
*नदिया भैगोले नचाएर पात भैगोले नाच*[87]

**नमूना नं. २ ( चुट्का)**

*(१) बोकासार फूलिसक्यो[२]*
*सारन मेरो विरुवा भमरा सूर्यमण्डल*

*(२) बाह्रमासे फूलिसक्यो[२]*
*सारन मेरो विरुवा भमरा सूर्यमण्डल*

*(३) चुवासारा फूलिसक्यो[२]*
*सारन मेरो विरुवा भमरा सूर्यमण्डल*

[86] सङ्कलन स्रोत : रेसमबहादुर थापामगर, सोह्रघर बसाह ।
[87] सङ्कलन स्रोत : विष्णुमाया मगर, सोह्रघर बसाह ।

*(४) दाह्रिमसारा फूलिसक्यो*[२]

*सारन मेरो विरुवा भमरा सूर्यमण्डल*

*(५) गुरदली फूलिसक्यो*[२]

*सारन मेरो विरुवा भमरा सूर्यमण्डल*[88]

## ४.३.३.३ सोरठी

सोरठी पनि घाटु जस्तै एक प्रचलित कथानक नृत्यगीत हो यसमा नर्तक, गायक र वादकहरू मारुनीमा जस्तै हुन्छन् । सोरठी नाम सोह्रवटी शब्द परिवर्तित भएर भएको हो भन्ने भनाइ पाइन्छ । यसको बारेमा एउटा किम्बदन्ती पाइन्छ । जैसिंह राजाको सोह्रौ विवाह हुँदा आफ्नै छोरी पर्न गएको र छोरी हो भन्ने थाहा भएपछि त्यसै यज्ञमा राजाले आफ्नी छोरी मन्त्री सुजनसँग विवाह गरिदिए भन्ने कुरा पाइन्छ । साथै सुजन र राजा मामा भानिज थिए भन्दछन् । यसै किम्बदन्तीअनुसार सोरठी गीतमा कतै जैसिंहे राजा र हैमती रानीको कथा पाइन्छ भने कतै मामा भानिजबीचको वार्तालाप पाइन्छ । विशेष गरी मगर, गुरुङ, कुमाल जातिमा प्रचलित यो गीत तथा नृत्य नेपाली चाडपर्व, मेला, पूजाआजा, उत्सव, हर्कबढाइँ आदिमा देखाउने गरेको पाइन्छ । मुख्य गरी इन्द्रजात्राको पर्वदेखि बैशाख पूर्णिमासम्म सोरठी नाचिने समय मानिए पनि कृष्णाष्टमीमा जगाएर श्रीपञ्चमीका दिन सेलाउने चलन पनि छ । त्यसमा पनि महत्त्वपूर्ण समय भनेको इन्द्रजात्रा र कात्तिक पूर्णिमा हो । पहिलेपहिले सोरठीलाई हनुमानढोका दरबार र अरू दरबारमा चौबीस पल्टनको पेवाजस्तै मानिन्थ्यो । सोरठीले प्रमुख स्थल गण्डकी क्षेत्रलाई बनाए पनि बसाइसराइ, धार्मिक स्थलमा गरिने नाचगान र लाहुर जाने प्रवृत्तिका कारण नेपालभित्र मात्र नभइ नेपालबाहिर बर्मा (म्यान्मा), मलाया, भुटान, भारतका विभिन्न ठाउँमा समेत यसको रूप देख्न पाइन्छ ।

धादिङ जिल्लामा पनि सोरठी नचाइने परम्परा पाइन्छ । यहाँ गाउने गरेका सोरठी गीतमा भिन्नता पाइन्छ । गुरुङ् र मगर समुदायमा भन्दा पनि विशेष गरी कुमाल समुदायमा बढी गाइने गरेको पाइने यस गीतमा कतै मामा भान्जा बीचको वार्तालाप भेटिन्छ भने कतै जैसिंहे राजा र

---

[88] ऐजन ।

हैमती रानीको कथा पाइन्छ । विशेष गरी चाडपर्वमा, मेलामा, ठूला-ठूला पूजाआजामा सोरठी नचाइने परम्परा पाइन्छ । यसको सुरुवात मादलमा गीत उठाउने गुरुबाबाट हुन्छ । त्यस गीतलाई छोप्ने काम चाहिँ गर्रा‌ले गर्दछ भने हाउभाउसहित नाच्ने काम मारुनीले गर्दछ । मारुनी बन्ने केटो पूरै महिलाको भेषभूषाले सिँगारिएको हुन्छ । यस क्षेत्रमा पाइएका सोरठी गीतको नमुना यसप्रकार छन् (फोटो नं ६) :

**नमुना नं. १**

*....हो...हो जाउन भानिचै हो...हो जाउन भानिचै वघेनीको*
*दुधदोही ल्याउन भानिचै हा....हा ल्याउन भानिचै*
*आशन जग्य हल्टै भयो वघेनीको दूधदोही ल्याउन भानिचैं*[२]
*सक्दिन म मामा सक्दिन म मामा वघेनीले डसी मार्छ सक्दिन म मामा*[२]
*...जम्मा भएर हो..हो जम्मा भएर गर्रा सबै दाजुभाइ जम्मा भएर*[२]
*रक्षा गरन हो...हो रक्षा गरन श्री सत्य नारायनले रक्षा गरन*[२]
*उठी रोपौला हो...हो उठी रोपौला मखमली विरुवालाई बसी गोडौला*
*मरे छोडौला हो ...हो मरे छोडौला बाचुन्जेल हाँसौँ खेलौँ मरे छोडौला*[२]

यसरी सोरठी गीत गाउँदै जाँदा कसैलाई सरस्वती उत्पन्न भएमा त्यस व्यक्तिलाई सरस्वती नहराउन्जेलसम्म यस्तो खालको गीत गाइरहनु पर्दछ :

*आकाशको चन्द्र सूर्य स्यावै हमरा हो साके मादले पातालका*
*वासुकी स्यावै हमरा होसाके मादले तिरीमाय समरस*
*मेरै मलाई हो साके मादले हो*

*पश्चिमका गोर्खाकालिका स्यावै हमरा हो साके मादले*
*पातालमा बासुकी स्यावै हमरा हो साके मादले तिरीपाया*
*समरस मेरै मलाई हो साके मादले हो*

*गार्खाकी मनकामना माई स्यावै हमरा हो साके मादले*
*पातलका वासुकी स्यावै हमरा हो साके मादले तिरीपाया समरस*
*मेरै मलाई हो साके मादले हो ।*

*धादिङको गुप्तेश्वरी माई स्याव हमरा हो साके मादले*

*पातालका वासुकी स्यावै हमरा हो साके मादले तिरीपाय*

*समरस मेरै मलाऐ हो साके मादले हो ।*

*सरस्वती हराएपछि फेरी यस्तो गीत गाउने गरेको पाइन्छ :*

*हो.. हो मन्जिर उठायो*

*सोह्रसय गोलेनीले पन्जिर उठायो*

*लागे लस्कर हो.... हो लागे लस्कर*

*गर्रा सबै दाजुभाइ लागे लस्करे*

*मन्जिर सेलायो हो..... हो मन्जिर सेलायो*

*समुनकी किनारैमा मन्जिर सेलायो*

*मारे डुबुल्की हो...मारे डुबुल्की*

*सोह्रसय गोलेनीले मारे डुबुल्की*

*गरे छल्कर हो....हो गरे छल्कर*

*सोह्रसय गोलेनीलाई गरे छल्कर*

*फिर्ता हुनुभो हो....हो फिर्ता हुनुभो*

*गर्रा सबै दाजुभाइ फिर्ता हुनुभो*[89]

**नमुना नं. २**

*एकै वर्षको जैसिङगे राजै*

*हा....हा.......हा.....*

*दुवै वर्षको हैमती रानी*

*कौन कारणले भेट भयो हा.......कौन कारणले भेटै भयो*

*हा.......हा........हा........*

*दानै र पानीले भेटै भयो हा......दानै र पानीले भेटै भयो*

*स्याबास*

---

[89] सङ्कलन स्रोत : गणेश कुमाल, साङ्कोष ।

*दुवै वर्षको जैसिङ्गे राजै*

*हा ...............*

*तीनै वर्षकी हैमती रानी*

*कौन कारणले भेटै भयो हा.......कौन कारणले भेटै भयो*

*दानै र पानीले भेटै भयो हा..... दानै र पानीले भेट भयो*

*स्याबास*

*हे सयपत्री फूल टिपी गाथी लिऊ मेरी जोगिया*[२]

*जोगिया र जोगिले गाथेको फूल (माहे मोहनी लायौकी)*[२]

*हे ज्ञान त सरी फूल टिपी गाथिलिऊ मेरी जोगिया*[२]

*जोगिया र जोगिले गाथेको फूल (माहे मोहनी लायौकी)*[२]

*हे सुकन्धरा फूल टिपी लिऊ मेरी जोगिया*[२]

*जोगिया र जोगिले गाथेको फूल (माहे मोहनी लायौकी)*[२९०]

## ४.३.३.४ मारुनी

मारुनी सङ्गीतमय गीतिनृत्य हो । मारुनी शब्द संस्कृतको 'मारु' शब्दसँग 'नि' प्रत्यय गाँसिएर भएको हो कि भन्ने भान हुन्छ । मारु शब्दको अर्थ रागको एक भेद हो । त्यसैले मारुनीको

अर्थ मारु राग आउने स्त्री भएको मानिन्छ जुन कुरा भाषाशास्त्री महानन्द सापकोटाले पनि नेपाली शब्दपरिचयमा देखाएका छन् । समयको अन्तरालसँगै राग गाउने चलन गौण भएर गीत र नृत्यले प्रमुख भूमिका लिएको हुनसक्छ । त्यसैले नेपाली संस्कृतिमा मारुनी गीत नृत्य गीतिनृत्य एवम् गीतिनाट्यका रूपमा स्थापित हुन पुगेको हो ।

[९०] सङ्कलन स्रोत : दिलबहादुर थापा,सुनौला वजार ।

मारुनी नृत्यगीत विशेषगरी नेपालको पश्चिमाञ्चलको लुम्बिनी, धौलागिरी र गण्डकी क्षेत्रका मगर जातिमा प्रचलित धर्मप्रधान गीतिनाच हो । तर अहिले आएर यो सबै जातजातिको सामूहिक तथा सामाजिक गीतिनाच भएको छ । मारुनी नाच दसैं, तिहारमा, खासगरी कालरात्रिमा कोटको मौलामा पूजा गरेपछि आरम्भ गरी मङ्सिरको ठूली एकादशीसम्म नचाइन्छ । त्यसबाहेक पूजाआजा पर्व तथा शुभकार्यको समाप्तिका दिन रातभरि जागग्रम बसेर मारुनी नचाइन्छ ।

धादिङ जिल्लामा चाहिँ मारुनीनृत्य मगर जातिमा भन्दा कुमाल जातिमा बढी लोकप्रिय देखिन्छ । यहाँ देवदेवीको मन्दिरमा मेला लाग्दा, सप्ताह, पुराण, सत्यनारायणको पूजा लगाउँदा रातभर जाग्राम बस्ने क्रममा मारुनी नचाउँने परम्परा पाइन्छ । साथै पूजा सेलाउन जाँदा पनि मारुनी नचाउँदै लैजाने परम्परा छ । यस नृत्यमा नाच्ने मारुनी, नियन्त्रण र सञ्चालन गर्ने गुरु र भाग लिने, गाउने र सुरक्षा दिने गर्रा र मादल बजाउने मादले आदि लोककलाकारको भूमिका हुन्छ । मारुनी बन्ने केटो पूरै महिलाको भेषभूषाले सिँगारिएको हुन्छ । यस नृत्यमा मारुनी मादलेको

वरिपरि घुम्दै मादलको तालसँगै कम्मर मर्काइमर्काइ नाच्ने गर्दछ भने गर्राभाइहरू तालि बजाउँदै एकै स्वरमा गीत गाउँछन् । त्यसैगरी मादलेले तालसुर मिलाएर मादल बजाउने कार्य गर्दछ । मारुनी नृत्यमा मारुनीलाई सरस्वती चढ्छ भन्ने पनि सुनिन्छ । आजभोलि यस क्षेत्रमा मारुनी नचाउने परम्परा लोप हुँदै गएको पाइन्छ । यहाँ पाइएको मारुनी गीतको नमुना तल प्रस्तुत गरिएको छ :

*हर हर धरति माता तमु शरण ॥*
*पूजा लगाउ बालै पूजा लगाउ*
*बाला श्री कृष्णजीको पूजा लगाउ*

*जनमै भयो गोकुलमा कृष्णजीको जन्मै भयो ॥*
*धादिङ्को हात्तिया हो कपडको विधवा*
*घोटे र मोटे बहुरूपी जोगीया हमूदै रतैला ॥*
*गाई हेर्ने गुवाला हो सबै मेरा माइति*
*छोटे र मोटे बहुरूपी जोगिया हमूदेरतैला ॥*

*फाट्यो बरिलै मन परे चोलिया जानै लाग्यो*

*पातली नानी बाली वैँश विना ।।*[91]

### ४.३.४ श्रमगीत/कर्मगीत

नेपाल एउटा कृषिप्रधान देश हो । यहाँका अधिकांश मानिसहरूले आफ्नो जीवन निर्वाह कृषिबाट नै गरिरहेका छन् । जीविका चलाउने क्रममा किसानहरू घाम-पानी, हुरी-बतास, असिना, भोक, प्यास आदिको पर्वाह नगरी निरन्तर डटीरहेका हुन्छन् । हलो, जुवा, कुटो, कोदालीसँग मितेरी गाँसेका हुन्छन् । धान रोप्दा होस् या कोदो रोप्दा, घैया गोड्दा होस् या धान भित्र्याउँदा आफ्नो भोक प्यास र थकाइलाई भूलेर गीतका माध्यमबाट एकअर्कासँग हस्सीमजाक गर्ने, ठट्यौली गर्ने, आफ्नो
वेदनालाई पोखेर मनलाई हलुङ्गो पार्ने काम गर्दछन् । किसानहरूले काम गर्दा अर्थात् श्रम गर्दा गाउने ती गीतहरूलाई श्रमगीतको नाम दिइएको छ । श्रमगीतअन्तर्गत जेठे, असारे, साउने, भदौरे, मङ्सिरे (दाइँगीत) आदि पर्दछन् । यी गीतहरूमध्ये असारे, साउने, मङ्सिरे (दाइँगीत) मात्र धादिङ जिल्लाका किसानहरूले गाउने गरेको पाइन्छ जसको चर्चा तल प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

#### ४.३.४.१ असारे

असार महिना कृषकहरूको कामको महिना हो । यस महिनामा खेत रोप्दै कृषकहरू गीत गाउने गर्दछन् जुन गीतलाई असारे गीत भनिन्छ । कृषकहरू आफ्नो थकाइ मेटाउन र कामका साथ मनोरञ्जन लिनका लागि असारे गीत सुसेल्ने गर्दछन् । रोपाइको समयमा खेत रोप्ने खेताल्नीहरू र खेत सम्याउने बाउसेहरू एक-आपसमा हिलो छ्यापाछ्याप गर्दै मायाप्रीति साटासाट गर्ने गर्दछन् भने तन्नेरी-तरुनीहरू जुहारी खेल्दै सबै खेतालाहरूलाई मनोरञ्जन प्रदान गर्ने गर्दछन् ।

[91]सङ्कलन स्रोत : वीरमान कुमाल, सल्यानटार ।

धादिङ जिल्ला राजधानी नजिक रहेर पनि विकट क्षेत्रका रूपमा चिनिन्छ । यस जिल्लाका अधिकांश मानिसहरूको पेशा कृषि रहेको छ । यहाँका कृषकहरूका लागि यस महिना मुठी खाएर मानो फलाउने महिना हो । त्यसैले उनीहरू यस महिनामा कडा परिश्रमका साथ धान रोप्न डटेर लागेका हुन्छन् । उनीहरू आफ्ना थकाइलाई भुन्न र मनोञ्जन प्राप्त गर्नका लागि काम गर्दै असारे गीत गाउने गर्दछन् । गीतकै माध्यमबाट विरह, वेदना पोख्न, हस्सीमजाक गर्ने पनि गर्दछन् । साथै एकआर्कामा हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन लिने पनि गर्दछन् । पहिलेपहिले यहाँका ठूलाबडाहरूले आफ्नो खेत रोप्दा पञ्चेबाजासमेत बजाउने गर्दथे तर आजकाल पञ्चेबाजाका साथै असारे गीत गाउने परम्परा यहाँ लोप हुँदै गएको पाइन्छ । यस जिल्लामा गाइएका केही असारे गीतको नमुना भने तल प्रस्तुत गरिएको छ । (फोटो नं ७)

**नमुना नं. १**

*अमिलो भन्दिम आँपचुकी दाना*
*गुलियो कसार*[२]
*हनुमानढोका उघारी हेर्दा*
*लागेछ असार*
*छाटी र छुटी मार्सीको चामल (वेतको डालीमा)*[२]
*हजुरलाई भनि फूल गाँथी राखे (ओइलायो आलीमा)*[२]

*एकै र मूठी खरुको घाँस (घोडीलाई तबेला)*[२]
*एतिन्जेलसम्म काँ बस्नु भयो (दर्शन देऊ अबेला)*[२]

*पारी र पटी पाखामा हेर (घाम लाग्यो घमाइलो)*[२]
*घरमा छैन शितलुवचन (मन छैन रमाइलो)*[२]

*खहरे खोला बाढी आयो (बगायो गेगरुँ)*[२]
*साहुको हप्की दिन दिनै खाँदा (मन रुन्छ के गरुँ)*[२]

*असारै मासको टन्टलापुर घाम (जेठैको खडेर*

*छोरीलाई भने पराइ घर (छोरालाई घडेरी)*[२]

*थालै र भरी अक्षतापाती धादिङे धामीलाई*

*साँझै र पऱ्यो झ्याउँकिरी बास्यो देऊ विदा हामीलाई*[92]

**नमुना नं. २**

*खेतको मूल भुलभुल गर्ने कुलो त छ्वाङछ्वाङ्ती*

*बाउसेको टाउको मुसाले लग्यो मेलो त ह्वाङ्ह्वाङ्ती*

*खेतको पानी धमिल्याइदिने माछाको भूराले*

*मन पुग्यो होला पँधेरापारि ठीक पार्छौ कुराले*

*बगरे दाइले काटेको खसी बोसो नै तीन पत्र*

*खेताल्नी नानीले धोका नै दिदा म परेँ अलपत्र*[93]

**नमुना नं ३**

*हे दिदी बहिनी संसारै ढाक्यो असारको पानिले*

*बाउसेमा दाइले बाउसे गर्छन् धान रोप्छौँ हामीले*

*एक दिन खेत रोपेको ज्याला पचास मात्र भो*

*सब जना मिलि त्यो हिलो खेल्दा खेतमा जात्रै भो*

*खेत कति राम्रो देखिन थाल्यो धानको गावाले*

*आलीमा बसि खेताला लाए घर धनी बाबाले*

*छुपुमा छुपु खेतैमा रोपौँ हातमा बिउ छउन्जेल*

*बलैर लाउँला बलैर खाउँला बाबाको जीउ छउन्जेल*[94]

## ४.३.४.२ साउने गीत

साउन शब्द संस्कृतको ‘श्रावण’ को तद्भव रूप हो । साउने शब्द साउन+ए मिलेर बनेको

---

[92] सङ्कलन स्रोत : देवी ढुङ्गाना, मुरलीभञ्ज्याङ्ग ।
[93] ऐजन ।
[94] सङ्कलन स्रोत :सानोकान्छी श्रेष्ठ, पौवा ।

हो । जसको अर्थ साउनमा हुने, गरिने वा साउनसम्बन्धी कुरा, प्रसङ्ग, वस्तु आदि भन्ने हुन्छ । गीतको प्रसङ्गमा चाहिँ 'साउने' भन्नाले साउनमा काम गर्दा गाइने गीत भन्ने हुन्छ । साउने गीत पहाडमा कोदो रोप्दा गाउने प्रचलन छ । यसको लय असारेसँग ठ्याक्कै मिले तापनि कोदो रोप्दा प्रायः साउन महिनामा गाइने हुँदा यसलाई साउने नाम दिइएको पाइन्छ । किसानहरू साउनको चर्को घाम र थकाइ भूल्नका निम्ति गीत गाएर मनोरञ्जन लिने गर्दछन् । यस्तो गीत गाउँदा कतै स्त्री र पुरुष खेताला खेताल्नीबीच गीतका माध्यमबाट सवाल-जवाफ गरेको पाइन्छ भने कतै एक जना महिलाले गीतको टुक्का निकालेपछि त्यही टुक्कालाई छोपेर अरूले गाउने गरेको पाइन्छ । धादिङ जिल्लामा पहिलेपहिले कोदो रोप्दा साउने गीत गाउने प्रचलन भए तापनि आजभोलि भने त्यसको प्रचलन कतैकतै मात्र भेट्न सकिन्छ । साउनको प्रचण्ड गर्मीलाई छल्न र थकाइलाई भूल्न यहाँका किसानहरू कोदो रोप्दै गीत गाउने गर्दछन् जसको नमुना तल प्रस्तुत गरिएको छ :

(फोटो नं ८)

**नमुना नं. १**

*केटा : आँपको कोयो बाँसको चायो (चक्कुले खिपेको)*[२]
*हजुरलेलाको माथको फूल कुन वनमा टिपेको*
*केटी : आँपको कोयो बाँसको चायो (चक्कुले खिपेको)* [2]
*हामीले लाको दुई थुङ्गा फूल रानी वनमा टिपेको*

**नमूना नं. २**

*बिहानभरि कोदोमा रोपेँ मुख्याको बारीमा*
*मन मेरो सधैँ गएर बस्यो हरियो सारीमा*
\+ \+ \+ \+ \+
*असारमा खाने दुधिलो मकै साउनमा खाने खिर*
*घरमा छैन शितलु वचन मनमा छैन थिर*[95]

[95]सङ्कलन स्रोत : दुर्गादेवी रिजाल, साङ्कोष ।

### ४.३.४.३ दाइँ गीत

असारमा रोपेको धान मङ्सिर महिनामा पाकेर लहलह भएको हुन्छ । त्यसबेला किसानहरू आफ्नो पसिनाका दाना सुनमा परिणत भएको देखेर गद्गद् हुन्छन् र त्यसलाई भित्र्याउने तरखरमा लाग्ने गर्दछन् । यसै क्रममा उनीहरू असारमा खला/भकारी बाँधिएको खेतको ठूलो गरालाई पच्चीस-तीस

हात जति खुर्किएर र ताछेर सफासुग्घर पारेर लिपपोत गरी खलो तयार गर्दछन् । त्यसमा पहिलो झमट धान चुटेपछि धानसहितको कुन्यू लगाउने गर्दछन् । कुन्यू लगाएको केही दिनपछि खलाको माझमा साल वा बाँसको मियो गाडेर दाइँ हाल्ने गर्दछन् । यसबेला खलाको मियो वरिपरि धानको बिटा छिरल्दै गोरुलाई परालमाथि फनफनी रिँगाउँदै कुल्चीमिल्ची पारी धान झार्न लगाउने गर्दछन् । यसै क्रममा दयेँरेहरूले गीत गाउने गर्दछन् । जुन गीतलाई दाइँ गीत भनिन्छ । दाइँ मङ्सिर महिनामा गरिने हुँदा यस गीतलाई 'मङ्सिरे' पनि भनिन्छ । कतैकतै यसलाई दयेँरे गीत पनि भन्ने गरेको पाइन्छ । काजीमान कन्दङ्वाले  यसलाई राशीगीत पनि भनेका छन् ।[96]

धादिङ जिल्लामा पनि मङ्सिर महिनामा धान भित्र्याउने क्रममा दयेँरेहरूले गीत गाउने गरेको पाइन्छ जसको नमुना तल प्रस्तुत गरिएको छ :

**नमुना नं. १**

*मियोको टुप्पामा बसीहाल्यो कोइली*
*काम गर दयेँरे हो भरै खाल्यौ डडेको चोइली*
*हिऊचुली हिमालमा हो मेरो वरादो (झुल्की हाल्यो घाम)²*
*हो मेरो वरादो धान जति झारी सक्यो बाँकी रह्यो परालको काम*

*दैलोमाथि सङ्घारमा वडापत्र लेखेँ हो मेरो वरादो हो भित्र पस*
*रामचन्द्रजी लक्ष्मणले देखे रुन थाले लक्ष्मण हो वरादो हो राम दङ्ग परे*
*भन्न थालिन सीताजीले हो मेरो वरादो हो अब वन जाने*
*सिकार गर्ने गिठ्ठा टिप्ने (भोजन त्यही खाने)² [97]*

---

[96] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य**,पूर्ववत्,  पृ. १९ ।
[97]सङ्कलन स्रोत : रमेश अधिकारी, धुँवाकोट ।

नमुना नं. २

*काटी खाने सुपारी त फोरी खाने बेल*
*रामचन्द्रको सीता हरे रावणको खेल*
*हो बाबु-बरदो हो ....हो....हो, माले हो तारे*

*पत्थरकाला बन्दूकलाई सीसा काटी गोली*
*पाथी लाउने बखतमा सिंह राजाको बोली*
*हो बाबु-बरदो हो ....हो....हो, माले हो तारे*

*दाइँ धमुना तिमीलाइ हामीलाई रक्षागर्ने*
*पसीमाई मनकामना*
*हो बाबु-बरदो हो ....हो....हो, माले हो तारे*

*डडी गयो मलेवा बाबु-बरदो परी गयो भर्को*
*धान जतिझरी सक्यो पराल रहयो भर्को*
*हो बाबु-बरदो हो ....हो....हो, माले हो तारे*[98]

नमुना नं. ३

*हिमालचुली हिमालमा मेरो भैया हो*
*झुल्की गए घाम विदा दिने दशरथ वनमा जाने राम मेरी भैया हा ।*

*पत्थरकाला बन्दुकी  त मेरी भैया हो*
*सीसा काटी गोली पाथी लगाउने बखतमा सिंह राजाको बोली*

*लम्मे तम्मे पुछ्चार त घोप्टा, घोप्टा कान मेरी भैया हो*
*कुट्यो पिट्यो भनी बरादोले मेरी भैया हो दुःख नमान*

*काटी खाने सुपारी त फोरी खाने बेल मेरी भैया हो*
*कैकइको खेल विदा दिने दशरथ वनमा जाने राम*

*राम आखिरीको पल्लाछेउ मै दिन्थी काम*

---

[98] सङ्कलन स्रोत : कृष्णबहादुर नगरकोटी, पौवा २, बेसारे ।

*लङ्का फुल्यो बेली फूल पल्ङ्कामा बाँस*

*मेरी भैया हो*

*असीमुरी खूर मुनि मेरी भैया हो बाह्र बीस ह्रास*

*कुन देशको राजा भरत मेरी भैया हो ।*

*कुन देशको रानी*

*माला बाँडा छुट्याइ दिउला खाल्यौ चिसो पानी*

*कुवा खोज्न जानी*

*ती तल सिमसरीमा कति राम्रो सिमी*

*माया गर्ने मै त रहेछु निर्मायाको तिमी*[99]

**नमुना नं. ४**

*दाइँ बराँदो ह माली गाईको छोरा पुतली गाईको नाति*

*हिड्न लाग्यो मेरो भाइ बराँदो हो धान पराल माथि*

*दाइँ बराँदो ह हाम्रो बराजुको मेरो भाइ बराँदो हो लामा लामा कान*

*देऊ भुमे राजा मेरा भाइ बराँदो हो खलाभरि धान*

*दाइँ बराँदो ह असीमुरि मडुवा त मेरो भाइ बराँदो हो*

*बाह्र बीसे रासि हिड्न लाग्यो मेरा भाइ बराँदो हो धान*

*परालमाथि दाइँ बराँदो हो* [100]

**नमुना नं. ५**

*दाइँ बराँदोको भुनी देउता निस्क्यो*

*पुजारे दाइँ नगथानतिर पूजा गर्न हिड्यो*

*हो.....हो झालमाले (गोरे, काले मिलिजुली हिँड)*[२]

*धान झार्नेल झारीसक्यो*

[99] सङ्कलन स्रोत : मदन राउत , साङ्कोष, पचघरे ।
[100] सङ्कलन स्रोत : रामबहादुर खान ठकुरी, सुनौला बजार ।

*पराल छर्ने खाजा खालौ*
*पराल खाँदा तिर्खा लाग्यो*
*(भरे पानी खालौ)*[२]

*म्योको भाइले भुने चाख्यो*
*सबले प्रसाद लाउने भयौ*
*पराल विँडे पिटाइ खेप्दै*
*(हिँड भाइ हो हिँड)*[२][101]

## ४.३.५ बाह्रमासे गीत

नेपाली लोकगीतमा सबैभन्दा बढी गाइने लोकगीतका रूपमा बाह्रमासे गीतलाई लिइन्छ । यो गीत बाह्रै महिना, बाह्रै काल जहाँ जहिले, जोसुकैले गाउन सक्छन् । यो गीत यसै समयमा र यही उमेरकाले गाउने भन्ने हुँदैन । हरेक समयमा सवै उमेरका मानिसले गाउन सकिने हुनाले यसको नाम बाह्रमासे रहन गएको हो । यसअन्तर्गत भ्याउरे, घाँसे, चुट्का, दोहोरी आदि पर्दछन् ।

यीमध्ये धादिङ जिल्लामा प्रचलित केही बाह्रमासे लोकगीतको चर्चा तल प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

### ४.३.५.१ दोहरी

गीतको माध्यमबाट केटा-केटी, प्रेमी-प्रेमिका, नायक-नायिका बीचमा हुने सवाल-जवाफ अर्थात् प्रश्नोत्तर नै दोहोरी हो । नेपाली लोकगीतमा सबैभन्दा लोकप्रिय गीतको रूपमा दोहरी गीतलाई लिइन्छ । यो गीत गाउनेलाई मात्र नभइ सुन्न बसेका दर्शकहरूका लागि पनि अति नै मनोरञ्जनपूर्ण खालको हुन्छ । यस्ता खालका गीत वनपाखा गर्दा, मेलापर्वमा, विवाहउत्सव आदिमा बढी मात्रामा गाउने गरेको पाइन्छ । आजभोलि विभिन्न विषयवस्तु दिएर दोहोरी गीतका
प्रतियोगिता नै गर्ने पनि गरिन्छ ।

---

[101] सङ्कलन स्रोत : मदनकुमार श्रेष्ठ, साङ्कोष २ ।

धादिङ जिल्लामा पनि दोहोरी गीत प्रशस्त मात्रामा सुन्न पाइन्छ । यहाँका लोकगायक-गायिकाहरूले विभिन्न भाका र लयमा दोहोरी गीत गाउने गर्दछन् । जसको नमुना तल प्रस्तुत गरिएको छ :

**नमुना नं. १**

केटा : *नजाउ पर आउ वरवर तिम्रो मछु मेरो पो को छ  र*
*सिमसिमे पानीमा ज्यानले बेमान गर्छ की जिन्दगानीमा*

केटी : *तिम्रो छेऊ आउन त मन लाग्छ आउथे तर समाजको डर लाग्छ*
*सिमसिमे पानीमा ज्यानले बेमान गर्छ की जिन्दगानीमा*[102]

**नमुना नं. २**

केटा : *पानी र पऱ्यो रिमी र झिमी हिउँ थाल्यो बर्सन*
*मायाको आज खबरै छैन काँ पाऊँ दर्शन*

केटी : *थालै र भरी अक्षतापाती धादिङे धामीलाई*
*निर्मोही ज्यानको आँखाले किन देख्दथ्यो हामीलाई*[103]

**नमुना नं. ३**

केटा : *अहिलेको वर्ष पानी नपर्नाले घ्याम्पैभित्र उम्रियो जौ*
*भात खायो दहीले खोजी राको मैँले मेरो माया कता छौ*
*फूलको छायाँ सुन्यौ सानो माया मेरो माया कता छौ*

केटी : *एकै र मुठी घाँसै र काँटे गाईलाई हो की गोरुलाई*
*हजुरी ज्यानले खोजिरहनुभाको मलाई हो की अरूलाई*
*सुनको गजुर ए मेरो हजुर मलाई हो की अरूलाई*[104]

**नमुना नं. ४**

केटा : *कालीमा गाईको मालीमा बाच्छो दाहैन र दाहैन*

[102]सङ्कलन स्रोत : मीना थापामगर, बसाह ।
[103]सङ्कलन स्रोत :सरिता अधिकारी, मुरलीभञ्ज्याङ्ग ।
[104] सङ्कलन स्रोत : माइली सर्किनी, सुनौला बजार ।

*अक्षर लेखेँ हजुरले देखे म हैन र म हैन*

केटी : *कामी र दाइको तल्लो आसनमा काँचो फलाम ताउदैन*

*अक्षर लेखेँ तिमीले देखे होला जस्तो लाग्दैन*[105]

**नमुना नं. ५**

केटा : *मेरो माया छ भने त्यता*

*पानी खाने निउँ गरी आऊ यता*

केटी : *तिर्खा छैन के पानी खाने*

*कति दिन मै मात्र धाउने*[106]

**नमुना नं. ६**

केटा : *सुन्तला भने भाउ बसेको छैन*

*सित्तैमा लैजाऊ चार दाना*

*नक्कली मोरी मीठै घिच्न पर्ने*

*सित्तै लैजाऊ चार दाना*

*देवीको थानमा दर्शन गर्न आको*

*के माग्यौ त बर्दान ?*

*बादलको घेरो पैला सोधन मेरो*

*के माग्यौ त बर्दान ?*

केटी : *हे रछ्यानमा रूख छ बार्दलीमा पुग्छ*

*गमलाको बेली जाई*

*तेस्को एउटा गुन छ माथमा लाउन हुन्छ*

*गमलाकोबेली जाई*

*एकोहोरो माया हो आऊ न वरवर*

*के भनौँ र तपाईँलाई*

*मकैलाई कनी जे मागे पनि*

[105] ऐजन ।
[106] सङ्कलन स्रोत : नर्मदा अधिकारी, ससाह ।

*किन भन्नु तपाईँलाई*[107]

### ४.३.५.२ चुड्का

'चुड्का' भन्नाले छोटो-छरितो खालको गीत भन्ने बुझिन्छ । यो गीत पहाडपर्वत, लेकबेँसी, आँठकाँठ जतातत्तै पाइन्छ । चुड्का भएर पनि झ्याउरे जस्तै रमाइलो हुनु यसको विशेषता हो । यो गाउँदै नाच्न पनि सकिन्छ । विषयमा विविधता, स्वरमा अनेकता र गायनमा द्रुतता यसका लक्षण हुन् । चुड्का गीतमा कृष्णचरित्र, रामलीला एवम् धार्मिक कथा वा गाथा पनि हुन सक्छन् । त्यसबाहेक प्रेमप्रसङ्गका विषयवस्तु पनि हुन सक्छन् । धादिङ जिल्लामा चुड्का पूजाआजामा, मेलापर्व, उत्सव आदिमा गाउने गरिन्छ । यस जिल्लामा प्रचलित केही चुड्का गीतको नमुना तल प्रस्तुत गरिएको छ :

**नमुना नं. १**

*कैकईको खेलमा*
*रामजीलाई बनीवास*
*रामजीलाई बनीवास*
*भरतले राज्य पाए*
*रामजीलाई बनीवास*
*कैकईको खेलमा*
*रामजीलाई बनीवास*[108]

**नमुना नं. २**

*सालघारी मजुलाई*
*छड्के सलाम हजुरलाई*
*तिमी काँको काँको*
*माया भन्दै आइराको*
*चिनेको न जानेको*

---

[107] सङ्कलन स्रोत : रेशमबहादुर राना, सुनौलाबजार
[108] सङ्कलन स्रोत :सीतादेवी अधिकारी, तल्लोबेँसी ।

*तैपनि माया लाको*

*सान्नानीलाई लैजाने*

*आँटै नआको*[109]

### ४.३.५.३ झ्याउरे

झ्याउरे नेपाली लोकगीतको मुटु मानिन्छ । झ्याउरे शब्द कसरी बन्यो भन्ने बारेमा विद्वान्हरू बीचमा एकमत पाइँदैन । कसैले झामरबाट झ्याउरे बनेको भन्दछन्[110] त कसैले झुत्रेझाम्रेले गाउने गीत भएकोले झ्याउरे भनिएको भन्दछन् ।[111] त्यसैगरी कसैले झ्याउबाट झ्याउरे बनेको कुरामा आफ्नो तर्क पेश गरेका छन् ।[112] झ्याउरे शब्द जे जसरी बनेको भए तापनि अन्य लोकगीतको तुलनामा यसको प्रसिद्धि बढी देखिन्छ । झ्याउरे एउटा लय वा भाकाको नाम पनि हो । यस रूपमा खास किसिमको लोकगीतलाई झ्याउरे भन्ने गरिएको पाइन्छ र थुप्रै लोकलहरी तथा साहित्य पनि यसै लयमा लेखिएका छन् । झ्याउरे गीत गढ-कुमाउँतिरबाट आएका पौड्यालहरूले आफूसँगै ल्याएका र समयक्रममा नेपाली लोकगीतका संवाहक मानवीर खत्री र गोर्‍या सिरसले गाउन थालेपछि फिँजारिँदै गएका गीतहरूको विकसित भेदका रूपमा मानिन्छ ।[113] सुरुमा झ्याउरे एउटा भाका विशेष भए पनि हाल यसभित्र धेरै लय भाका र छन्द पर्दछन् । यसैको एउटा भेद १६ अक्षरे रहेको छन्दले नेपाली साहित्यमा झ्याउरे छन्दको संज्ञा पाएको छ । यसै छन्दमा मुनामदन जस्तो उच्च खण्डकाव्य महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेका पनि छन् ।

धादिङ जिल्लामा पनि झ्याउरे गीतको प्रचलन अत्याधिक रूपमा देखिन्छ । यहाँ घाँसदाउरा गर्न जाँदा होस् या मेलापर्वमा जाँदा होस् झ्याउरे गीत घन्कने गर्दछ । यसबाहेक देउसी, भैलो खेल्दा पनि झ्याउरे गीत गाएर नाच्ने चलन पाइन्छ जसको नमुना तल प्रस्तुत गरिएको छ :

*झ्याउरे गीत म गाउने थिएँ*

*अलिकति स्वरैले दिएन*

---

[109] सङ्कलन स्रोत : राजाराम राउत, ज्यामरुङ् ।

[110] बाबुराम आचार्य, **नेपाली जनगीतका विषयमा**, प्रगति वर्ष १, अङ्क ४ ।

[111] कालीभक्त पन्त, हाम्रो सांस्कृतिक इतिहास, पूवर्ववत्,पृ.१२९-१३० ।

[112] बालकृष्ण सम, **एक नेपाली कवि**, डाँफेचरी, २०१०, रूख १ फूल २ ।

[113] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक** , पूर्ववत्, पृ. १५३ ।

*झम्केफुलि नाकैमा बुलाकी*
*यसपाली त घरबार होला की*

*मैंले गीत गाएको कस्तो छ*
*यो दाजु त सलमान खान जस्तो छ*

*मेरो घर त या हैन सल्यानकोट*
*सल्यानकोटमा क्या राम्रो फूलको बोट*

*तिमी काँको म काँको काँको*
*धादिङैमा आएर भेट भाको*

*छमछम नाचिदेऊ निउरेर*
*हातमा रुमाल कानमा फूल सिउरेर*

*पानीमूनि पाँच पैसा टल्केको*
*नबोल्नेलाई बोलाउन के खाँचो*[114]

## ४.३.५.४ सेलो

सेलोगीत तामाङ जातिमा प्रचलित गीत हो । आजकाल नेपाली भाषामा पनि सेलो गाउने गरेको पाइन्छ । विशेष गरी तामाङ जातिले बढी गाउने सेलो गीत आजभोलि सबै जातिमा लोकप्रिय बन्दै गएको छ । त्यसैले यसको प्रभाव अन्य गीतहरूमा पनि देख्न पाइन्छ । सेलोगीत तामाङहरू घरमा, मेलापातमा, हाटबजारमा, चाडपर्व एवम् उत्सवहरूमा गाउने गर्दछन् । एक्लै पनि गाउन सकिनु, दोहोरी र समूहगत रूपमा पनि गाइनु यी गीतका रोचक पक्ष हुन् ।

[114] सङ्कलन स्रोत :सीता अधिकारी, नीलकण्ठ-१ ।

धादिङ जिल्ला तामाङ जातिको घना बस्ती भएको जिल्ला हो । यो जिल्लाको उत्तरी भेगमा तामाङ बस्ती रहेको छ । यहाँका तामाङहरू नेपाली र तामाङ दुवै भाषामा सेलो गाउने गर्दछन् । घरमा, मेलापातमा, जात्रामात्रामा, हाटबजारमा, पूजाआजामा, छेवर, विवाह जस्ता उत्सवहरूमा हातहातमा डम्फू हल्लाउँदै र केटीले बुलाकी हल्लाउँदै कम्मर मर्काइमर्काइ नाच्ने गाउने गर्दछन् । उनीहरू सेलो भाकामा जुहारी खेल्ने, मायाप्रीति गाँस्ने र विरह पोख्ने काम पनि गर्दछन् । यस क्षेत्रमा पाइएका केही सेलो गीतको नमुना तल प्रस्तुत गरिएको छ :

**नमुना नं. १**

केटा : *मोहरी छ्यानुम् दाम गनुम्, सुन कुरा पैले म भनुम्*
*मलमल डाँफे च्याखुरा, कान्छीलाई नलगी क्या कुरा*

केटी : *मोहरी छ्यानुम् दाम गनुम्, सुन कुरा पैले म भनुम्*
*कान्छाले लैजाला भनेर, लाग्दैन मलाई पत्यार*

केटा : *खानीमा खोला ला होला, मैमै भन्ने कान्छीलाई*
*बाखरी जस्तै डाऱ्याई, लगेपछि था होला*

केटी : *खानीमा खोला ला होला, मैमै भन्ने कान्छाले*
*लान्छ भने जान्छ के, गएपछि था होला*[115]

**नमुना नं. २**

*आमै म लेले खै लाला !*
*हाम्रोमा गाउँको साहूले- हाम्रोमा गाउँको साहूले*
*पैसामा खाने दाउले - पैसामा खाने दाउले*
*जालिम कलम घुमाउँछ - जालिम कलम घुमाउँछ*
*गरिप हामीलाई रुवाउँछ - गरिप हामीलाई रुवाउँछ*
*आमै म लेले खै लाला !*[116]

[115] सङ्कलन स्रोत : चिनुमाया तामाङ, गुम्दी ।
[116] ऐजन ।

नमुना नं. ३

*सर्प त हिँडने पैरोमा*
*हाम्रो आहाले गैरोमा*
*गुम्दी त हाम्रो गाउँ ठूलो*
*खानु त के छ नाउँ ठूलो*
*हाम्रो त राम्रो बारीमा*
*दाजुले गोरु जोतौँला*
*बहिनीले डल्ला फोरौँला*
*म भाइ कान्छो केटोले*
*बारीमा तोरी छरौँला*[117]

## ४.३.५.५ घाँसे

घाँसे शब्द घाँस र घाँसी शब्दबाट व्युत्पादन भएको हो जसको अर्थ घाँस काट्दा गाइने गीत हुन्छ । घाँस काट्दा गाइने गीतको रूपमा यसको नाम रहन गए तापनि त्यसका अतिरिक्त वनपाखा, बाटाघाटा, चौरचौतारी, जात्रामात्रा, मेलापर्व सबैतिर घाँसे गीत गाउने गरेको पाइन्छ । विशेष गरी काम गर्दा आफ्नो विरह पोख्ने माध्यमका रूपमा महिलाहरूले प्रयोग गर्ने यो गीत केटा-केटीबीच जुहारीको रूपमा पनि प्रयोग भएको पाइन्छ । गोठालो जाँदा, घाँसदाउरा गर्न वन जाँदा मनको विरह पोख्ने रमाइलो गर्ने माध्यमको रूपमा मानिसहरू घाँसे गीतको प्रयोग गर्ने गर्दछन् । घाँसे गीत लामो भाका, असारे, झ्याउरे, चुड्का आदि विभिन्न भाकामा प्रचलित भएको पाइन्छ ।

धादिङ जिल्लामा पनि गोठालो जाँदा, घाँसदाउरा गर्न वन जाँदा, मेलामा जाँदा घाँसेगीत गाउने गरेको पाइन्छ । यहाँ गाउने गरेको केही घाँसेगीतको नमुना तल प्रस्तुत गरिएको छ ( फोटो नं ९) ।

नमुना नं. १

*कति गरुँ घर धन्दा पधेँरो*

[117]सङ्कलन स्रोत : विरेन्द्र तामाङ, लापा ।

*सम्झी ल्याउँदा मन हुन्छ अँध्यारो*

*शिरमा रातो रिबन दुःखी जीवन*

*भेडी गोठ र चौरी गोठ धाउँदै*

*कति हिँडु गाई बाखा धबाउँदै*

*शिरमा रातो रिबन दुःखी जीवन*

*छोरीलाई नि छोरा झैँ पाल*

*जुठो लोटा गोबर झैँ नफाल*

*शिरमा रातो रिबन दुःखी जीवन*[118]

**नमुना नं. २**

*उकाली बाटो के मोटर जान्थ्यो ड्राइभर दाईलाई शासन*

*इन्द्रकमल फूलको निकै चल्थ्यो वासना खैचलेको वासना*

*दुईतले घरको किरिमिरे छाती बुट्टावाले यामको मेट*

*तिम्रो र हाम्रो भेट हुनलाई त कहाँ गएर हुम्ला भेट*

*गाई खायो बाघले टाउको लग्यो कागले चउरमा लड्यो खुर*

*छप्केको पाती तिम्रो बाउको छात्ती देखेनौ र छङ्गाछुर*

*सपैको लुगा कैलो र मैलो धोबी लुगा धोएर*

*तिमी भयौ पारी म भए वारि बस्नु पर्‍यो रोएर*[119]

**नमुना नं. ३**

*धनु बाँसको गुलेली खासको खेलाइ हाल्यो रामले*

*हजुरी ज्यानले बोलाइ रनु भाको होला कति कामले*

*धनु र बाँसको गुलेली खासको खेलाई हाल्यो रामले*

*हजुरी ज्यानसँग माया साटौँ भनी बोलाइराको हामीले*

*सिपाही दाईले जागिर खायो पैले रातो झण्डा सेतो पाल*

---

[118] सङ्कलन स्रोत : लक्ष्मी शाह, नीलकण्ठ - ५ ।

[119] सङ्कलन स्रोत : दुर्गादेवी रिजाल, साङ्कोष ।

*भाग्यमानी जति सबै मरिसके अभागीलाई छैन काल*

**नमुना नं ४**

*छोरीलाई नि छोरा झैँ पढाऊ*
*लाग्छ ऋण भनेर नडराऊ*

*छोरा छोरी कोखीका घाउ*
*कोहीलाई काख कोही पाखा नलाऊ*

*छोराजति त्यही घरमा अटाउँछन्*
*छोरीलाई चै नौ डाँडा कटाउँछन्*

*छोरालाई चै घरमूनि पाटो*
*छोरीलाई देखाउँछन् मूलबाटो*[120]

## ४.३.६ विविध गीत

माथि उल्लेखित लोकगीतका अतिरिक्त गीतिलयमा आधारित केही लोक अभिव्यक्ति पनि यस क्षेत्रमा पाइन्छ । यस्ता लोक अभिव्यक्तिहरू हुनः बालगीत, सिलोक, हरियाली भजन आदि । जसलाई यहाँ समावेश गर्ने जमर्को गरिएको छ ।

### ४.३.६.१ बालगीत

बालकहरू स्वयम्ले आफ्नो मनोरञ्जनका लागि गाउने तथा बालकहरूलाई फकाउन, फुल्याउन, सुताउन, खेलाउनका लागि ठूलाहरूद्वारा गाइने लोकगीतलाई बालगीत भनिन्छ । बालगीत प्रायः दुई किसिमका हुन्छन् - (१) बालबच्चा स्वयम्ले खेल्दा गाउने र (२) ठूलाले बाल

[120] सङ्कलन स्रोत : कृष्णकुमारी रिजाल, साङ्कोष ।

बच्चालाई खेलाउँदा, सुताउँदा गाउने गीत । बालगीत जुनसुकै समयमा गाउन सकिन्छ । भाषामा बालसुलभ सरलता, लयविधानमा मौलिकता र छरितोपन यस गीतका विशेषता हुन् । बस्नु, उठ्नु, हाँस्नु, खेल्नु, हिँडडुल गर्नु आदि क्रियासँग सम्बन्ध राखी बालगीत बनेका हुन्छन् । बालबालिकालाई आनन्द र मनोरञ्जन प्रदान गर्ने उद्देश्य राखी बालगीत रचिएका हुन्छन् । यस क्षेत्रमा गाइने गरेका केही बालगीतका नमुना तल दिइएका छन् :

**नमुना नं. १**

*हो हो बाबु रतन*
*नरोइ बसन*

*हो बाबु हो*
*हो बाबु हो*
*नुनु नानी नुनु*
*नुनु नानी नुनु*

*को खाई को खाई हाम्म्*
*मेरो बाबु खाई*

*तेते बीज बीज*
*बाबु/नानी बढ् बढ्*

*नाच न नानी नाच न*
*पैसा दिउँला पाँच आना*
*बारुले कम्मर भाँच न*
*नाच न नानी नाच न*

*ताराबाजी लै लै*
*मामा आए घोडी*
*माइजु आइन डोली*
*पापा ल्याइन सोली*
*बुबु-माम सुपुक्क*

*काफल गेडी कुटुक्क*

*निदाइ जाऊ लुटुक्क*

*म्याऊ म्याऊ बिरालो*

*एतातिर आऊ*

*मेरो नाना काटी गर्ने*

*मुसा मारी खाऊ*

*कराइको बुबु नखाऊ*

*म त भोकै हुन्छु*

*धुरु धुरु रुन्छु*

*लात्ताले हान्छु ।*[121]

माथिका यी गीतहरू आमा-बुबा, दाइ-दिदी आदिले बालबालिका रुँदा खाना खुवाउँदा, सुताउँदा, तेल लगाउँदा, खेलाउँदा गाउने गर्दछन् ।

**नमुना नं. २**

*उड्की मुड्की लावा चुङ*

*चुङ्के धारा पुतली*

*साउनमाथि बेल पाक्यो*

*अङ्गाजी बङ्गाजी*

*टालो घरे गौथली*

*साउने दस बूढो खस*

*वके बोके बामसे*

*असी नब्बे पुरसे*

*कनिका धा धा*

*कामीको धोती धोती*

*उडुम बुडुम बेल खड्डा*

*ऐ लरे ?*

[121] सङ्कलन स्रोत : महालक्ष्मी श्रेष्ठ, नीलकण्ठ-५ ।

*होइ परे*

*तेरो गाइले धान खायो*

*कति मुरी ?*

*दश मुरी*

*के हग्यो ?*

*थोप्लाङ थुप्लुङ*

*के मुत्यो ?*

*तेलको धारो*

*एउटा गाई बान्दे ।*

*इन्टु मिन्टु रञ्जनमा*

*हाम्रो भाइ पल्टनमा*

*स्कूलको पाले दाइ*

*पहिलो घण्टी बजाइ देऊ*

*टिनि नि नि नि*

*भ्याप्प*

*चिँ चिँ मुसा*

*घर घर टुसा*

*वखले दाजुको*

*कान समात्*

*तेरो दाइ*

*हाम्रो दाइ*

*माछा मार्न गाको*

*तेरो दाइलाई भ्यागुतै भ्यागुता*

*हाम्रो दाइलाई माछै माछा बाडी चुडी हा*

*दशैँ आयो*

*खाउँला पिउँला*

*काँ पाउँला चोरी ल्याउला*

*धत्त पाजी*

*छुट्टै बसूँला*[122]

यी माथिका गीतहरू बालबालिकाहरूले विभिन्न खेल खेल्दा गाउने गर्दछन् । तर आजभोलि आधुनिकता र सहरीकरणका कारण यस्ता गीतहरू लोप हुँदै गइरहेको पाइन्छ । हिजोआज सहरी क्षेत्रका बालबालिकाहरू घरबाहिर साथीभाइहरूसँग खेल्नुको सट्टा घरभित्र टि. भि. हेरेर, कम्प्युटर चलाएर बस्ने गर्दछन् । जसका कारण एकलकाटे र रोगी बन्दै गइरहेका छन् । तर ग्रामीण भेगमा भने हालसम्म पनि यस्ता गीतहरू बाँचेको देखिन्छ ।

## ४.३.६.२ सिलोक

सिलोक संस्कृतको श्लोक शब्दको नेपालीकरण हो । शास्त्रीय छन्दको अनुकरण गरेर लोकद्वारा रचित पद्यलाई श्लोक भनिन्छ । श्लोकमा शास्त्रीय छन्दलाई पछ्याउने प्रयास भए पनि यिनमा छन्दका पूर्णतः नियम पालना भने भएको पाइँदैन । लोगीतको हाराहारीमा रचिने र लोकद्वारा गाइने हुनाका साथै सैद्धान्तिक आधार दिई छुट्टै विधाको रूपमा लिई नसकिएको हुनाले श्लोक -

सिलोक) लाई लोकगीत कै चर्चाको क्रममा उल्लेख गरिएको हो । विशेष गरी बाहुन समाजमा प्रचलित मानिने सिलोक हाम्रो समाजमा विवाहमा वर र वधु पक्षबीच आपसमा प्रश्नोत्तर शैलीमा हाल्ने गरिन्छ । यस अलावा पूजाआजा गर्दा, गाईवस्तु चराउन जाँदा, ढिकीजाँतो गर्दा पनि बाहुनहरूले सिलोक हाल्ने गरेको पाइन्छ । यस क्षेत्रमा हालिने सिलोकका केही नमुनाहरू तल प्रस्तुत गरिएको छ :

**नमुना नं. १ (विवाहमा गाइने)**

*ठूलो छन् टपरी तीसैबटा दुना भरी र पिर्का नयाँ*

*फेद् ढाक्नी पहेँलो रुमाल त ससुरो छेक्नलाई धोती दिया*

दुलहीपट्टी : *काँबाट आयौ तिमी जन्ती काँ हो तिम्रो गाउँ*

*कस्की छोरी विहा गर्न आयौ क्या हो दूलाको नाम*

[122] सङ्कलन स्रोत : मिना श्रेष्ठ, निलकष्ठ-५

जन्ती : *घरबाट आयौँ हामी जन्ती धादिङ हाम्रो गाउँ*
*खनालको छोरी व्या गर्न आयौँ जग्गेमा कहुँला नाऊँ*

दुलहीपट्टी : *एक दिन जन्त आइस् सेतो लुगा लाइस सेतो भात खान पाइस आन्द्राको माला लाइस् पुछार पोली खाइस, सिङ्खुर बजाउँदै आइस ।*

दुलहीपट्टी : *गाई दुने छिरबिरे ठेकी भैसी दुने गौ*
*ओढारमुनि खस्रे भ्यागुतो त्यही हो तेरो बाउ ।*

जन्ती : *ओल्लो भतेर दालभात पल्लो भतेर चौसो*
*खाँदाखेरी अड्को थाप्ने गोरु होकी भैसी हो ।*

घरबेटी : *कोही काट्छन् खनायो खस्रो कोही काट्छन् गायो*
*तेरो बाउ जन्त आउँदा पाडो पोली खायो ।*

**नमुना नं. २ (पूजाआजा गर्दा गाइने)**

*अग्नीमा थुक्ने तपाउमा सेक्ने निद्रामा बिउभ्याइदिने*
*गौमाता कुट्ने को अन्न भुट्ने पुत्रलाई सराप दिने*
*गुरुदेखि लड्ने द्रुवाक्ष बोल्ने छोरीको थाङ्ग्रा खाने*
*त्यस्तालाई पनि ज्यामपूरी भोकपारी दिने*

*जैसीकी लड्की त्यो हुन्थी विधुवा त्यो हेर्न जान्दैनकी*
*वैद्यको पनि हुन्छ गलघण्टा त्यो हेर्न जान्दैनकी*
*पुजारीका पनि हुन्छ त्यो स्वास्नी बाँझो त्यो पूजा गर्दैनकी*
*झ्याल छैन नरमा कर्मीका घरमा सीप छैन की हातमा*
*रिट्ठा विजारी पनि नेल ठोकीन गयो की कम्ती छन् की बातमा*

*लक्ष्मी, पार्वती, विष्णु भगवान रुद्र चन्द्र ज्यामराज*
*श्री चन्द्र सूर्यहरूसपलाई म पुकार्दछु यस घरी देउता जति छन् अरू*
*भाकल लोक विखे तलित्र हरिको गर्छु तयारी भनि*
*मन भयो भरिपूर्ण सव गरि दिउन देउताहरूले पनि*

*गुप्ती नामधरी सकिन घरमा पत्नी बखतमा*
*कस्ता ऋषि त कण्ठ भोक गरिया उतिर्ण हुला भनि*

*चिन्ता धेरै हुँदा इष्ट छिरदीको मनमा लहडिन गयो*
*सम्झी झट्ट जगत जननीले तप गर्न लाग्नु भयो ।*

*माली चौधै भुवनकी  भवानी तप गर्न लाग्नु भयो ।*
*लिला गर्नु भयो यसोमती जीले कोखबाट पैदा भयो ।*[123]

**नमुना नं. ३**

*काग कोइली वनमा ढुकुर जुरेली चरिमा राम्रो मजुर*
*पम्फा फूल फुल्यो वनमा वास्ना चल्यो देशमा*

*फूल फुल्यो नगरी सबै वनभरि टिपेर ल्याउने चरि*
*स्वही फूल टिपी चढाउ भगवती बाजा बज्यो नौमति*

*हाम्रो त स्वामी ज्यू पढ्न जानु भो काशी विर्खे स्वरीमा*
*काम्लो काम्लो गरी त हाँसी मुखले गएको हेरि रह्या*
*नजानुस् भनेर विन्ती गऱ्यौ भने बालखा लाजै भया*

**नमुना नं. ४**

*धार्नीको कोदाली उकाली ओराली बेँसी कसरी झरने*
*साह्रै ठूला घरमा दिनुभयो वुवा निर्वाह कसरी गरने*

*वुवाको घरमा दूध भात खाइन*
*पराइ घरमा बासी मकै पाइन*

*वुवाको घर बसुन्जेल दूध र भात तीतो भो*
*अर्काको घरमा परेपछि वाँसी मकै मीठो भो*

*सातै वर्षमा विहा भयो पच्चीस वर्षको पति*
*आठै वर्षमा छोडी गयो आज मेरो यो गति*

[123]सङ्कलन स्रोत : नन्दकुमारी ढुङ्गाना, मुरलीभञ्ज्याङ्ग -२ ।

*राती उठ्न पर्ने मकै पिन्नु पर्ने तीन पाथीले रात गल्यो*
*हाते फुक्ली गयो मानी भाँच्ची गो बजैले उठ्नु पऱ्यो*[124]

## ४.३.६.३ हरियाली भजन

धादिङ जिल्लामा परम्परागत संस्कृतिको संरक्षणको साथै प्रकृति तथा हरियाली संरक्षण र संवर्द्धन गर्नका निम्ति २०५६ सालको फागुन महिनामा हरियाली भजनको स्थापना गरिएको हो । यसका संरक्षक तथा संस्थापक भूमिरमण नेपाल र भजनगुरु अक्कलबहादुर बस्नेत हुनुहुन्छ । जम्मा ४३ सदस्य रहेको यस भजन समूह नेपालकै नमुनाको रूपमा रहेको पाइन्छ । मुख्य रूपमा देशमा

बढ्दै गएको वन विनाश र त्यसबाट उत्पन्न विकराल समस्याहरूको निराकरण गर्नका निम्ति परम्परागत भजन शैलीबाट जनतामा जनचेतना फैल्याउने उद्दश्यले यसको स्थापना गरिएको भए पनि शिक्षा, स्वास्थ्य जस्ता विषय वस्तुसम्बन्धी चेतना जागरण गराउने कार्यमा समेत यसको प्रयोग गर्दै आएको पाइन्छ । हालसम्म देशका २५ जिल्लाहरूमा आफ्नो भजन प्रस्तुत गरिसकेको यो भजन समूहले द्वन्द्वकालमा शान्ति भजन लिएर दश जिल्ला घुमेको पाइन्छ । नेपाली पोशाक दौरा, सुरुवाल र इस्टकोटमा सजिएर खैजडी र झुर्माका साथमा अति रोमाञ्चक शैलीमा गाइने यो भजन सुन्न र हेर्न अति रमाइलो हुन्छ । सुरुमा गुरुले उठान गर्दै चेलाहरूले दोहोऱ्याउँदै प्रस्तुत गरिने यो भजनका साथमा चुड्का पनि गाउने चलन पाइन्छ । चुड्का गाउँदा सबै गोलो घेरामा बसेर खैजडी बजाउँदै घुमीघुमी नाच्ने गर्दछन् । चुड्कामा पनि भजनमा जस्तै गुरुले उठान गरेपछि अन्य सदस्यले दोहोऱ्याउँछन् । जसको नमुना तल प्रस्तुत गरिएको छ :

**नमुना नं. १**

गुरु : *नारायण !*
सहयोगी : *हरि ! हरि !!*

गुरु : *सबले सुन्नुहोस् ! लौ अब सबले सुन्नुहोस् !*
*हे कृष्णको लीला ! बज्रको मेला, सबले सुन्नुहोस् !*

[124] सङ्कलन स्रोत :सावित्री कोइराला, ससाह ।

सहयोगी : *लौ ! अब सबले सुन्नुहोस् ! सबले सुन्नुहोस् !*

गुरु : *यसरी ठाउँठाउँमा चौतारो लगाउँदै*

*गाई बाच्छा बाच्छीलाई घाँसपात बढाउँदै*

*गोवर्धन पर्वत वरपर सबै कृष्णले हरियाली बढाउनु भयो नारायण !*

सहयोगी : *हरि ! हरि !!*

गुरु : *जहाँ हुन्छ हरियो त्यहाँ कृष्ण भेटियो*

*मुक्तै भइयो*

सहयोगी : *लौ सबै मुक्तै भइयो हो हो मुक्तै भइयो*

गुरु : *यसरी गोठालो जाँदा जाँदा*

*गाई बाच्छो चराउँदा चराउँदै*

*भगवान श्री कृष्णले बज्रवासीको कल्याण पनि गर्नुभयो नारायण !*

सहयोगी : *हरि ! हरि !*

गुरु : *हो ! चौतारौ लगाऔँ, रोगव्याधा भगाऔँ, संसार सजाऔँ*

सहयोगी : *हे ! हरि संसार सजाऔँ हा है संसार सजाऔँ*

**भजन नं. २**

गुरु : *नारायण !*

सहयोगी : *हरि ! हरि !!*

गुरु : *स्वागत सबैलाई !*

सहयोगी : *हे ! लौ हेर ! स्वागत सबैलाई, हा, है स्वागत् सबैलाई*

गुरु : *मठ र मन्दिर जगेर्ना गर्ने भक्त र भावकलाई*

सहयोगी : *हा है मठ र मन्दिर जगेर्ना गर्ने भक्त र भावकलाई*

गुरु : *नारायण !*

सहयोगी : *हरि ! हरि !!*

नमुना नं. ३ (चुड्का)

*वरपर हरियाली प्रकृतिको छायाँ*
*यता डुल्छ उता डुल्छ देख्छु कृष्ण छाया*
*हरि ! हरि !!*

*जमुनको किनारैमा कुसै कुसको घारी*
*हुर्मत नल्यौ कृष्णजी ल्यौ ल्यौ हाम्रो सारी*
*हरि ! हरि !!*

*कृष्णजीको वंशी बज्यो जमुनाको तिरमा*
*गोपिनीको ताँती चल्यो कृष्णजीको नजिकमा*
*हरि ! हरि !!*

*रूख रोपौँ मन्दिर जोगाऔँ चौतारो नि लगाऔँ*
*हामी पनि वैकुण्ठको बाटोलाई नै सजाऔँ*
*हरि ! हरि !!*[125]

यसरी आफ्नो छुट्टै पहिचान बनाउन सफल हरियाली भजनले प्रसङ्अनुसार धर्म, संस्कृति, प्रकृति सबै क्षेत्रको प्रस्तुति दिने गरेको छ । आज आएर यो धादिङ जिल्लामा मात्रै लोकप्रिय नबनी देशका अन्य जिल्लामा पनि लोकप्रिय बन्दै गइरहेको छ । यसको प्रस्तुतिको शैली हाम्रै लोकभाका भएकोले यस हरियाली भजनलाई लोकगीतअन्तर्गत राख्ने जमर्को गरिएको हो । (फोटो नं १०)

[125]सङ्कलन स्रोत : नवीनबन्धु पहाडी, बसाह ।

# पाँचौ परिच्छेद

# धादिङे लोकगीतको प्रमुख प्रवृत्ति एवम् विशेषता

## ५.१ सामाजिक चित्रण

साहित्य समाजको दर्पण हो । जुन साहित्यमा समाजको चित्र उतारिएको हुन्छ, त्यसलाई सफल साहित्य मानिन्छ । लोकगीत साहित्यको एक पाटो हो । यसमा समाजका दुःख-सुख, आँसु-हाँसो, पीडा, मुस्कानको हुबहु प्रतिबिम्ब झल्किएको हुन्छ भने अर्कोथरी यसको भाषा, शैली, लय पनि समाजबाटै टिपिएको हुन्छ । समाजमा धनी-गरिब, साना-ठूला, महिला-पुरुष, बालक-वृद्ध सबै खालका मानिसहरू हुन्छन् । त्यसै अनुरूप लोकगीतमा पनि सबै वर्गलाई प्रतिनिधित्व गर्ने गीतहरू हुन्छन् । साहित्यका अन्य विधाले झैँ लोकगीतले पनि समाजका सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, प्राकृतिक आदि सम्पूर्ण पक्षलाई सरल र सरस भाषा शैलीमा प्रस्तुत गरेको हुन्छ ।

परिवार समाजका अङ्ग हुन् । सामाजिक अध्ययनको प्रारम्भ परिवारबाट हुन्छ । एउटा परिवारभित्र आमा-बाबा छोरा-छोरी, दाजु-भाइ, दिदी-बहिनी, देउरानी-जेठानी आदि हुन्छन् । ती परिवारका सदस्यबीच माया-ममता, त्याग र सहयोग, इर्ष्या-द्वेष, क्रोध र असहयोग सबै भावना रहेको हुन्छ । लोकगीतले यी सबै भावनालाई प्रस्तुत गरेको हुन्छ । धादिङमा प्रचलित लोकगीतमा पनि यी सबै भावनाहरूको प्रस्तुति पाइन्छ । यस अध्ययनमा विभिन्न पारिवारिक सम्बन्धसँग सम्बन्धित तथा समाजका विभिन्न वर्गसँग सम्बन्धित लोकगीतहरू समावेश गरिएको छ :

**पति-पत्नी**

पत्नी : *स्वामी हजुर नजानुस् विदेश*
*बसुम् सँगै साग सिस्नु खाएर*

पति : *माया तिमी नजानुस् नभन*
*जान्छु विदेश भविष्य बनाउन ।*

हाम्रो समाजमा गरिबीका कारण पति-पत्नी छुट्टिन बाध्य भएका छन् । सम्पत्ति कमाएर भविष्य उज्ज्वल बनाउने उद्देश्य लिएर विदेश जाने थुप्रै पतिहरू छन् । तिनीहरू पत्नीहरूलाई आफूहरूलाई विदेश जान नरोक्न आग्रह गर्ने गर्दछन् भने पत्नीहरू साग र सिस्नु खाएर भए पनि सँगै बस्न अनुरोध गर्दछन् । यही कुरा यस गीतले प्रस्तुत गरेको देखिन्छ ।

**सासू-बुहारी**

हाम्रो समाजमा सासू-बुहारीबीच प्रेमभाव भन्दा इर्ष्या र द्वेषको भाव बढी देखिन्छ । कतै सासूको बुहार्तन बुहारीले खप्नु परेको हुन्छ भने कतै बुहारीको हप्की सासूले खानुपरेको हुन्छ । यस्ता दुवै थरी पीडा र वेदना लोकगीतमा प्रस्तुत भएको पाइन्छ । जसको उदाहरण तल प्रस्तुत गरिएको छ :

**बुहारीको वेदना**

*गाली गर्छिन घण्टै पिच्छे घरमा बसी सासूले*
*हिड्दा बाटो देखिदैन मेरो आँसुले*

*सासूज्यूको मीठो वचन पोल्ने सिस्नु जस्तो छ*
*ससुराको घोसे मुन्टो भन्नोस् कस्तो छ*

*घरमा सासू बस्दछिन् मेरै कुरो काटेर*
*भोक्मा खान पाइँदैन मनले आँटेर*

हाम्रो गाउँघरमा आज पनि बुहारीहरूप्रति सासूहरूको भावना नकारात्मक रहेको पाइन्छ । बुहारीहरूले जति काम गरे पनि जस नदिने, उनीहरूलाई गाली गर्दा, दुःख दिदा खुसी रहने सासूहरूको स्वभाव रहेको हुन्छ । जुन कुरो धादिङ जिल्लाका बुहारीहरूले पनि खप्दै आइरहेका छन् । यिनै कुरा माथिको गीतमा व्यक्त भएको देखिन्छ ।

**सासूको वेदना**

*वार्दलीमा बसेर डबल कफी पिएर*
*फिर्ता भई जाऊ बज्यै कप लिएर*

*कति भूजा खाइएला र यस्तो जाबो दालले*

*हामीलाई त हुन्न बज्यै यस्तो चालले*

*यस्तो चाल हो भने त गाउँको घरमा पठाउँछु*

*तिम्रो साटो सासू बज्यै नोकर ल्याउँछु*

पहिले पहिले अशिक्षाका कारण सासूहरूले बुहारीमाथि घोर अन्याय गर्दथे भने आजभोलि शिक्षित भएर पनि बुहारीहरूले सासूहरूमाथि अन्याय गरेको देखिन्छ । बुढेसकालमा छोरा-बुहारीको कमाइ खाएर सुखसँग बस्ने सपना बोकेर सहर झरेका सासूलाई बुहारीहरूले नोकरको दर्जामा घरमा आश्रय दिने गरेको देखिन्छ । त्यतिमात्र नभई बेलाबेलामा काम राम्रो नगरेको भन्दै घरबाट
समेत निकाल्ने चेतावनी दिन पनि पछि नपर्ने बुहारीहरू हाम्रो समाजमा विद्यमान रूपमा पाइन्छ । यही कुरो माथिको गीतले प्रस्तुत गरेको देखिन्छ ।

**छोरीको वेदना**

*बर्खा झरी घाम पानी सुख दुःख सयर*

*कति दुःख भोग्नुपर्ने छोरी भएर*

*छोरा छोरी दुवै जना कोखीको घाउ हो*

*किन होला आमा बाउलाई छोरी बेग्लै भो*

\+ + + + +

*आफूभन्दा सानो भाइलाई कापी-कलम किन्दिए*

*मलाई भने बाबाले डोको बुन्दिए*

\+ + + + +

*दाइले मैले एउटै दूध खाको*

*दाइले अंश मैले केही नपाको*

\+ + + + +

*छोरालाई चैँ घर मुनि पाटो*

*छोरीलाई देखाउँछन् मूलबाटो*

हाम्रो नेपाली समाजमा छोरा र छोरीबीच भेदभाव गर्ने चलन आज पनि विद्यमान रूपमा पाइन्छ । छोरो कूलको शान र मान हो, छोराबिना मरेपछि पार पाइन्न भन्ने अन्धविश्वासले नेपाली समाज जकडिएको छ । फलस्वरूप आमा-बाबाले छोराछोरीबीच असमान व्यवहार गर्ने गर्दछन् । उनीहरू छोराको हरेक इच्छा आकाङ्क्षा पूरा गर्न पछाडि हट्दैनन् तर छोरीको सानोभन्दा सानो इच्छालाई पनि पूरा गर्न अस्वीकार गर्ने गर्दछन् । छोरालाई आफ्नो अंशको भागिदार मान्दछन् र जति पढ्न चाहे पनि पढाउँछन् । छोरीलाई भने स्कुल पढ्न पठाउनु त कहाँ हो कहाँ सानैदेखि डोको र नाम्लो हातमा थम्याइदिन्छन् । अझ यति मात्र कहाँ हो र नाबालिक मै विवाह गरिदिएर पराइ घरको हण्डर खान पठाउँदछन् । यही समस्या धादिङ जिल्लाको चेलीहरूले पनि भोग्दै आइरहेका छन् । त्यसैले उनीहरू तीजका दिन, वनपाखा गर्ने क्रममा आफ्नो वेदनाका सुस्केराहरूलाई गीतका माध्यमबाट पोखी मनलाई हलुङ्गो पार्ने गर्दछन् । यिनै वेदनाका पोकाहरू माथिको गीतमा प्रस्तुत भएको देखिन्छ ।

**गरीबको वेदना**

*हाम्रोमा गाउँको साहूले*[२]
*पैसामा खाने दाउले*[२]
*जालिम कलम घुमाउँछ*[२]
*गरिप हामीलाई रुवाउँछ*[२]

हाम्रो देश नेपाल एउटा गरीब मूलुक हो । यहाँका अधिकांश जनता गरिबीको रेखामुनि पिल्सिएका छन् । गरिबीका कारण दुई छाक खान धौ धौ पर्ने जनता चोके काट्न आफ्नो गाउँको जमिन्दारकहाँ पुग्ने गर्दछन् । तर ती विचरा गरीब जनताहरू साहूको चङ्गुलमा फसी आफ्नो भएको घरबार पनि गुमाउन पुग्दछन् । धादिङका गरीब जनताहरू पनि यो समस्याबाट चोखा छैनन् । कतिपय जनताहरू घरबारविहीन भई विदेश जानुपर्ने स्थिति आएको पनि देखिन्छ । आफ्ना ती समस्याहरूलाई उनीहरूले गीतका माध्यमबाट पोख्ने गरेको पाइन्छ ।

**प्रेमी-प्रेमिका**

प्रेम गर्नु पाप होइन तर हाम्रो समाजले प्रेमलाई पापको नजरले हेर्ने गर्दछ । अफ्ह पुरुषको तुलनामा प्रेम गर्ने महिलालाई नकचरी, वेश्या, फूँडी आदिको संज्ञा दिने गरेको पाइन्छ । त्यसैले महिलाहरू खुला प्रेम गर्न डराउँछन् । उनीहरू कसैले थाहा पाउला कि भन्ने ठूलो डरले त्रसित

भइरहेका हुन्छन् । त्यसैकारण आफ्नो प्रेमीहरूलाई पनि आफ्नो प्रेमको बारेमा कसैलाई नभन्न यसरी आग्रह गर्ने गर्दछन् :

*प्रेमिका : माया मैले लाएको कुरा*
*हे कान्छा कतै पनि फैल्याउनु नहोला*

## ५.२ आर्थिक चित्रण

मानव जीवनको मूल आधार अर्थ हो । अर्थले मानिसलाई संसारका सम्पूर्ण भौतिक सुविधाको सुख प्राप्त गराउँदछ भने आर्थिक अभावले जीवनमा विभिन्न समस्याहरू पनि उत्पन्न गराउँदछ । ती समस्याहरूबाट मुक्त हुने कोशिस गर्ने क्रममा मानिसहरूले ठूलो ठक्कर र हण्डर खानु पर्दछ । तिनै हण्डर र ठक्करका कारण मानवमा पीडा र वेदनाका सुस्केराहरू गीत बनेर बाहिर निस्कने गर्दछ । धादिङ जिल्लाका अधिकांश जनता गरिबीका रेखामुनि रहेका छन् । जसले गर्दा उनीहरू कोही साहूको भारी बोक्न विवश छन् त कोही विदेश जान बाध्य छन् भने कोही मागी खान विवश छन् । यिनै कुरालाई उनीहरू गीतका माध्यमबाट

यसरी पोख्ने गर्दछन् :

*पानी पऱ्यो काँ पऱ्यो असिना*
*शिरमा नाम्लो निधारमा पसिना*
*+ + + + +*
*विदेश पस्न मलाई मन थिएन*
*साहूको ऋणले घर बस्न दिएन*
*+ + + + +*
*घर मेरो पातीले बारेको*

*मागी खान कर्मैले पारेको*

*+ + + + +*

*गरीब भनि नगर हेला*

*यही गरीब नि काम लाग्ला कोहिबेला*

यसप्रकार धादिङको लोकगीतमा सम्पन्न वर्गको भन्दा विपन्न वर्गको दुःख, पीडा, वेदनाहरूको सुस्केरा पाइन्छ ।

## ५.३ राजनैतिक चित्रण

लोकगीत सामाजिक भावनाको मूर्त रूप हो भने राजनीति समाज तथा राष्ट्रलाई सुव्यवस्थित, सुसङ्गठित, विकसित र सुरक्षित राख्न अपनाइने एक प्रकारको सामाजिक व्यवस्था हो । समाज राजनीतिबाट अलग रहन सक्दैन । राजनैतिक परिवर्तनको प्रभाव समाजमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परिरहेको हुन्छ । मानिस सामाजिक प्राणी भएकोले उसमा राजनैतिक प्रभाव नपर्ने त कुरै हुँदैन । तिनै प्रभाव हाम्रो लोकगीतमा पनि झल्किने गर्दछ ।

धादिङ जिल्लाको लोकगीतमा पनि देशमा परेका राजनैतिक उतारचढावको झझल्को स्पष्ट रूपमा देख्न पाइन्छ । २०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातन्त्रले देशभर खुसियाली छाएको त्यो क्षणमा यहाँका जनताले यस्तो गीत गाएका थिए :

*दिन गयो हे पञ्च तिम्रो*
*फर्क्यो दिन नेपाली जनताको*

*नरोऊ जनता दुःखका दिन गए*
*बहुदलले दिनेछ सुख सबै*

*अब हाम्लाई गाँस-बासको समस्या*
*हुने छैन ए जनता हामीलाई*

त्यसैगरी २०४८ सालको संसदीय चुनावमा पार्टीहरूले भोट माग्ने क्रममा यस्ता खालका लोकगीतको प्रयोग गर्ने गरेको पाइन्छ :

*सुन सुन ए दिदी दाजु भाइ*

*रूखमा भोट हालेर जिताऔँ काँग्रेसलाई*

*+ + + + +*

*सिमसिमे पानीमा*

*सूर्यमा भोट हालौँ है यसै पालीमा*

विजय जुलुसमा पनि पार्टीका कार्यकर्ताहरूले यस्तो खालका गीत गाएर खुसियाली मनाएका थिए :

*लाग्यो मलाई पुलिसको डण्डाले*

*जित्यो आखिर चारतारे झण्डाले*

पार्टीहरूबाट धेरै आशा राखेका नेपाली जनताले नेताहरूको स्वार्थीपना र पार्टीहरूबीचको होडबाजी र खुट्टा तानातान प्रवृत्तिका कारण देशमा उत्पन्न राजनैतिक अस्थिरताले निम्त्याएको गरिबी, अशान्ति, हिंसा आदि भोग्नुपर्दा जनताहरू दुःखी भएका थिए । तिनै कुराहरू त्यतिबेलाका लोकगीतमा पनि झल्केको पाइन्छ :

*नेताजति स्वार्थमा लाग्दैछन्*

*बहुदलको दूरुपयोग गर्दैछन्*

*बहुदल आयो हाम्रो दिन फिरेन*

*जनताले गाँस-बास पाएनन्*

*लाउडा काण्ड टनकपूर चम्कियो*

*नेता सबको दरबार ठडियो*

नेपाली जनताहरू देशमा बढ्दै गएको भ्रष्टाचार, कालो व्यापार, मूल्यवृद्धिबाट अताल्लिरहेको अवस्थामा माओवादी वन पसेर झन् बढी हिंसा, आतङ्क र अशान्ति फैलिन गयो । फलस्वरूप नेपाली जनता दुवै पक्षको चपेटामा परी पीडित बन्न पुगे । यस अवस्थामा सम्पूर्ण नेपालीको चाहना देशमा शान्ति छाओस् भन्ने थियो । यही कुरा यहाँको लोकगीमा पनि झल्किएको पाइन्छ :

*एता पड्क्यो बम र बारुद*
*उता पड्क्यो गोली*
*रुँदै भन्न थालिन् आमा*
*आज यो के भाको*

*कति मरे कति अपाङ्ग गनी साध्य छैन*
*कति भए वेपत्ता नि भन्न सकिदैन*
*छोड लडाई ए मेरा दाजु भाइ*
*शान्ति ल्याउन एकजुट बनौँ है*

\+ + + + +

*आफ्नै हो देश पनि आफ्नै ठान घर पनि*
*लडाई गर्न दाजु भाइले मान डर पनि*

माओवादी शान्ति सम्झौतामा आएपछि पनि नेपाली जनतामा फेरी माओवादी वन पस्लान् कि भन्ने डर अझै मनबाट निस्केको देखिदैन । त्यसैले उनीहरू गीतबाट यसरी विन्ति गर्दछन् :

*नजाऊ दाजु भाइ अब शान्ति छोडेर*
*म बहिनी बिन्ति गर्छु हात जोडेर*

## ५.४ धार्मिक चित्रण

नेपाल एउटा धर्म सापेक्ष मुलुक हो यहाँ हिन्दू, बुद्ध, इसाई, इस्लाम आदि धर्म मान्ने धर्मावलम्बीहरू बसोबास गर्दछन् । जेजस्ता धर्म मानेता पनि यिनीहरू बीच भने सुमधुर सम्बन्ध रहेको पाइन्छ । आफूलाई ईश्वरको सन्तान मान्ने नेपालीहरू हरेक कामको सफलता र असफलताभित्र ईश्वरको हात रहने कुरामा विश्वास गर्दछन् । त्यसैले कुनै पनि कामको सुरुवात गर्नु अघि नेपालीहरू ईश्वरलाई सम्झने गर्दछन् भने पाप गर्नदेखि डराउँछन् । यहाँका प्रत्येक नेपालीहरू दुःख या सुख दुवै क्षणमा ईश्वरलाई सम्झिरहन्छन् ।

धादिङ जिल्लाका बासिन्दाहरूमा पनि धार्मिक विश्वास प्रवल रहेको पाइन्छ । यहाँका हिन्दु, बुद्ध, इसाई, इस्लाम आदि धर्म मान्ने मानिसहरू मन्दिरमा, चर्चमा, गुम्बामा, मस्जिद

आदिमा गई आफ्नो प्रभुलाई सम्झदै प्रार्थना गर्ने गर्दछन् । आफ्नो धर्मअनुसारको कर्मका विभिन्न संस्कार पूरा पनि गर्ने गर्दछन् । यहाँ गाइने लोकगीतमा यिनै धार्मिक प्रवृत्तिको चित्रण पाइन्छ । उदाहरण :

*कृष्णजीको जन्म भयो मध्य रातमा*
*गद्या, पद्यम, शंख, चक्र चारै हातमा*
*विन्दा वनमा गाई चराउने कृष्णकाले चोर*
*कति राम्रो कति मीठो मुरलीको स्वर*

\+ + + + +

*जाऔँ वैकुण्ठ जाऔँ वैकुण्ठ*
*भगवानको जप गरी जाऔँ वैकुण्ठ*

\+ + + + +

*हरे राम हरे राम राम राम हरे राम*
*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे कृष्ण*

\+ + + + +

*पशुपतिमा चारढोका चाँदिका*
*कृष्णजीलाई मन पर्‍यो राधिका*

माथिका भजन र लोकगीतमा हिन्दू धर्मावलम्बीका भगवान राम र कृष्णको गाथा गाइएको छ । यहाँका हिन्दू धर्मावलम्बीहरू आफ्नो घरमा पूजा लगाउँदा, देवदेवीको मन्दिरमा जात्रा लाग्दा, कतै सप्ताह, पुराण भन्दा सत्यनारायणको पूजा लगाउँदा यस्ता खालका भजन र चुड्का गीत गाउँदै नाच्ने गर्दछन् । यस्ता खालका गीतहरूमा देवदेवताको वर्णन पाइन्छ ।

यसैगरी यहाँका इसाईहरू पनि शनिबारका दिनमा चर्चमा जम्मा भएर प्रभुखीष्ट (यशू) को प्रार्थना गर्ने गर्दछन् । यसका अतिरिक्त मानिसको मृत्युको अवस्थामा र क्रिष्मसका दिनमा पनि उनीहरू प्रभु यशूलाई सम्झना गर्दै यस्तो गीत गाउने गर्दछन

*आछुछु भयो नि जाडो, स्वर सबैले खोलौँ साह्रो*
*हुँदैन कसैलाई गाउन गाह्रो, जन्मे गोठमा प्रभु हाम्रो*

*गरीब गोठाला दर्शनमा आए, यशूलाई भेटी औधी रमाए*
*पाप क्षमा जीवन पाए सबैका लागि मुक्तिदान ल्याए*

यो गीत यहाँका क्रिष्चियनहरूले क्रिष्मसमा गाउँने गर्दछन् । यस गीतमा प्रभु यशूको जन्मको वर्णन पाइन्छ ।

*आज भोलि भन्दै भन्दै जीवन यहाँ अस्ताउँछ*
*ख्रीष्टलाई माया गर्ने मान्छे मृत्युपारि उदाउँछ ।*

*मेरो हृदयका पन्नाहरूका ख्रीष्ट सधैँ बक्सियोस्*
*ख्रीष्ट मेरो राजा, मालिक यहाँ राज गरी बक्सियोस्*

*विगत दिनहरू व्यर्थै गुमाए वर्तमान चढाउँछु*
*यशूको प्रेमको कहानी सबलाई गीतबाट सुनाउँछु*

माथिको गीत यहाँका इसाईहरूले मानिसको मृत्युको अवस्थामा गाउने गर्दछन् । उनीहरू मर्ने बेलामा प्रभु ख्रीष्टको सम्भना गरेमा पापबाट मुक्त भई स्वर्गमा बास पाइन्छ भन्ने विश्वास राख्दछन् र सबै जना मिलेर प्रभुको सम्भनामा गीत गाउने गर्दछन् ।

## ५.५ प्राकृतिक चित्रण

प्राकृतिक सम्पदाको दृष्टिले नेपाल विश्वकै धनी राष्ट्रका रूपमा चिनिन्छ । यहाँको हिमाल, पहाड, खोला-नाला, वनजङ्गल, भरना, ताल-तलैया, वन्यजन्तु आदि सम्पदाले नेपाली मात्र नभई विदेशीहरूलाई समेत मोहनी लगाएको छ  साथै यसले दुःखीहरूलाई हँसाएको छ । यिनै प्राकृतिक वातावरणका प्रभाव हामी हाम्रा लोकगीतमा पनि देख्न सक्छौँ । हाम्रा लोकगीतका लोकथुँगाहरू भरनाको छङ्छङ्बाट, नदीको सुसेलीबाट, चराचुरुङ्गीको चिरबिरीबाट, भ्याउँकिरीको भ्याउभ्याउ आदिबाट पुष्पित र पल्लवित हुने गर्छन् । प्राकृतिक सुन्दरताका साथै प्राकृतिक विषमता र दुर्घटनाले पनि नेपाली समाज प्रभावित भएको देखिन्छ । जसको चित्रण हाम्रा लोकगीतमा भेटिन्छन् ।

धादिङ जिल्ला प्राकृतिक रूपमा अत्यन्तै सुन्दर छ । यस जिल्लाको उत्तरमा दन्तलहर झैँ देखिने हिमालको मनमोहक दृश्यले जो कोहीलाई आकर्षित गर्न सक्छ भने यहाँ बग्ने नदी, खोला-नाला, झरना, डाँडा-काँडा, लेक-बेँसी, वनपाखा, भञ्ज्याङ्ग, चौतारी, देउरालीले यहाँका लोकस्रष्टालाई गीत सिर्जना गर्नतर्फ अभिप्रेरित गरिरहन्छ । यहाँका लोकगीतमा यिनै प्राकृतिक सम्पदाको चित्रण हुने गरेको पाइन्छ । जसको उदाहरण तल प्रस्तुत गरिएको छ :

*ढाकाटोपी लगाएको तिम्ले छनि राम्रो सुहाको*
*बोलाउँदानी सुनेनौकी क्याहो छनि खोला सुसाको*

*+ + + + +*

*नकराऊ न हे न्याउली चरी*
*तिमीभन्दा मै छु नि बैरागी*

*+ + + + +*

*छोरो रुँदै गोरखपुर रेलैमा*
*आमा रुँदै गाउँबेँसी मेलैमा*

*+ + + + +*

*पानी पर्‍यो घाम लाग्यो घमाइलो*
*मर्ने चोला गरौँ न रमाइलो*

*+ + + + +*

*अहिलेको वर्ष पानी नपर्नाले घ्याम्पैभित्र उम्रियो जौ*
*भात खायो दहीले खोजी राको मैले मेरो माया कता छौ*
*फूलको छायाँ सुन्यौ सानो माया मेरो माया कता छौ*

*+ + + + +*

*एकै र मुठी लै जिरीको साग नरम तेलमा झानन*
*पूर्वको रानी लै पश्चिमै जाने त्यो चाहिँ अर्थ जानन*

*+ + + + +*

*आकाशमा तीन तारे उदायो*

*घर जाने मूलबाटो हरायो*

*+ + + + +*

*मेरो माया भनन कस्तो*

*पूर्णिमाको रातको जुन जस्ता*

## ५.६ रस-भाव

रस शब्द संस्कृतको 'रस' धातुबाट निर्मित शब्द हो । जसको सरल अर्थ हुन्छः- त्यस्तो पदार्थ, भाव वा गुण जुन आस्वाद्य हुन्छ । अर्को शब्दमा भन्दा कुनै साहित्यको श्रवण वा अवलोकन
गर्दा विभावादिको संयोगबाट निष्पन्न हुने आनन्दात्मक चित्तवृत्ति नै रस हो ।[126] साहित्यमा रसको प्रयोग धेरै पहिलेदेखि भए पनि औपचारिक रूपमा भने भरतमुनिले आफ्नो कृतिमा उल्लेख गरेको पाइन्छ । रसले साहित्यलाई रसिलो बनाइदिन्छ । लोकगीत पनि साहित्यको एउटा पाटो हो । लोकगीतको श्रवणबाट विविध प्रकारको रसस्वादन गर्न सकिन्छ तर पनि अन्य रसको तुलनामा लोकगीतमा श्रृङ्गार रस र करुण रसको बाहुल्य बढी भेटिन्छ । धादिङ जिल्लाका लोकगीतमा श्रृङ्गार, करुण, हाँस्य र शान्तरस पाइन्छ । जसको उदाहरण तल प्रस्तुत गरिएको छः

### ५.६.१ श्रृङ्गार रस

श्रृङ्गार रसलाई संस्कृत आचार्यहरूले रसराजको रूपमा मानेका छन् । यस रसलाई प्रधानता दिई रचिएको साहित्यमा नारी पुरुषका बीच भौतिक-आध्यात्मिक वा शारीरिक-मानसिक प्रेमसम्बन्ध एवम् आकर्षण-विकर्षण, सहज-स्वभाविक वा नैसर्गिक कामेच्छाको प्राप्ति-अप्राप्ति आदिको अभिव्यक्ति पाइन्छ ।[127] संयोग श्रृङ्गार र वियोग श्रृङ्गार गरी श्रृङ्गार दुई प्रकारका हुन्छन् । संयोग श्रृङ्गारमा प्रेमी-प्रेमिका बीचको शारीरिक, आध्यात्मिक प्रेमसम्बन्ध, आपसी

[126] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, (ल.पु. साझा प्रकासन २०५८),पृ. ८९ ।
[127] पूर्ववत्, पृ.१०९ ।

प्रेमालाप, मिलन, आपसी आकर्षण तथा सम्पर्क, कामेच्छाको प्राप्ति आदिको चित्रण पाइन्छ भने वियोग श्रृङ्गारमा प्रेमी-प्रेमिका बीच वैयक्तिक, सामाजिक वा अन्य कुनै बाधा बन्देजका कारण प्रेमसम्बन्ध बीचमै पूर्णतः वियोग भएको स्थितिको वर्णन पाइन्छ । लोकगीतमा श्रृङ्गार रस विशेष गरी दोहोरी गीत, रत्यौली गीत, घाँसे गीत आदिमा बढी भेटिन्छ ।

उदाहरण :

**संभोग/संयोग श्रृङ्गार**

*आउन माया काखमा बसन*
*फूलको रस एकैछिन चाखम*
*+ + + + +*
*हेर माया बसन काखमा*
*यो कलिलो रसैको चाखमा*
*+ + + + +*
*चरी बस्यो बाँसको मुनामा*
*छिन्छ पोते नसमाऊ तुनामा*

**विप्रलम्भ/वियोग श्रृङ्गार**

*मनमा पीर परेको बेलामा*
*झर्छ खोला सकिन हेलिन*
*+ + + + +*
*मेरो माया काँ गयो होला*
*दिनमा आउने सूर्जेलाई था होला*
*+ + + + +*
*कालो चोली घर माइत गर्दालाई*
*काली गङ्गा विरह पर्दालाई*

## ५.६.२ करुण रस

करुण रसको अभिव्यञ्जना मूलतः इष्टवियोग र अनिष्ट संयोग हो । यसको स्थायी भाव शोक हो । आफन्तको जीवनको विभिन्न मनोदशाको चित्रण, नायक-नायिका र आफन्तको वियोग वा मरणबाट हुने शोकादिलाई अभिव्यक्त गर्दा करुण रसको उत्पत्ति हुन्छ ।[128] करुण रसयुक्त गीत सुन्दा आँखा रसाउँछ र मन पनि पग्लन्छ । यस्ता खालका गीत विशेष गरी यस जिल्लामा महिलाहरूले तीजमा, घरधन्दा गर्दा, मेलापात गर्दा, वनमा घाँसदाउरा गर्ने क्रममा गाउने गर्दछन् । जसको उदाहरण तल प्रस्तुत गरिएको छ :

*सातै वर्षमा विहा भयो, पच्चीस वर्षको पति*
*आठै वर्षमा छोडी गयो, आज मेरो यो गति*

\+ + + + +

*जेठ १९ गते शुक्रबारको रातिमा*
*राजपरिवार सबैको गोली छात्तिमा*
*राजाको दरबारमा के उल्का भयो नि*
*त्यही गोलीले सबैको प्राण गयो नि*

\+ + + + +

*हाल्यो सिँदूर छोडेर गइहाल्यो*
*आज मेरो बिचल्ली भइहाल्यो*

\+ + + + +

*मेरो माया कहाँ पुगी राको छ*
*खाको छ कि खाछैन भोको छ ।*

---

[128] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलेक,** पूर्ववत् ,पृ. ५४२ ।

## ५.६.३ हाँस्य रस

हाँस्य रसको आविर्भाव विकृत रूप, आकार, बाणी, वेशभूषा, चेष्टा आदि नाट्यमय क्रियाकलापद्वारा उत्पन्न हुन्छ । यसको स्थायी भाव हाँसो हो । हाँस्य रसयुक्त गीतले मानिसलाई पीडा भुलाउन मद्दत गर्दछ । हाँस्य रसयुक्त गीत सुनेपछि जो कोही नहाँसिरहन सक्दैनन् । नेपाली लोकगायकहरूले दुःख, पीडा, वेदनालाई मात्र नभई देशको सामाजिक व्यवस्था, राजनैतिक व्यवस्था, आर्थिक विषमता, विदेशी शक्तिहरूको अतिक्रमण र हस्तक्षेप, धार्मिक कर्मकाण्ड र पाखण्ड आदिप्रति हाँसो गर्दै छेडपेच गर्दै आएको पाइन्छ । धादिङ जिल्लामा यस्ता खाले गीत विहेबारी, रत्यौली नाच, गाईजात्रा आदिमा गाउने गरेको पाइन्छ । यहाँ गाइने हाँस्य रसयुक्त गीतमा अनौठा शब्द बोली र कर्कशापन झल्काउने भङ्गित बढी मात्रामा रहेको देखिन्छ भने त्यसका अतिरिक्त भद्दा, अश्लील र कामुक हाँस्य पनि भेटिन्छ ।

**उदाहरणः**

*बारीका डल्ला सय पाथी*
*दुलाहाकी दिदीले पोइ साटी*
*+ + + + +*
*नुने डोको पानी डोको खेप्न खेपाइदे*
*दुलाहाकी दिदीलाई भूँडी बोकाइदे*

*मुङ्ग्रे केरा ढल्न लाग्यो चोके लगाइदे*
*दुलाहाकी भाउजूलाई बोके लगाइदे*
*+ + + + +*
*खेतको मूल भुलभूल गर्ने कुलो त छ्वाङ्छ्वाङ्ती*
*बाउसेको टाउको मुसाले लग्यो मेलो त ह्वाङ्ह्वाङ्ती*
*+ + + + +*
*मियोकोटुप्पामा बसी हाल्यो कोइली*
*काम गर दयँरै हो*
*भरै खाल्यौ डडेको चोइली*

*+ + + + +*

*ठूलो छन् टपरी तीसवटै दुना भरी र पिर्का नयाँ*

*फेद ढाक्नी पहेँलो रुमाल त ससुरो छेक्नलाई धोती दिया*

*+ + + + +*

*गाई दुने छिरबिरे ठेकी भैंसी दुने गौ*

*ओढारमुनिको खस्रे भ्यागुतो त्यही हो तेरो बाउ*

### ५.६.४ शान्त रस

संसार एउटा रङ्गमञ्च हो । हामी त्यसका पात्र हौँ । सांसारिक जीवन क्षणिक छ । हाम्रो अगाडिको सबै चीजहरू क्षणभङ्गुर एवम् असार छन् भन्ने कुराको बोध भएपछि मानिसभित्र त्यागको भावना जागृत हुन्छ र शान्त रसको उत्पत्ति हुन्छ । शान्त रसको स्थायी भाव निर्वेद हो । यसमा दुःखमय संसारको ज्ञान अथवा परमात्माको स्वरूप आलम्बनको रूपमा आउँछ । आश्रम, तीर्थस्थल, साधुहरूको सरसङ्गत आदि उद्दीपन विभाव हुन्छन् । शान्त रसको उत्पत्ति मोक्ष र आध्यात्मिक भावनाबाट भएको हो । लोकगीतमा शान्त रसले ठूलो भूमिका खेलेको हुन्छ । शान्त रसयुक्त अभिव्यक्तिले तड्पिदो मन र चहरिँदो छात्तीलाई पनि सान्त्वना दिने गर्दछ । हाम्रा धार्मिक ग्रन्थमा श्रीमद्भागवत्, रामायण, कृष्णलीला आदिमा आधारित गीतिकथा, बालन, भजन एवम् धार्मिक श्लोक र गीतमा शान्त रसको अभिव्यक्ति पोख्दै सही बाटोमा हिँड्न सन्देश दिएको पाइन्छ । धादिङ जिल्लामा पनि शान्त रसयुक्त गीत निकै पाइन्छ । जसको उदाहरण तल प्रस्तुत गरिएको छ :

*यो जीवनमा तेरो मेरो केको भन्नु छ र*

*नाङ्गै आउँछौँ नाङ्गै जान्छौँ के पो लानु छ र*

*+ + + + +*

*बाचुञ्जेल कमला तेरो र मेरो*

*मरेपछि कमला ढुङ्गाको चौघेरो*

*+ + + + +*

*हरे राम हरे राम राम राम हरे राम*

*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे कृष्ण*

## ५.७ आलङ्कारिकता

अलङ्कार भाषाको कला हो । यसको व्युत्पादन संस्कृतमा अलम्+कृ+घञबाट भएको हो । अझ सोझो हिसाबमा हेर्दा अलम्+कार भएर अलङ्कारको निर्माण भएको हो जसको शाब्दिक अर्थ भूषित गर्ने वा शोभा बढाउने हुन्छ । अलङ्कारले काव्यलाई सिँगार्ने काम गर्दछ । लिखित साहित्यमा अलङ्कार प्रायोजित रूपमा आएको हुन्छ भने लोकसाहित्यमा स्वतः स्फूर्त रूपमा आएको हुन्छ । लोकगीत बौद्धिक व्यक्तित्वबाट सिर्जिएको नभई ग्रामीण भेगका सर्वसाधारणबाट निस्पन्न हुने हुँदा यसमा अलङकार बिम्बविधानका रूपमा स्वतः आएको हुन्छ । लोकगीतमा मनलाई मुग्ध पार्ने शक्ति हुन्छ । त्यही शक्ति नै यसको सौन्दर्य हो । अलङ्कार शब्दालङ्कार र अर्थालङ्कार गरी दुई प्रकारका हुन्छन् । धादिङ जिल्लाको लोकगीतमा यी दुवै खालका अलङ्कारको प्रयोग भएको पाइन्छ । जसको चर्चा तल प्रस्तुत गरिएको छ ।

### ५.७.१ शब्दालङ्कार

काव्यमा शब्दको विशेष प्रयोगद्वारा उत्पन्न हुने वैचित्र्य चमत्कार वा सौन्दर्य शोभालाई शब्दालङ्कार भनिन्छ ।[129]

#### ५.७.१.१ छेकानुप्रास

एक वा अनेक व्यञ्जनवर्णहरूको एक पटक आवृत्ति हुँदा उत्पन्न हुने अनुप्रास अलङ्कारलाई छेकानुप्रास अलङ्कार भनिन्छ ।[130]

**उदाहरणः**

*घाटमा बस्ने घटियारे दाजै*

*हामीलाई पारी तारिदेन है*

*तारेको जेलिया के पो दिन्छौ चेलिया*

*शिरमा लाउने शिरफूल दिउँला बरी लै*

---

[129] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली** पूर्ववत्, पृ. १२६ ।

[130] ऐजन, पृ. १२८ ।

यस गीतमा 'घाटमा' र 'घटियारे' मा 'घ' र 'ट' 'जेलिया' र 'चेलिया' मा 'ल' र 'य', त्यसैगरी 'शिरमा' र 'शिरफूल' मा 'श' र 'र' वर्णहरूको एकएक पटक आवृत्ति भएका छन् । त्यसैले यसलाई छेकानुप्रासको उदाहरण मान्न सकिन्छ ।

### ५.७.१.२ वृत्यानुप्रास

एक वा अनेक व्यञ्जन वर्णहरू एकभन्दा बढी पटक आवृत्ति हुँदा उत्पन्न हुने अलङ्कारलाई वृत्यानुप्रास अलङ्कार भनिन्छ ।[131]

**उदाहरणः**

*तिमी रुँदै म रुँदै रुँदै*

*कैले रुँदै कैले मन बुझउँदै*

\+ \+ \+ \+ \+

*तिमी काँको म काँको काँको*

*धादिङमा आएर भेट भाको*

माथिको गीतमा 'र', 'द' र 'क' वर्णहरू अनेक पटक आवृत्ति भएको हुँदा यसलाई वृत्यानुप्रास अलङ्कार मान्न सकिन्छ ।

### ५.७.१.३ अन्त्यानुप्रास

प्रत्येक पाउको अन्तिम वर्णहरूको बीचको समानताका कारण प्रकट हुने अनुप्रासलाई अन्त्यानुप्रास अलङ्कार भनिन्छ ।[132] प्रायः जसो सबै लोकगीतमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग पाइन्छ ।

**उदाहरणः**

*सर्प त हिँड्ने पैरोमा*

*हाम्रो आहाले गैरोमा*

*गुम्दी त हाम्रो गाउँ ठूलो*

*खानु त के छ नाउँ ठूलो*

[131] ऐजन, पृ. १३० ।
[132] ऐजन, पृ. १३३ ।

*+ + + + +*

*कति गरुँ घर धन्दा पधैँरो*

*सम्झी ल्याउँदा मन हुन्छ अँध्यारो*

माथिका यी गीतहरूको अन्त्यमा 'म', 'ल' र 'र' समान वर्णहरूको प्रयोग भएको छ अर्थात् अन्त्यमा अनुप्रास मिल्न गइ गीत लयात्मक बन्न पुगेको छ।

## ५.७.२ अर्थालङ्कार

शब्दको विशेष प्रयोगमाथि नभएर अर्थमाथि आश्रित हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ।[133]

## ५.७.२.१ उपमा अलङ्कार

समान धर्मका दुई भिन्न वस्तुहरूबीच सादृश्य जनाउँदा वा तुलना गर्दा प्रकट हुने अर्थालङ्कारलाई उपमा अलङ्कार भनिन्छ।[134]

**उदाहरणः**

*बगैँचाभरि फल र फूल छेउछाउमा बरेला*

*आँखा छन् तिम्रा जूनकीरीजस्ता झिम्क्याउने परेला*

माथिको गीतमा आँखासँग जूनकीरीको तुलना गरिएकोले यसमा उपमा अलङ्कार पाइन्छ ।

## ५.७.२.२ रूपक अलङ्कार

सादृश्य वाचक शब्दको प्रयोग नगरी उपमान र उपमेयका बीच समानता वा अभेद सम्बन्ध देखाउँदा उत्पन्न हुने अलङ्कारलाई रूपक अलङ्कार भनिन्छ।[135]

**उदाहरणः**

*ए कान्छी यो वनमा छैन की चरी*

*निस्क चरी आइराछु शिकारी*

---

[133] ऐजन, पृ. १२६।
[134] ऐजन, पृ. १३८।
[135] ऐजन, पृ. १४३।

*\+ \+ \+ \+ \+*

*ए कान्छी छैन होला यो वनमा चरी*

*चरी भए कराउथ्यो बेस्सरी*

यस गीतमा एउटा वनमा उड्ने चरालाई नारी र वनलाई एउटा गाउँको रूपमा उल्लेख गरेकोले यसमा रूपक अलङ्कार पाइन्छ ।

## ५.७.२.३ दृष्टान्त अलङ्कार

पहिलो वाक्य या पङ्क्तिको मूल कथनको पुस्ट्याइँस्वरूप कुनै उदाहरणका रूपमा दोस्रो वाक्य या पङ्क्ति रहँदा दुईका बीच जुन बिम्ब-प्रतिबिम्बको सम्बन्ध झल्कन्छ । त्यसका कारण उत्पन्न हुने अलङ्कार नै दृष्टान्त अलङ्कार हो ।[136]

**उदाहरणः**

*चेलीको हारेको जुनी*

*पराइ घर नगइ नहुनी*

*\+ \+ \+ \+ \+*

*मेरो माया आउछ कि भनेर*

*भिरका बाटो सम्मै छ खनेर*

माथिका यी गीतमा एउटा पङ्क्तिको मूल कथनलाई दोस्रो पङ्क्तिले पुष्टि गर्ने काम गरेको छ ।

## ५.७.२.४ स्वभावोक्ति अलङ्कार

कुनै पनि वस्तु, व्यक्ति, दृश्य आदिको चित्र जस्ताको तस्तै उतारेझैँ गरी वर्णन गरिएमा त्यो स्वभावोक्ति अलङ्कार हुन्छ ।[137]

**उदाहरणः**

*२०५८ साल जेठ १९ गते रातिमा*

---

[136] ऐजन, पृ. १४५ ।

[137] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, पूर्ववत्, पृ. ५३७ ।

*राजपरिवार सबैको गाली छातीमा*

*राजाको दरबारमा के उल्का भयो नि*

*त्यही गोलीले सबैको प्राण गयो नि*

यस गीतमा २०५८ साल जेठ १९ गते शुक्रबारका दिनमा राजा वीरेन्द्रको सब परिवारको रहस्यमय हत्याको सजीव र स्वभाविक रूपमा वर्णन गरिएको हुँदा यसमा स्वभावोक्ति अलङ्कार पाइन्छ ।

## ५.७.२.५ अतिशयोक्ति

अभिव्यक्तिलाई प्रभावपूर्ण बनाउनका निम्ति कुनै विषयलाई अतिरञ्जित रूपले अर्थात् बढाइ-चढाइ वर्णन गर्नु अतिशयोक्ति अलङ्कार हो ।[138] यसमा स्वभाविक कुरालाई अस्वभाविक रूपमा प्रस्तुत गरिएको हुन्छ ।

**उदाहरणः**

*जीवनमा के भयो यसपाली*

*आँखा भेरी मन भयो कर्णाली*

\+ + + + +

*मेरो माया परदेशमा हुँदा*

*डाँडाकाँडा रसायो म रुँदा*

माथिको पहिलो गीतमा जीवनमा दुःख पर्दा आँखा आँशुले भेरी र मन कर्णाली बनेको कुराको अभिव्यक्ति पाइन्छ भने दोस्रो गीतमा मायालु परदेशमा जाँदा प्रेमिका रोएर उसको आँशुले डाँडाकाँडा रसाएको अभिव्यक्ति दिएको छ । यी गीतहरूमा पहिलो अभिव्यक्तिलाई प्रभावपूर्ण बनाउनका निम्ति दोस्रो अभिव्यक्तिमा अतिरञ्जित ढङ्गबाट बढाइ-चढाइ गरेको कारण यिनीहरूमा अतिशयोक्ति अलङ्कार पाइन्छ ।

[138] ऐजन ।

# छैटौं परिच्छेद

## ६. उपसंहार

प्रसिद्ध गणेश हिमालको काखमा रहेको धादिङ जिल्ला मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने वाग्मती अञ्चलका आठ जिल्लामध्ये एक हो । नेपालको कूल क्षेत्रफलको १९२४.९ वर्ग कि. मि. ओगटेको यस जिल्लाको पूर्वमा काठमाडौं, नुवाकोट र रसुवा जिल्ला, पश्चिममा गोरखा र उत्तरमा तिब्बत स्वशासित क्षेत्र चीन रहेको छ । राजधानीको निकट रहेर पन दुर्गम जिल्लाको रूपमा चिनिने यस जिल्लामा ५० गा. वि. स. छन् । प्राकृतिक दृष्टिले अति मनोरम मानिने यस जिल्लाको सौन्दर्य यहाँ अवस्थित गङ्गा-जमुना झरना, झार्लाङको तातोपानी मूल, गुप्तृश्वरी गुफा, चमेरे गुफा, विन्दुकेशर, ढोलामण्डली माई, सल्यानकोटकी त्रिपुरासुन्दरीमाई जस्ता धार्मिक स्थलहरू ज्वालामुखी, सोलीघोप्टे (धुषा) क्षेत्रबाट देखिने हिमालका दृश्यहरू, सल्यानटार, विशालटार जस्ता फाँटहरूले झन् बढी बढाएको छ ।

भौगोलिक रूपमा फाँट, टार, लेक, बेँसी र डाँडाकाँडाहरू भएको यस जिल्लामा बाहुन, क्षेत्री, ठकुरी, गुरुङ, मगर, नेवार, कुमाल, दमाई, कामी, सार्की, तामाङ आदि जातिहरू बसोबास गर्दछन् । यिनै विविध जातजातिका सामाजिक संस्कार, मेलापात, वनपाखा, पर्वउत्सव र घरआँगनमा फूर्सदका समयमा गाउने लोकअभिव्यक्ति यहाँका लोकगीत हुन् ।यहाँका लोकगायक-गायिकाहरूले गोकगीतका माध्यमबाट जिल्लाको आर्थिक, सामाजिक, राजनैतिक सांस्कृतिक आदि विविध पक्षलाई लोकलयमा उतारेका छन् । यहाँका गीतले स्थानीयताको परिचय दिनाका साथै लोकजीवनका आँशु-हाँसो, पीर-मर्का, विरह-वेदना आदिलाई विषयवस्तु बनाएको छ ।

यसका अतिरिक्त यहाँका लोकगीतमा विविध रस र अलङ्कारको प्रयोग पनि भएको पाइन्छ । तर यी रस र अलङ्कारहरू प्रायोजित रूपमा नभइ स्वभाविक रूपमा आएको देखिन्छ । विशेषगरी करुण र श्रृङ्गार रसको आधिक्य प्रयोग पाइने यहाँका लोकगीतमा केही शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग पनि भेटिन्छ । उमेर अनुसारको लोकगीत भेटिने यस जिल्लामा युवा-युवतीबीच दोहोरी गीत बढी लोकप्रिय भएको देखिन्छ भने बालकहरूमा

बालगीत, महिलाहरूमा वनपाखा गर्दा, मेलापात गर्दा बढी मात्रामा गाइने झ्याउरे गीत र वृद्धाहरूमा मनलाई शान्त पार्ने खालका भजनहरू बढी लोकप्रिय छन् । यसका अलावा यहाँ केही जातिगत गीत पनि छन् । घाटु, सोरठीका गीत मगर र कुमाल जातिले मात्र गाउने गर्दछन् भने तामाङसेलो तामाङ जातिले गाउने गर्दछन् । त्यसैगरी खाँडो गीत क्षेत्री जातिका विवाहमा मात्र गाउने गर्दछन् । त्यसबाहेकका दोहोरी, झ्याउरे, तीजेगीत, देउसी, भैलो, रत्यौली, भजन आदि भने सबै जातजातिले समान रूपमा गाउने गरेको पाइन्छ ।

यहाँका लोकगीतले जातीय विविधता, तिनका मूल्य-मान्यता र स्थानीय विशेषतासहित लोकजीवनका विविध पक्षलाई समेटेको छ । माथिका यी कुराहरूलाई हेर्दा यहाँका लोकगीतले धादिङ जिल्लाका ग्रामीण भेगका जनजीवनको मात्र प्रतिनिधित्व नगरी देशभरिकै प्रतिनिधित्व गरेझैँ भान हुन्छ । नेपाल र नेपालीको शुद्ध पहिचान गराउने हाम्रा लोकगीतहरू सहरी क्षेत्रमा भित्रिएको बढ्दो आधुनिकीकरण र ग्रामीण भेगमा फैलदै गएको यसको प्रभावले लोकगीत र लोकगीत गाउने गायकहरू पनि लोप हुँदै गएको देखिन्छ । समयमै विचार नपुऱ्याउने हो भने हाम्रा लोकगीतहरूको नाम निसानै नमेटिएला भन्न सकिन्न ।

# सन्दर्भसूचि


आचार्य, बाबुराम **पुरानो कवि र कविता,** काठमाडौंः साझा प्रकाशन, २०३४

आर.डि. र एल. एल. **नेपालका विभिन्न जाति र लोकगीत एक परिचय,** ललितपुरः जगदम्बा प्रकाशन, २०२३

उपाध्याय, कृष्ण **लोकसाहित्यकी भूमिका,** छैटौं.सं. इलाहावादः साहित्य भवन प्रा.लि. १९८० इ.

उपाध्याय कडेँल, घनश्याम **केही अन्वेषण केही विश्लेषण,** काठमाडौंः भीमसेन थापा, २०४०

कन्दङ्वा, काजिमान **नेपाली जनसाहित्य,** काठमाडौंः रायल नेपाल एकेडेमी, २०२२

के.सी., टङ्क **हाम्रो लोकसङ्गीत र संस्कृति,** काठमाडौंः स्वयम्, २०४८

जोशी, सत्यमोहन **हाम्रो लोकसंस्कृति** काठमाडौंः रत्न पुस्तक भण्डार, २०१४

त्रिपाठी, वासुदेव **सिंहावलोकन,** ललितपुर. साझाप्रकाशन, २०२७

थापा, धर्मराज **गण्डकीका सुसेली,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान् २०३०

थापा, धर्मराज र हंसपुरे सुवेदी **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौंः पाठ्यक्रम विकाश केन्द्र त्रि. वि.,२०४१

थापा, शमशेरबहादुर **भैली,** नेपाली पू. अं-९, मदन पुरस्कार गुठी ललितपुर, २०१८

देवकोटा, लक्ष्मीप्रसाद **पहाडी सङ्गीतको भूमिका,** काठमाडौंः रत्न पुस्तक भण्डार,

पन्त, कालिभक्त **हाम्रो सांस्कृतिक इतिहास,** दो. सं. स्याङ्जाः लेखक स्वयम्, २०४३

पन्त, देवकान्त (सम्पा). **डोटेली लोकसाहित्य एक अध्ययन,** काठमाडौंः नेपाल र एसियाली अध्ययन संस्थान, २०३२

पराजुली, कृष्णप्रसाद **नेपाली लोकगीतको अलोक,** काठमाडौंः वीणा प्रकाशन प्रा. लि., २०५७

पारीक, सूर्यकरण **राजस्थानी लोकगीत,** प्रयागः  हिन्दी साहित्य सम्मेलन १९९३ इ.

पोखरेल, बालकृष्ण **पाँचसय वर्ष,** ललितपुर, जगदम्बा प्रकाशन, २०२०

पोखरेल, बालकृष्ण (सम्पा). **दिव्योपदेश पाँच सय वर्ष** (द्वि.स.) साझा प्रकाशन २०४३

पोखरेल, बालकृष्ण र अन्य (सम्पा). **नेपाली बृहत शब्दकोश,** काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०

बन्धु, चूडामणि **नेपाली लोकसाहित्य,** थापाथलि काठमाडौंः एकताबुक्स डिस्ट्रिव्यटर्स प्रा.लि.,२०५८

बराल, ईश्वर र अन्य (सम्पा). **नेपाली साहित्यकोश,** काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५५

रोहतमी, सरोजनी **अवधिका लोकसाहित्य,** दिल्ली नेशनल पब्लिसिङ्ग हाउस, १९७१

लोहनी, लक्ष्मण **रोदीघर** काठमाडौंः रत्न पुस्तक भण्डार, २०२२

वर्मा, धीरेन्द्र **हिन्दी साहित्यकोश भाग १,** दो. सं. वाराणासीः ज्ञानमण्डल लिमिटेड, २०२०

शाह, सुवि **नेपाली लोकगीतको झलका**, साझा प्रकाशन, २०६२

श्रेष्ठ, दयाराम **प्रारम्भिक कालको नेपाली साहित्य इतिहास र परम्परा**, काठमाडौंः त्रि. वि. पाठ्यक्रम विकाश केन्द्र, २०३८

श्रेष्ठ, ईश्वरकुमार, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता, वाद र प्रणाली,** ते.सं. ललितपुरः साझा प्रकाशन, २०५८

डा. सत्यन्द्र **लोकसाहित्य विज्ञान** दो. सं. आगराः शिवलाल अग्रवाल एण्ड कम्पनि, १९७१

सापकोटा, महानन्द **नेपाली निर्वचनको रुपरेखा,** दो. सं. विराटनगरः हिमाली प्रकाशन प्रा.लि. २०२८

# सन्दर्भ पत्र पत्रिका र प्रोफाइलहरु


आचार्य, बाबुराम **नेपाली जनगीतको विषयमा**, प्रगति वर्ष १ अङ्क ४

खत्री, टेकबहादुर **लोकसाहित्य सांस्कृतिक आधार नेपाल,** लोकसंस्कृति संगोष्ठी, २०३१ माघ- फागुन- चैत्र

जोशी, सत्यमोहन **लोकगीतको झल्का**, प्रगति वर्ष ३ अङ्क २ पूणाङ्क १४

**धादिङ जिल्लाको वस्तुगत विवरण,** जिल्ला विकास समिति धादिङ २०५८ श्रावण

**नेपाल डिष्ट्रिक प्रोफइल**, नेशनल रिसर्च एसोसियट्स, सन् १९८२

पराजुली, कृष्णप्रसाद **लोकसाहित्य परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार**, कुञ्जिनी, वर्ष ५ अङ्क ३ , २०५४

**प्राचिन नेपाल ३०-३९**, काठमाडौंः पुरातत्व विभाग, १९८२

बन्धु, चूडामणि **नेपाली लोकगतिमा सामाजिक प्रतिबिम्व**, श्रीनगर २\११

शाह, पृथ्वीनारायण **दिव्योपदेश**, काठमाडौंः श्री ५ को सरकार शिक्षा मन्त्रालय, पुरातत्व विभाग

सम, बालकृष्ण **एक नेपाली कवि**, डाँफेचरी, २०1० रुख १ फूल २

**साधना (मासिक)** अङ्क ६, काठमाडौंः कामना प्रकाशन, २०४९

सिंखडा, जीवेन्द्र **चिनारी वर्ष ३ अङ्क १**, काठमाडौंः धादिङ मिलन केन्द्र, २०४६

सुवेदी, हंसपुरे **हाम्रा लोकगीतको झ्यालबाट चियाएर हेर्दा,** गोरखापत्र शनिवार परिष्टािङ्कः ग

# परिशिष्ट भाग

## १. विविध लोकगतिको सङ्कलन

१) सोरठी गीत

*जीवनबहादुर थापामगर*

*सल्यानकोट, मूलपानी-२*

पावै पावै जमुना त हातै लेऊ मारी मदुस [२]
सुनैको मदुसमा बालिका हाली जलै जमुनामा बगाइ देऊ [२]
ह.............................................

घोडै घोडा जमुना त हातै लेऊ मारी मदुस [२]
सुनैको मदुसमा बालिका हाली जलै जमुनामा बगाइ देऊ [२]
ह.............................................

कम्मर कम्मर जमुना त हातै लेऊ मारी मदुस [२]
सुनैको मदुसमा बालिका हाली जलै जमुनामा बगाइ देऊ [२]
ह.............................................

कुमै कुमै जमुना त हातै लेऊ मारी मदुस [२]
सुनैको मदुसमा बालिका हाली जलै जमुनामा बगाइ देऊ [२]
ह.............................................

शिरै शिरै जमुना त हातै लेऊ मदुस [२]
सुनैको मदुसमा बालिका हाली जलै जमुनामा बगाइ देऊ [२]
ह.............................................

## २) तीजको गीत

*कविता शाह, मैदी-२*

वर्ष दिनको तीजमा आए माइती लिनलाई
विदा दिनुस् सासू ज्यू दुई दिनलाई

भरे छोरा आएर मलाई गाली गर्छ की
पञ्चमीको भोलिपल्ट आउनु पर्छ नी

त्यो ठाडी उकाली छैन कतै बिसाउनी
एकदिन ढिलो भयो भने सासू रिसाउने

धेरै वर्ष भइसक्यो तीजमा माइत नगाको
यसपाली त भाइ आयो माइत जानी हो

३) असारे गीत

*कोपीला काप्री, ढोला-१*

गैरी खेतको रोपाइँ रोपाइँ गर्ने तपाईं मुहानबाट सायर
हजुरलाई भनि भेट्न आको म त कता गयौ भागेर

सीमसीम पानी असारको मैना गरौं रोपाई रमाउँदै
छुपु छुपु रोपन हो रोप हातमा बिउ समाउदै

गीत भन्दै आइपुग्यौ  हामी लौ है कम्मर कसेर
भनन भन भन गीत भन त्यही आलीमा बसेर

असारको बेला हिलो खेल्दै आयौं लौ है कम्मर कसेर
खेलन खेल हिलो खेल साथी त्यही गरामा बसेर

हिलो खेल्न आएँ म त आए साहिँला दाइलाई सम्भ्रेर
हिलो खेल्न आउन साहिँला आउन किन जान्छौ गम्केर

ढाका टोपी लाएको तिम्ले छ नि राम्रो सुहाको
बोलाउँदानी सुनेनौकी क्याहो छ नि खोला सुसाको

असार साउन खेत रोपाइँ गर्दै दही चिउरा खाउँला नि
गीत भन्दै भन्दै रमाइलो गर्दै म नि त्यता आउँला नि

४) **घाँसे गीत**

*धर्मवीर घले, तसर्पु*

इन्द्रमाया पृथ्वीनारायण शाहैले
सन्ताउन्ने टुक्रा राज्यलाई सिङ्गो राज्य बनायो
दुई हजार सात सालमा  गयो राणा शासन
तामाको ताउले त्रिभुवन हजुर बाउले
ल्याउनु भयो भूमी सुधारै
दुई हजार सात सालदेखि दुई हजार उनन्तीस सालसम्म
भयो काँग्रेस शासन
दुई हजार त्तेतीस साल हुँदा गुल्ट्यो त्यो त काँग्रेस त
आयो पञ्चायत व्यवस्ता व्यवस्तै
दुई हजार छयालीस सालमा पञ्चायत लडाउन नेताहरुले जोड गरे
आयो बहुदल व्यवस्ता व्यवस्तै

५) दोहोरी गीत

*रामजी कुमाल र सानुकान्छी कुमाल, साङकोष-२*

केटाः हे डुल्दै आयौँ चतुर्थी मेलामा
माया लगाऔँ भेट भाको बेलामा
वरपीपलको बोट भेट गर्न आउनु है मायालु धादिङ समीवोट

केटीः हे मेला भर्न भनेर आउँदा
छक्कै परे मायाले बोलाउँदा
वरपीपलको बोट भेट गर्न आउनु है मायालु धादिङ समीवोट

केटाः हे भन्नुस हजुर काँदेखि आउँनु भो
नौलो गाउँमा के कुरा पाउँनु भो
वरपीपलको बोट भेट गर्न आउनु है मायालु धादिङ समीवोट

केटीः शहरदेखि आइपुगे म त
पाइन मेसो कुन ठाउँमा आइयो त
वरपीपलको बोट भेट गर्न आउनु है मायालु धादिङ समीवोट

केटोः हे वारि साङकोष पारी त धादिङ गाउँ
खोल्चा खाल्ची यही हो नि मेरो गाउँ
वरपीपलको बोट भेट गर्न आउनु है मायालु धादिङ समीवोट

केटीः हे राम्रो रैछ सवकुरा गाउँघरमा
चर्चा गर्छु गएर शहरमा
वरपीपलको बोट भेट गर्न आउनु है मायालु धादिङ समीवोट

६) घाटुको चुड्का

*लोकबहादुर रानामगर, सल्यानकोट-१*

क) फूलुवा र फूलिगयो आँखै सारे फूल
फूलुवा र फूलिगयो घाटु सारे फूल
फूलुवा र फूलिगयो चुवा सारे फूल
फूलुवा र फूलिगयो बेली-चमेली फूल

ख) कन्टासिरी

हो कन्टासिरी सिरै लाउने शिरफूल
हो गयो बैगले नाच
हो कन्टासिरी सिरै लाउने सिन्दुर
हो गयो बैगले नाच
हो कन्टासिरी आखाँ सुवाए गाजलु
हो गयो बैगले नाच
हो कन्टासिरी नाखै सुवाए बेसारे
हो गयो बैगले नाच
हो कन्टासिरी दन्तै सुवाए बिरीया
हो गयो बैगले नाच
हो कन्टासिरी कानै सुवाए कुण्डलु
हो गयो बैगले नाच
हो कन्टासिरी गलै सुवाए पुवालो
हो गयो बैगले नाच
हो कन्टासिरी छात्ति सुवाए जन्तरु
हो गयो बैगले नाच
हो कन्टासिरी कुमै सुवाए चोलिया
हो गयो बैगले नाच
हो कन्टासिरी आङ्गै सुवाए पछ्यौरी

हो गयो बैगले नाच

हो कन्टासिरी हातै सुवाए बडरु

हो गयो बैगले नाच

हो कन्टासिरी कम्मरै सुवाए पटुकी

हो गयो बैगले नाच

हो कन्टासिरी जाङ्गै सुवाए लङ्गा

हो गयो बैगले नाच

हो कन्टासिरी पावै सुवाए पैजडु

हो गयो बैगले नाच

७) हरियाली भजन

*भूमिरमण नेपाल, बसाह*

नाङ्गाभाका डाँडाँ पाखा नराखेर खालि, हो....
वृक्षारोपण गर्नुपर्छ हजुर हामी मिली
पारीपाखा डडेलो छ वारीपाखा पहिरो
वनजङ्गलको विनाशले सवको हुन्न भलो

कुनै ठाउँमा डडेलो कुनै ठाउँमा पहिरो
कोदालो पनि त्यही, वन्चरो पनि त्यही
सुकुम्वासी पनि त्यही नेपाल आमाको
अङ्ग चिरा चिरा नारायण ! हरि हरि [२]

उत्तम अति वनस्पति (जोगाऔं मिलेर)[२]
राम, राम, राम, राम, जोगाऔं मिलेर

# २. तस्वीरसूची

फोटो नं १. दुलाहाको घरमा पुरुषको भेषमा जोगी बनेर रत्यौली गीतमा नाच्दै गरेको महिला

फोटो नं २. तीजको अघिल्लो दिनमा (दरखाने दिन ) तीजको गीत गाउँदै र नाच्दै गरेका महिलाहरुको समूह



फोटो नं ३. गायिका शुसिला घिमिरेसँग तीज, रत्यौली आदी गीत रेकर्ड गर्दै शोधकर्ता



फोटो नं ४. गायक डिलबहादुर अमात्यसँग चाचरी गीत रेकर्ड गर्दै शोधकर्ता




फोटो नं ५. धादिङ महोत्सव २०६४ को अवसरमा घाटुगीतमा नाच्दै गरेका सोह्रघरका




घाटुसारेहरु . धादिङ महोत्सव २०६४ को अवसरमा सोरठी गीत गाउँदै र नाच्दै गरेका साङ्कोष गा. वि. स. का गुरुबा, गर्रा र मारुनी



फोटो नं ७. गायिका देवी ढुङ्गनासँग असारे गीत रेकर्ड गर्दै शोधकर्ता



फोटो नं ८. नीलकण्ठ सहकारीका महिलाहरुसँग असारे, साउने आदी गीत रेकर्ड गर्दै शोधकर्ता



फोटो नं ९. गायिका लक्ष्मी शाहसँग २०५० सालको राष्ट्रिय लोकगीत प्रतियोगीतामा प्रथम भएको गीत रेकर्ड गर्दै शोधकर्ता



फोटो नं १०. वनसंरक्षणको सन्देश दिदै भजन गाउँदै बसाहाको हरियाली भजन समूह [फोटो सौजन्य: भूमिरमण नेपाल]